साउन ११, २०६३

# समय

राष्ट्रिय साप्ताहिक




## दूरसञ्चारको फैलिँदो संसार

# नागरिकता कसरी बाँडिएला ?



संविधानसभाको निर्वाचन चाँडोभन्दा चाँडो गर्न वातावरण तयार भइरहेका बेला तराईका नेपालीहरूको नागरिकता समस्याले ठूलो मुद्दाको रूप लिने सम्भावना देखिएको छ

राजेश घिमिरे

वर्ष ३, अंक ११६, साउन ५–११, २०६३

**आवरण :** संविधानसभाको सबैभन्दा ठूलो बाधक नागरिकता प्रमाणपत्रको समस्या हो। नागरिकता समस्या समाधान गर्न सबैजसो राजनीतिक दलहरूले आ–आफ्नो प्रतिबद्धता देखाएका भए पनि समाधानको बाटो कसैलाई पनि स्पष्ट छैन। के नागरिकताको समस्या समाधान नभई संविधानसभाको निर्वाचन होला ? २४




आवरण : तराईका नेपालीहरू

*तस्वीरः राजेश घिमिरे*

## स्वास्थ्य

एम्बुलेन्सले एम्बुलेन्सको जस्तो सेवा दिन सकेका छैनन्। ट्याक्सीजस्तो मात्र भएका छन् ती १६

## शिक्षा

राजधानीका सरकारी विद्यालयहरूले निजी विद्यालयहरूलाई चुनौती दिएका छन् २०

## अन्तर्वार्ता

सरकारी वार्ताटोलीका सदस्य तथा मन्त्री प्रदीप ज्ञवाली भन्छन्– संसद्को विकल्प खोज्न अहिले वार्ताटोली लागिपरेको छ ३०

## रिपोर्ट

अधमरो भएको छ, दानसिङ गाउँ २२

संयुक्त राष्ट्रसंघलाई पठाएको चिठीमा के छ ? ३५

सिंहदरबार घेर्न आएका पूर्व कमैया समातिए ३६

मधिसे माओवादी र जनतान्त्रिकको झगडा ३२



तेजबहादुर बस्नेत

**समय विशेषः** मुलुकले सूचना प्रविधिको क्षेत्रमा ठूलै फड्को मारेको छ। तर, नीतिगत अवस्थामा सुधार ल्याउने हो भने यो क्षेत्रमा अझै धेरै परिवर्तन गर्न सकिन्छ ३७

सम्पादकीय ........ ५
डाँक ........ ८
समय र नारी ........ ९
दर्शन ........ १०
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

# राष्ट्रसंघलाई 'हचुवा' आमन्त्रण

## सम्पादकीय

**सत्ता समर्थक सात** दल र माओवादीबीच भएको आठबुँदे सहमति पश्चात प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संयुक्त राष्ट्रसंघका महासचिवलाई नेपालको सशस्त्र द्वन्द्व व्यवस्थापनको विविध पक्षमा राष्ट्रसंघीय भूमिकाका लागि औपचारिक रूपमा आमन्त्रित गरेका छन् । द्वन्द्व व्यवस्थापन प्रक्रियाका पाँच विभिन्न अभिभारामा प्रत्यक्ष र सहायक भूमिका खेल्न बोलाइए पनि सम्भवतः राष्ट्रसंघले नेपाल सरकारसँग यी बुँदाका साथै आफ्नो समग्र भूमिकाबारे थप स्पष्टीकरण माग्ने निश्चित देखिन्छ ।

प्रधानमन्त्रीको पत्रमा प्रस्तावित संविधानसभाको निर्वाचन यसै वर्षको चैत्र मसान्तसम्म गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । उक्त निर्वाचनको समयसीमा घोषणा पहिलो पल्ट गरिएको छ ।

तर अहिले र संविधानसभा निर्वाचनबीचको अवधिमा सरकारी र माओवादी वार्ताटोलीबीच अनेकौं प्रतिबद्धता र सहमतिले सिद्धान्त र व्यवहारमा औपचारिकता हासिल त गर्नु नै पर्ने हुन्छ, त्यसका साथै राष्ट्रसंघले उसलाई दिइएका जिम्मेवारी पूरा गर्न यो समयावधिलाई पर्याप्त नठानेमा सम्भवतः निर्वाचनका लागि निर्धारित म्यादले खासै अर्थ राख्नेछैन ।

ढिलो गरी पठाइएको पत्रमा पनि अनेकौं असंगति तथा अस्पष्टता देखिएका छन् । युद्धविराम सम्झौता नै नभएको अवस्थामा आचारसंहिता पालनाको उपयुक्त अनुगमन हुन सक्तैन । अनुगमनमा सहयोग पुऱ्याउन राष्ट्रसंघीय भूमिका खोजिएको छ । कसलाई सहयोग गर्ने राष्ट्रसंघले ? पत्र अस्पष्ट छ । त्यस्तै युद्धविराम र वार्ता प्रक्रिया अनुगमनकै भविष्य पनि स्पष्ट छैन ।



न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको भवन

एजेन्सी

अहिले सत्ताका केही दलहरु र माओवादीबीच प्रतिनिधिसभा विघटन हुने या नहुने तथा माओवादी छापामार गतिविधिको समापन र निरस्त्रीकरण प्रक्रिया कसरी अगाडि बढाउने भन्नेबारे चर्को बहस र मतान्तर देखिएको छ । पत्रमा राष्ट्रसंघलाई छापामार गतिविधि नियन्त्रित (डिमोबिलाइजेसन) र निरस्त्रीकरण (डिकमिसनिङ)का लागि र नेपाली सेना निर्वाचनमा कसैको पक्ष र विपक्षमा नलागोस् भनी सुनिश्चित गर्न उसलाई ब्यारेकभित्र सीमित राख्ने अभिभारा लिन र निर्वाचन पर्यवेक्षण गर्न राष्ट्रलाई आग्रह गरिएको छ । यसका साथै युद्धविराम र वार्ता अवधिमा मानवअधिकार स्थितिको निगरानीको जिम्मा लिइ दिन काठमाडौंस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायोगलाई अनुरोध गरिएको छ ।

तर समग्र प्रकरणमा हतियार व्यवस्थापन र माओवादीको अतरिम सरकारमा सहभागिता एक-अर्कासँग जोडिएका छन् र त्यो नभएसम्म संविधानसभाको निर्वाचन हुन नसक्ने तथ्यलाई सरकारले गम्भीरताका साथ लिएको देखिँदैन । यसले वार्ता प्रक्रियालाई समन्वयात्मक रूपमा अगाडि बढाउन र राष्ट्रसंघ जस्तो महत्त्वपूर्ण संस्थालाई विशेष जिम्मेवारीका साथ मुलुकमा बोलाउने काममा समेत हचुवा शैली अपनाइएको स्पष्ट छ । राष्ट्रसंघ टोली प्रारम्भिक लेखाजोखामा आउँदा सरकारले थप स्पष्टता र बढी जिम्मेवारीपूर्ण हैसियतका साथ आफूलाई राष्ट्रसंघसमक्ष प्रस्तुत गर्नु आवश्यक देखिन्छ । तर, त्यसक्रममा मुलुकभित्र राष्ट्रसंघलाई दिइने जिम्मेवारीबारे सहमति बन्नु आवश्यक हुन्छ । ■


समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१




## समय साता

### असार २९ गते

- भारतको मुम्बईमा श्रृङ्खलाबद्ध बम विस्फोटन भएलगत्तै नेपाल प्रहरीद्वारा काठमाडौंमा चारजना विदेशी नागरिक पक्राउ, सीमाक्षेत्रमा कडा निगरानी।
- सरकार-माओवादी वार्ताटोलीका सदस्य देव गुरुङद्वारा संयुक्त राष्ट्रसंघले हतियारका मामिलामा सुपरीवेक्षण नभएर अनुगमन मात्र गर्ने स्पष्ट।
- इजरायली युद्धक विमानद्वारा लेवनानमा भीषण आक्रमण, १० बालबालिकासहित २७ को मृत्यु।

### असार ३० गते

- कांग्रेस, एमाले र माओवादीको अनौपचारिक वार्ता गोदावरीमा सम्पन्न, अन्तरिम संविधानवाट प्रतिनिधिसभा भंग गरिने सहमति।
- शाही सरकारका मन्त्री कमल थापाद्वारा उच्चस्तरीय जाँचबुझ आयोगसमक्ष वयान, दमनको नैतिक जिम्मेवारी तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजाले समेत लिनुपर्ने जिकिर।

### असार ३१ गते

- भारतको पटनास्थित बक्सर जेलमा रहेका माओवादीको उपचारतिर जेल प्रशासनले कुनै ध्यान नदिएको र मृत्युपछि गुपचुप रूपमा फाल्ने गरेको आरोप लगाउँदै जेलभित्र रहेका माओवादीद्वारा अनशन सुरु।
- अन्तरिम संविधान मस्यौदा समितिमा महिलासहित नौ सदस्य थप।

### असार ३२ गते

- माओवादी नेता बाबुरामद्वारा संविधानसभा अघि नै राजतन्त्रको छिनोफनो हुनुपर्ने माग।
- चीनको पूर्वतटीय क्षेत्रमा आएको आँधीबाट ४८ जनाको मृत्यु।

### साउन १ गते

- मन्त्रिपरिषद्को बैठकद्वारा प्रतिनिधिसभा घोषणापत्र २०६३ लाई अनुकूल हुनेगरी १६ वटा ऐन खारेज र २३ वटाको संशोधन गरिने।
- कपनमा स्थानीय बासिन्दा र प्रहरीबीच भएको झडपमा तीन दर्जन प्रहरीसहित दुई दर्जन सर्वसाधारण घाइते।

### साउन २ गते

- माओवादीसँगको सहमतिअनुरूप सरकारलाई निर्देशन गर्न सातै दलहरूको संलग्नता रहेको निर्देशक समिति गठन।
- इन्डोनेसियाको सुनामीमा मृत्यु हुनेको संख्या ३४०, सयौं बेपत्ता।

### साउन ३ गते

- लेवनान आक्रमणका क्रममा सबै नेपाली सुरक्षित रहेको विदेश मन्त्रालयद्वारा जनाउ।
- सिंहदरवार घेराउमा आएका सयभन्दा बढी मुक्त कमैया पक्राउ र रिहा।

**निधन** : साहित्य परिषद्का संस्थापक सदस्य डा. तुलसी अपतन।
**पुरस्कृत** : नयराज पन्त शोध पुरस्कारद्वारा इतिहासविद् डा. जगदीशचन्द रेग्मी।




## गलत आरोप

सम्पादकज्यू,

अस्तव्यस्त शासन (*समय* वर्ष ३, अंक ११५) को समाचारअन्तर्गत पृष्ठ २३ को चौथो अनुच्छेदमा मेरा बारेमा छापिएका कुरा कपोकल्पित र भ्रामक भएको जानकारी गराउन चाहन्छु । उक्त समाचारमा मेरो चरित्र हत्या गर्ने प्रयास गरिएकाले उक्त समाचारको कडा र जोडदार रूपमा खण्डन गर्दछु । जनआन्दोलनको क्रममा विवादमा परेका तत्कालीन अर्थ मन्त्रालयका सहसचिव सुवर्णलाल श्रेष्ठलाई आवश्यकतानुसार च्यापेको समाचार मसँग सम्बन्धित पनि छैन । मैले श्रेष्ठलाई च्याप्नु पर्ने कुनै कारण पनि छैन । कुन सहसचिवलाई कहाँ पठाउने निर्णय नेपाल सरकारको नीतिअन्तर्गत हुन्छ । अर्थ मन्त्रालयमा अर्को सहसचिव सरुवा भएपछि निज सहसचिवलाई खाली भएको अन्य मन्त्रालयमा पठाउने सर्वसम्मत निर्णयबाट भएको हो । उनी आन्दोलनका क्रममा विवादमा परेका कारण पठाइएको, मन्त्रालयमा हाजिर हुन नदिइएको र उनको विरोध भएका तथ्य पछि थाहा पाएको हुँ ।

आफ्नो मन्त्रालयको काममा चोखो नदेखिएको भन्ने जुन आरोप छ यो सरासर झूटो आरोप हो । मैले कार्यभार सम्हालेपछि मेरो मन्त्रालयमा मैले सम्पादन गरेका कार्य तथा निर्णय पारदर्शी रूपले गरेको छु ।

■ **गोपालमान श्रेष्ठ**
मन्त्री, भौतिक योजना तथा निर्माण मन्त्रालय

**आवरण समाचार** 'अस्तव्यस्त शासन' (*समय* वर्ष ३, अंक ११५) पढ्दा जनताले रगत बगाएर ल्याएको लोकतन्त्रलाई फेरि केही मन्त्रीहरूले भड्खालोमा हाल्न लागेको देख्दा टिठ लागेर आयो । बाह्र वर्ष ढुंग्रामा राख्दा पनि कुकुरको पुच्छर बांगाको बाँगै भनेझैं रहेछ नेताहरूको इमान र बुद्धि । मन्त्रीहरू गोपालमान श्रेष्ठ, प्रभुनारायण चौधरी, गोपाल राई लगायतमाथि बेलैमा लगाम नलगाउने हो भने यस्ता मन्त्रीले फेरि लोकतन्त्रको खिल्ली उडाउनेछन् भन्ने कुरामा प्रधानमन्त्री र सात दलका नेताहरू बेलैमा सचेत हुन जरुरी देखिएको छ । एउटा कुहिएको आलुले टोकरीको सबै सद्दे आलुलाई पनि सडाउन सक्ने हुँदा विशेष रूपमा प्रधामन्त्रीले ध्यान दिनु जरुरी छ ।

■ **विष्णु न्यौपाने**
कुमरी, नुवाकोट
हाल : काठमाडौं

## चेत नेता

**नेताहरूले** बुझ्नु पर्छ हामी राजालाई तह लगाउने नेपाली जनता हौं, हात उठाएकै भरमा एउटा सिंगै शासन सत्ता पल्टाउने जनता हौं । हामीले गरेको आन्दोलनबाट स्थापित मन्त्रीहरू फेरि बाह्रवर्षे शासनकालका जसरी सत्ता, नातागोता र पैसाका पछाडिमात्र कुद्न थाल्छौ भने हामी तिमीहरूलाई पनि तह लगाउँछौं भन्ने बुझ्न पर्छ ।

■ **केवल शर्मा**
फसिकेब, काठमाडौं

## धन्यवाद समय !

**विश्वकप फुटवालको** धमाका फेरि चार वर्षका लागि हामीबाट टाढिइसकेको छ । जिदानेले अन्तिम खेलमा देखाएको पागलपनले धेरै खेलप्रेमीलाई निरास बनाए पनि समग्रमा विश्वकप रमाइलो नै बन्यो । कसैले यसै मौकामा बाजी थापे, कसैले काम नै नगरी फुटबललाई सबै समय सुम्पे । चार वर्षपछि नयाँ उत्साह थप्यो विश्वकपले । यसमाथि समय साप्ताहिकले धीत मर्ने गरी निरन्तर पस्केको विश्वकप फुटबलका समाचार विशेष खुराक बन्यो यो समयमा । यसका लागि म र मजस्ता खेलप्रेमी पाठकहरू समयप्रति **आभारी** छौं । यसका लागि विशेष धन्यवाद ! समय राष्ट्रिय साप्ताहिकलाई ।

■ **अर्जुनराज विश्वकर्मा**
बानेश्वर

## बधाइ छ गौरीलाई

**समय वर्ष** तीन अंक ११५ मा गौरी मल्लको गायिका बन्ने होडमा रहेको समाचार पढ्न पाउँदा खुसी लागेर आयो । कलाकारिताबाट गायन क्षेत्र र लेखन क्षेत्रमा आउँदा हामीले उनको सुमधुर स्वर र साहित्यिक बान्की पढ्न पाउनेछौं भन्ने आशा राखेका छौं ।



■ **विनोद झा**
सर्लाही, हाल : कलंकी

## टेबलमा तिनको फोटो राख

■ **भाग्यशाली अधिकारी**

गर्दछ जसले राजनीति यहाँ यो राष्ट्र बोकेर
विश्वलाई हेरी नेपाल फर्क त्यो छाती खोपेर

यो भीर पाखो नेपाली जनता शिरमा राखेर
वारपार सम्झी कसम खाउ पशुपति भनेर

यी सीधा साधा निरीह दुःखी पीडितलाई हेरेर
दर्दले जली डढेका छाती कोट्याएर केरेर

छातीमा टाँस करोडौं मुहार दीनदुःखी जातिको
गरेर छाड नभनी कोही यो तल माथिको

घरेलु गुन्यूँ पटुका चोलो बुलाकी आमाको
जडरंग कपाल खानाको अभाव खाँचो छ कामको

डोको र नाम्लो घेरावाल टोपी खुर्पेस भिरेर
हिँडेका फोटा टेबलमा राख संसद्मा छिरेर

ती मन्त्री सांसद एकाएक सबै जनाको टेबलमा
गएर पहिला नमस्कार गर पहिला लेबलमा

काम गर्न थाल सबैले पछि ती फोटो हेरेर
यो विश्व पनि फर्कन्छ पछि तिमीलाई हेरेर

## सलाम अलिमिया

**लोककवि** अलिमियाबारे (*समय* वर्ष ३, अंक ११५) छापिएको उनको जीवनी पढ्दा मनमा दर्द भएर आयो । पक्कै मर्नु र बाँच्नु मान्छेको हातमा छैन । तैपनि, मुलुकप्रति धेरै दिएका व्यक्तिहरूको अस्ताउँदो अस्तित्व देख्दा मनमा पीडा भएर आउँदो रहेछ । नेपाली लोकसंस्कृतिको जर्गनाको लागि उनको योगदानको मूल्यांकन गर्ने सकिनेछैन । यस्तो बेलामा अलिमियालाई केही रचनात्मक सहयोग पनि चाहिन्थ्यो कि ?

■ **सञ्जीव गौतम**
मूलपानी-७, बागलुङ
हाल : सानो भर्याङ स्वयम्भू

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

# सम्भावनाको ढोका खोल्दै रीता

■ सुलोचना मानन्धर

**रीताको कामप्रतिको समर्पण र क्षमताले उनलाई उचाइमा लिएर गइरहेको छ, उनी काममा उत्तिकै निरन्तरता दिइरहेकी छन्, देशभित्र होस् या बाहिर । उनकै प्रयासद्वारा स्थापित 'नागरिक आवाज'ले पाँच वर्ष पूरा गरेको छ ।**

**सुन्दर रूप** र आवरणमा भेटिने रीता थापासँग पनि संघर्ष र मन दुख्ने वेदनाका कथा होलान् भनी सम्भवतः धेरैले अनुमान गर्दैनन् होला । उनी आफ्नो कार आफैं हाँक्छिन् त कहिले विदेशको निम्ति आकाशमा उडिरहेकी हुन्छिन् । आफ्ना वेदनालाई आफैंले कुल्चिँदै सदा काममा व्यस्त रहने रीता कहिले परिचयविहीन असंख्य पीडित महिलाको 'टेवा' बन्न पुग्छिन् भने कहिले द्वन्द्वपीडित नागरिकहरूको अवाजसँग आफैं आवाज हुँदै 'नागरिक आवाज'मा मिसिन पुग्छिन् । शिक्षित र अभिजात्य वर्गका गृहणीहरूका निम्ति समेत एउटा उदाहरण बनेको नाम हो, रीता थापा ।

२०४६ सालको जनआन्दोलन पछाडि भेट हुँदा भर्खरै हुर्कंदै गरेको स्वास्थ्यसम्बन्धी एक गैरसरकारी संस्थामा व्यस्त थिइन् उनी । पछि पेन-नेपालको साहित्यक गतिविधिमा उनलाई बरोबर भेट हुन थाल्यो । उनी साहित्यमा रुचि राख्ने मात्र नभएर साहित्यक विकासको निम्ति आफ्नो तर्फबाट सघाउने पनि रहिछन् । आफैं पनि मौका मिले कविता लेख्दिरहिछन् । तर, खासमा रीता थापा नेपालमा गैरसरकारी संस्थाको विकास हुनुअगावै, २०४६ सालदेखि नै देश विकासको सुन्दर सपना बोकेर जहाँ जे सम्भावना छ, त्यसको ढोका खोल्दै अगाडि बढेकी एक महिला हुन् ।

पाँच दशकअगाडि काठमाडौंकै एक सम्पन्न परिवारमा जन्मी हुर्केकी रीता सानै उमेरमा नै अर्को एउटा सम्पन्न परिवारकी बुहारी बन्न पुग्छिन् । प्रारम्भिक अवस्थादेखि नै अंग्रेजी पढ्ने मौका पाएकी सेन्ट मेरिज स्कुलकी विद्यार्थी रीतामा धेरै पढ्ने सपना र देशको निम्ति काम गर्ने भावना थियो । कलाका विभिन्न विधामा उत्तिकै रुचि र खुबी बोकेकी रीतालाई पद्मकन्यामा आइए पढेर सक्न भ्याउँदा नभ्याउँदै घरबाट परम्परागत विवाह गरिदिन्छन्, इन्जिनियर इन्द्रबहादुर थापासँग । आफूले चिन्दै नचिनेको मान्छेसँग विवाह हुनु त्यति बेलाको निम्ति सहज नै मानिन्थ्यो । तर, पतिको रूपमा इन्द्रबहादुर थापा जस्ता उदार, प्रतिभाशाली, भद्र र समझदार व्यक्ति पाइन् उनले ।

सम्पन्न र सुमधुर पारिवारिक जीवनमा उनी तीन सन्तानकी आमा पनि बन्छिन् । दुई छोरी, एक छोरा विस्तारै हुर्कंदै थिए । उनीमाथि अकस्मात् बज्रपात हुन्छ, उनका पति इन्द्रबहादुरको



रीता थापा

तेजबहादुर बस्नेत

असामयिक निधन हुन्छ विवाहको दुई दशक पनि नबित्दै खसेको त्यो दुःखले भने जीवन र संसारको कटु सत्य चिन्न थाल्छिन् र जीवन सोचेभन्दा कठिन रहेछ भनी अनुभव गर्छिन् ।

अवश्य नै आजभन्दा १७-१८ वर्षअघि हाम्रो समाजमा एक विधवा स्वास्नीमान्छेलाई हेर्ने दृष्टि ज्यादै साँगुरो थियो । विधवाप्रति गर्ने व्यवहार पनि मानवीय थिएन । हुनत अझै पनि पूरा उदार हुन सकेको छैन । तर, अब त केही विधवाले विद्रोह गरेर समाजमा उदाहरण दिइसकेका छन् । तीमध्येकै एक हुन् उनी पनि । विधवालाई मात्र छुट्टै दिने 'टीका' 'पहेंलो टीका' र छुट्टै रंगविरुद्ध व्यवहारमा उनले पनि मौन विद्रोह गरिन् । हुन त एक वर्ष पतिको नाममा श्रद्धाले होस् वा परम्परागत चलनअनुसार पूर्णरूपमा समर्पण भएर अलग्ग बसेर नै बर्खी बारिन् । त्यसपछि श्राद्धबाहेक अरू बेला दसैंमा विधवाको निम्ति लगाइदिने 'पहेंलो टीका'को उनले बहिष्कार गरिन् । त्यसैले दसैं या अन्य पूजाआजामा समेत 'ठूलाबडा'बाट पहेंलो टीका थाप्दै 'आशीर्वाद' थाप्नुको सट्टा अन्य आर्थिक र सामाजिक काममा समय लगाउँछिन् उनी ।

सुरु सुरुमा त महिला उत्पीडनप्रति नै बढी संवेदनशील भएर महिलामाथि हुने हिंसा र अपमानजनक कुराविरुद्धको अभियानमा पाइला सारिन् र 'एबिसी नेपाल'लाई स्थापित गर्न निकै समय काम पनि गरिन् । त्यतिले मात्र चित्त बुझेन, त्योभन्दा अगाडि बढिन् उनी ।

आफ्नै प्रयासले 'टेवा' स्थापना गरेर । अझै अगाडि बढ्छिन् उनी । अन्तर्राष्ट्रियस्तरको संस्था निर्माणमा समेत उनी अन्य देश विदेशका सहकर्मी मिलेर अगाडि बढ्छिन् । उनी 'ग्लोबल फन्ड विमन' अर्जेन्ट एक्सन फन्ड जस्ता संस्थामा सदस्य छिन् । प्राइभेटरूपमा बिए पास गरेकी रीताले बौद्धिकस्तर अझै उचाल्नु पर्ने महसुस गर्छिन् र स्नातकोत्तरको निम्ति इङल्यान्डको ससेक्सबाट अवसर पाउँछिन् र पूरा गर्छिन् । आफसे आफ सम्भावनाका ढोका पनि खुल्दै जान्छन्, हुँदाहुँदै टोरेन्टो विश्वविद्यालयका विद्यार्थीहरूलाई समेत एउटा विषय (राजनीति र विकास) पढाउने अवसर प्राप्त गर्छिन् । यो भनेको रीताले व्यक्तिगत रूपमा अवसर पाउनु मात्र नभएर नेपाली महिला समुदायकै निम्ति गर्वको कुरा हो ।

यसरी रीताको कामप्रतिको समर्पण र क्षमताले उनलाई उचाइमा लिएर गइरहेको छ, उनी काममा उत्तिकै निरन्तरता दिइरहेकी छन्, देशभित्र होस् या बाहिर । उनकै प्रयासद्वारा स्थापित 'नागरिक आवाज'ले पाँच वर्ष पूरा गरेको छ ।

देशमा शान्ति स्थापना होस् द्वन्द्व पीडितहरूको उद्दार होस् भनी स्थापित संस्थाले गत जनआन्दोलनका घाइतेलाई टेवा दिएको थियो । त्यस बेलाको कर्फ्युबीच पनि अस्पतालमा रहेको घाइतेहरूका निम्ति खाजा बन्दोबस्त गरिएको थियो ।

टाढैबाट भए पनि उनको कामबाट प्रभावित हुनेमध्येकै म एक हुँ र नजिक पुगेर सोध्न चाहेँ, 'तपाईंले धेरै काम गर्नुभयो, कामबाट जीवनमा कतिको सन्तुष्टि पाउनु भएको छ, होला ?'

जवाफमा उनको आँखामा सन्तुष्टि देख्छु, अब त उनी आफूलाई भाग्यमानी महिलाहरूमध्येकै एक ठान्छिन् पनि । अब त दुबै छोरीको पनि शान्तमय घर भइसकेको छ । छोराछोरी पनि आफूले चाहेजस्तै ज्ञानी भइदिएकोमा थप सन्तुष्टि मिलेको कुरा बताउँछिन् उनी ।

कुराकानीको सिलसिलामा उनका छोरा शशांकसँग 'आमा ज्यादै व्यस्त हुँदा कस्तो लाग्छ ?' भन्दा शशांक भन्छन्, 'मामुको कामसँग खुसी र गर्व लागेको छ ।' ■

**यसै वर्ष न्युजविकका एक पत्रकारले दलाई लामालाई सोधका थिए, 'तपाईं कुनै देशको नेता बन्नु पर्‍यो भने कुन देश रोज्नु हुन्छ ?' दलाई लामाको जवाफ थियो, 'बन्नु नै परे म रूसको राष्ट्रपति बन्छु । किनभने रूस अनन्त सम्भावनाले भरिएको देश हो ।'**



■ स्वामी आनन्द अरुण

# आध्यात्मिक क्रान्तिको लहर

**यस वर्ष** पूरै जुन महिना साधकहरूको आमन्त्रणमा रूसमा आध्यात्मिक कार्यक्रममा हामी व्यस्त रह्यौं । रूसका दुई प्रमुख सहर मस्को र सेन्ट पिटर्सवर्ग र सुदूर साइबेरियाको आधुनिक सहर नोवोसिबिरस्कमा हामीले ध्यान शिविर, प्रवचन र सत्संगका कार्यक्रमहरू गर्‍यौं । सयौं विद्वत् र प्रबुद्ध रूसी मित्रहरूले भाग लिएकामा १८८ जनाले ओशोको दीक्षा लिए ।

चर्चिलले भनेका रहेछन्, 'रूस बुझ्नै नसकिने रहस्यले बेरिएको एक अबुझ भूमि हो ।' संसारको एक चौथाइ भूखण्ड ओगटेको यस राज्यको जनसंख्या विश्व जनसंख्याको मात्रै २ प्रतिशत रहेछ । साइबेरियाको टाइगा जंगलको क्षेत्रफल मात्रै भारतको क्षेत्रफलभन्दा पनि बढी छ । विश्व वन सम्पदाको २५ प्रतिशत भाग त यही वनले ओगटेको छ । पृथ्वीवासीले राम्ररी श्वास लिन पाएकोमा त्यस जंगलको योगदान छ । साइबेरियाको यो क्षेत्रको यात्रा गर्दा दुई तीन दिनसम्म अथाह वनको अँध्यारो पर्खालबाहेक केही देखिँदैन । प्रसिद्ध रूसी लेखक चेखवले लेखेका छन्, 'यो वनको अन्त्य कहाँ होला ? मात्रै बसाइ सर्ने चरालाई थाहा होला ।'

साइबेरियाको बैकाल ताल प्रकृतिको एक अनुपम उपहार हो । यो माताललाई युनेस्कोले विश्व सम्पदा सूचीमा राखेको छ । ६३६ किलोमिटर लामो र १६३७ मिटर गहिरो यस तालमा विश्वको सम्पूर्ण स्वच्छ पेय जलको २२ प्रतिशत पानी रहेको छ । अक्टोबरदेखि अप्रिलसम्म यो ताल पूर्णतः जम्छ । त्यसमाथि गाडी दौडाएर पार गर्नु आफैंमा रोमाञ्चकारी अनुभूति हो । आउँदो वर्षको गर्मीमा यस तालको किनारमा एक बृहत् साधना शिविर आयोजन गर्ने रूसी संन्यासी मित्रहरूले अठोट गरेका छन् ।

यसै वर्ष न्युजविकका एक पत्रकारले दलाई लामालाई सोधका थिए, 'तपाईं कुनै देशको नेता बन्नु पर्‍यो भने कुन देश रोज्नु हुन्छ ?' दलाई लामाको जवाफ थियो, 'बन्नु नै परे म रूसको राष्ट्रपति बन्छु । किनभने रूस अनन्त सम्भावनाले भरिएको देश हो ।'

रूसमा विश्वमै सबैभन्दा ठूलो ग्याँसको भण्डार छ । साथै कोइला र तेलको पनि अथाह सम्पदा छ । तेल र ग्याँसको अन्तर्राष्ट्रिय मूल्य बढेकाले मात्रै यही बेचेर रूस मालामाल भइरहेको छ । भरखरैको सर्वेक्षणअनुसार मस्को सहर संसारको सबैभन्दा महँगो सहर भइसकेको छ । यसले यो वर्ष टोकियो र सिओललाई पनि उछिनेर यो कीर्तिमान कायम गरेको हो । दुनियाँका सबैभन्दा बढी अर्बपतिहरू बस्ने सहर पनि मस्को नै हो । तर, रूसका २० प्रतिशत जनता गरिबीको रेखामुनि जिउँछन् । जसको दैनिक आम्दानी मात्र १.२ डलर छ । गाउँहरूले अत्यन्तै गरिबीको मार खेप्नु परेको छ । उद्योग धन्दा र औद्योगिक विकासका लागि विकसित गरिएका कलकारखानाहरू त्यतिकै लथालिंग छोडिएका छन् । सहरहरू धनी हुँदै छन्



गाउँको गरिबी बढ्दै गइरहेको छ । यसैबाट अन्दाज गर्नुस् मस्कोमा औसत एक कप कफीको दाम साढे ५ डलर छ । देशका २० प्रतिशत जनताले आफ्नै राजधानीमा एक कप कफी किन्न ४.५ दिनको मजदुरी खर्चिनुपर्छ ।

प्राकृतिक सम्पदाले परिपूर्ण राष्ट्रका जनताले खेप्नु परेको यस्तो गरिबीको कारण विगतको साम्यवादी अर्थतन्त्र र हिजो र आजका शासकहरूमा जनताप्रतिको उत्तरदायी हुने व्यवहारिक आर्थिक योजना नहुनु र आफ्ना गल्ती परिष्कार गर्न नसक्नाले नै हो । मस्कोकै मेयरका अनुसार मस्को नगरपालिकाभित्र केन्द्रित सम्पत्ति र संसाधन रूसका बाँकी अन्यभागका भन्दा बढी छ ।।

मस्कोमा घाम लाग्दा गर्मी र बादल लाग्नासाथ अति चिसो हुने छिनछिनको यो परिवर्तन देखेर रूसी मित्रहरूले बारबार भन्थे, 'प्रसिद्ध रूसी कवि पुस्किनको कथन छ- मस्कोको मौसम र मस्कोका तरुणीहरूको भर हुँदैन ? कुन बेला परिवर्तन हुन्छन् भन्नै सकिन्न ।' म मजाकमा भन्थे, 'भावुक कविलाई मस्कोका युवतीको मात्रै अनुभव रहेछ । अन्य राजधानीका युवतीको पनि यही स्वभाव हो ।'

रूसका सबै सहरका कुनाकुनासम्म पनि क्यासिनो, बार र नाइटक्लबहरू छ्यापछ्याप्ती छन् । अधिकांश सहरमा समलिंगीका आफ्नै नाइट क्लबहरू पनि छन् । रूसी कानुनले समलिंगी या विपरीतलिंगी सम्बन्धका लागि १६ वर्षको उमेरलाई वैधानिक उमेर मानेको छ ।

अर्को चाखलाग्दो तर डरलाग्दो तथ्य के हो भने औसत रूसीले अन्य युरोपेलीभन्दा ३ गुणा बढी रक्सी सेवन गर्छन् । रूसी मुसलमानहरूलाई रक्सी पिउनबाट पवित्र कुरानले पनि रोक्न सकेको छैन । उनीहरूको तर्क छ, 'कुरानमा रक्सी खान मनाही छ । तर, भोड्का त नखान भनेको छैन । भोड्काविना रसियाको कठ्यांग्रो, अँध्यारो र सुनसान रात कसरी काट्ने?' रूसको जनसंख्या भयावह रूपले घटिरहेको छ । प्रत्येक दिन जनसंख्या २० हजारको दरले घट्दो छ । यसका प्रमुख कारणहरूमध्ये अति मदिरापान, अकासिँदो महँगी, परिवारिक विखण्डन र सामाजिक असुरक्षा भाव हो ।

तर यो रूसको बाह्य स्वरूप हो । एक वर्षभित्र मेरो हजारौं रूसीमित्रसँग अन्तरंग सम्बन्ध बस्न गएको छ । उनीहरू मलाई माया गर्छन् । उनीहरूमध्ये ५ सय जनालाई ओशो दीक्षा दिएको छु मैले । त्यस सिलसिलामा रूसीहरूको अन्तरात्मालाई राम्रोसँग नियाल्ने मौका पाएको छु । यही चित्त दशाको बारेमा प्रसिद्ध लेखक दस्तयेव्स्कीले पुस्किनलाई श्रद्धाञ्जली दिँदै भनेका थिए, 'रूसी आत्मा विश्वबन्धुत्व र भाइचारामा अडेको छ । सबैको सुखमा उसले आफ्नो सुख देख्छ ।' यही रूसी आत्माको दर्शन मैले हजारौं जोडी सजल आँखामा प्रत्यक्ष देखेको छु जो सात्विक र साधनामय जीवन बिताउन अत्यन्त उत्सुक र प्रयत्नरत छन् । उनीहरू यस बुद्ध क्षेत्र नेपाललाई एक पवित्र गन्तव्य तीर्थ र नेपालीलाई अत्यन्त श्रद्धेय मित्रको रूपमा आदर गर्छन् । आगामी दिनमा रूसमा एक ठूलो आध्यात्मिक क्रान्तिको सम्भावना छ र नेपालले त्यसमा आफ्नो महत्त्वपूर्ण सहकार्य गर्न सक्छ ।

osho@tapoban.com

# बल्झियो घाउ


मातृकादेवी राई

**'मेरो लोग्नेलाई** कहाँ मारिस् ? किन मारिस् ? कसरी मारिस् ?', सहिद ढाकबहादुर राईकी श्रीमती मातृकादेवी नेपाली कांग्रेससँग यस्ता थुप्रै प्रश्न सोध्न र भन्न चाहन्छिन्, 'मलाई सबै उत्तर चाहियो ।'

६५ वर्षीया मातृकादेवीका पति ढाकबहादुर २०३१ सालको असफल ओखलढुंगा आक्रमणपछि बेपत्ता भएका थिए । श्रीमान्को खोजीमा मातृकादेवी धेरै भौतारिइन् । विहारको फुल्का र बथनाहाका प्रत्येक गल्ली चहारिन् । तर, उनले श्रीमान् भेटिनन् र अनेक दुःख सहेर भाल्टाङ भुल्टुङ नानीहरू हुर्काइन् ।

लामो समयसम्म ढाकबहादुरको खबर नआएपछि मातृकादेवीले २०५८ सालमा पतिको किरिया गरेकी थिइन् । एउटा नयाँ जीवन बेग्लै ढंगले सुरु भएको थियो । तर, हालै एक साप्ताहिकले ढकबहादुरलाई कांग्रेसले 'गद्दार' घोषणा गरी मृत्युदण्ड दिएको समाचार प्रकाशित गरेपछि मातृकादेवीको पुरानो घाउ फेरि बल्झिएको छ ।

डाँडामाथिको घाम बनिसकेकी मातृकादेवी कांग्रेस सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग सोध्न चाहन्छिन्, 'देशका लागि परिवारको माया मार्ने मेरो लोग्ने तिम्रा लागि कसरी गद्दार भए ?' तर, पत्रिकामा समाचार आएपछि पनि कुनै कांग्रेस नेताले आफूलाई सम्पर्क गरी वास्तविकता नबताएकोमा मातृकादेवी खिन्न छिन् ।

'मलाई त्यो समाचार सत्य होइन भन्नुपर्‍यो', मातृकादेवी भन्छिन्, 'हैन भने मेरो लोग्नेलाई मार्नुको चित्तबुझ्दो कारण दिनुपर्‍यो ।' टिम्बुरबोटे सहिद स्मृति पार्क प्रतिष्ठानले तयार पारेको तर प्रकाशमा नआएको एक पुस्तकलाई स्रोत मान्दै प्रकाशित समाचारमा ढाकबहादुरलाई 'साइनाइड'को सुई दिएर मारिएको उल्लेख छ ।

'सहिद अभिलेख' नामक उक्त पुस्तकमा ढाकबहादुरमाथि ओखलढुंगा आक्रमण असफल हुनुको दोष थोपरिएको पनि समाचारमा जनाइएको छ । समाचारअनुसार ओखलढुंगा आक्रमण गर्न हिँडेका चार दर्जन सशस्त्र कांग्रेस लडाकुको दस्तामा दुईवटा 'वायरलेस' थिए, जसमध्ये एउटा ढाकबहादुरले बोकेका थिए । तर, ढाकबहादुरले 'वायरलेस' हराए, जसको मद्दतबाट कांग्रेसको योजना तुहियो र आक्रमण असफल पार्न सेना सफल भयो ।

ढाकबहादुरसँगै रहेका अर्का कांग्रेस लडाकु दीप देवानलाई पनि 'कोर्टमार्सल' गर्न लागिएको तर उनी भागेर भारतको आसाम पुगेकाले बाँच्न सफल भएको समाचारमा जनाइएको छ । देवान अहिले पक्षघातबाट पीडित छन् र बोल्न सक्दैनन् ।

विपी कोइरालाको विचारबाट प्रभावित भई २०२९ सालमा कांग्रेसको सशस्त्र संघर्षमा होमिएका ढाकबहादुरले आफूलाई पञ्चायतविरुद्धको लडाइँमा केन्द्रित गर्न नै बेलायती सेनाबाट अवकाश लिएका थिए ।

मातृकादेवीले श्रीमान्लाई अन्तिमपटक २०३१ सालको साउन महिनामा जोगबनीमा भेटेकी थिइन् । तर, त्यसपछि न भेट भयो न त खबर नै आयो । २०४६ सालको जनआन्दोलनपछि अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको संयोजकत्वमा बनेको राजनीति पीडित सहयोग कोषले क्षतिपूर्तिस्वरूप एक लाख रुपैयाँ उपलब्ध गराउँदा मातृकादेवीलाई सन्तोष लागेको थियो ।'

'पैसा पाउँदा बेपत्ता लोग्ने सहिद भएका रहेछन् भन्ने सोचेकी थिएँ', मातृकादेवी भन्छिन्, 'तर, मर्ने बेलामा लोग्नेलाई गद्दार घोषणा गरिएको र मृत्युदण्ड दिइएको थाहा पाउँदा मन एकदमै कुँडिएको छ ।'

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)


**New Summit College**

Devkota Sadak, Old Baneshwor Chowk, Kathmandu

**ADMISSION OPEN**

**FOR GRADE XI**

**SCIENCE, COMMERCE & HUMANITIES**

Eligibility:

Science - 60% and above

Management & Humanities - 50% and above

Scholarship available for meritorious, deserving and needy students.



**NSC** welcomes only the genuine students with a spirit to continue the college's trend of excellence and discipline.

For detail contact:

Phone: 4495201, 4473672, Fax: 4488410, G.P.O. No. : 11749

Web: newsummit.edu.np, E-mail: info@newsummit.edu.np

NEW SUMMIT SIMPLY BELIEVES IN THE BEST

**Striving for Success... Acme is your Choice**

What do you look for after S.L.C.??

- Distinguished faculties
- Studious Environment
- Attractive Scholarship Packages
- Affordable Fees
- Great Location
- Excellent Infrastructure
- Well-equipped Laboratories
- Library Facilities
- Internet Facilities
- Hostel Facilities
- Transportation
- Sports facilities
- And, much more .........

Well, *Acme* could be your quest.





*Admission Open in:*

- +2 Science Programmes
  - Physical Group
  - Biological Group
- Diploma (Overseer) Programs
  - Civil Engineering
  - Computer Engineering
  - Electronics Engineering
- Admission forms are distributed at the college from **2063/03/23.**
- Admission forms can also be **downloaded** from college URL.
- Also forms are being distributed for B. Arch. And B.E. programs in Civil, Computer and Electronics & Communication Engineering

For details, contact:

**Student Enrollment Committee**

**Acme Engineering College**

Sitapaila Chowk, Ring Road, Kathmandu

Tel: 4-282962, 4-280445, 4-670924, 4-670925

E-mail: acme@acme.edu.np, Web site: www.acme.edu.np



▲ शय्याको अभावमा प्रतीक्षालयमा राखिएका विरामीहरू

# नाम क्षेत्रीय, काम जिल्लाको

**पिसाब रोकिएपछि** जर्बुटाबाट उपचारका लागि आइपुगेका पूर्णप्रसाद चालिसे ऐया आत्थु गर्दै दुई दिनदेखि प्रतीक्षालयको शय्यामा लडिरहेका छन् ।

आफ्ना विरामीलाई जस्ता पाताले छाएको प्रतीक्षालयमा राखिएकोप्रति आक्रोश पोख्दै विरामीका आफन्त भन्छन्, 'नाम सुन्दा त ठूलै अस्पताल होलाजस्तो भित्र अवस्था हेल्थपोष्ठको जस्तै ।'

मध्यपश्चिमाञ्चलको सदरमुकाम वीरेन्द्रनगरमा रहेको क्षेत्रीय अस्पतालको अवस्था पुग नपुग जिल्लास्तरको अस्पतालसरह छ । क्षेत्रीय अस्पतालको रूपमा स्थापना भइसक्दा पनि आफ्ना सेवा सुविधा विस्तार गर्न नसक्दा उपचारको आशा लिएर आउने विरामीहरू अझै पनि नेपालगन्ज लगायतका ठाउँमा धाउनु पर्ने बाध्यताबाट मुक्त हुन सकेका छैनन् ।।

शाही सरकारको निर्देशनअनुरूप गत फागुन महिनादेखि जिल्ला अस्पताललाई क्षेत्रीयमा रूपान्तरण गरे पनि नाम र सोचेअनुसारको सेवा, सुविधा उपलब्ध गराउन नसकेपछि उक्त अस्पताललाई क्षेत्रीय अस्पतालको रूपमा पहिचान गराउने काम अस्पताल अगाडि झुन्ड्याइएको सूचनापाटीले मात्र गरेको छ ।


विशेषज्ञ र डाक्टरहरू गरी चौबीसजना चिकित्सकको दरबन्दी रहेको अस्पतालमा मुस्किलले चारजना डाक्टरको मात्र उपस्थिति हुनुले पनि क्षेत्रीय अस्पतालको दुर्दशा प्रस्ट पार्छ भने अस्पतालका अन्य कर्मचारीको पनि ५० प्रतिशत दरबन्दी अझै पनि पूरा हुन नसक्दा झन् समस्या थपिएको छ ।

एनेस्थेसिया तथा दाँत, कान र घाँटीको उपचारका लागि आवश्यक पर्ने सम्पूर्ण उपकरण आइसक्दा पनि डाक्टरको अभावमा त्यत्तिकै थन्काउनु परेको क्षेत्रीय अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. शैलेन्द्र उप्रेती बताउँछन् । 'डाक्टरको अभावमा तेह्र लाख हालेर ल्याइएको एनेस्थेसियाका लागि प्रयोग हुने उपकरण पनि त्यत्तिकै राख्नु परेको छ', उनी भन्छन्, 'जिल्ला अस्पतालकै दरबन्दी त पूरा भएको छैन भने झन् क्षेत्रको पूरा हुने कुरै भएन ।' डाक्टर तथा कर्मचारीको दरबन्दी पूरा गर्नका लागि सम्बन्धित निकाय र मन्त्रालयमा समेत बारम्बार पत्राचार गर्दा पनि कुनै चासो नदेखाइएको उनले बताए ।

अस्पतालमा न मुर्दाघर छ न त कर्मचारीहरूका लागि आवास नै । अस्पतालका लागि आवश्यक पर्ने विद्युत् जडान पनि राम्रोसँग हुन नसकेपछि भोल्टेज अभावका कारण चलाउन मिल्ने उपकरण पनि नचलाईकन राखिएको छ । 'तालिम भवनलाई अस्पताल बनाएपछि कसरी हुन्छ ?', उनी भन्छन्, 'अस्पताल डिजाइनका लागि स्पेसल आर्किटेक्चर चाहिन्छ । तर, यहाँ सबै 'काम चलाउ' मात्र छ ।' अस्पतालमा हाल जम्मा ५० वटा शय्या मात्र छन् । आकस्मिक कक्षमा रहेका बाह्रवटा शय्यामा विरामी भरिएपछि अस्पताल हातामा रहेको प्रतीक्षालयमा विरामी राखेर उपचार गर्नुपर्ने थप समस्या त छँदै छ ।

अस्पतालमा आउने ठूला केसहरूलाई आकस्मिक कक्षबाट सीधै वार्डमा लैजाने गरे पनि सामान्य विरामीलाई स्थान अभावका कारण प्रतीक्षालयमा राख्नु पर्ने बाध्यता रहेको डाक्टर उप्रेती सुनाउँछन् । 'सामान्य सलाइन चढाउनु पर्ने विरामीलाई मात्र बाहिर राखिएको छ', उनले दाबी गरे, 'अलि अप्ठेरा केसहरूलाई त वार्डमा नै राखेका छौं ।'

■ **गणेशकुमार कार्की/सुर्खेत** (तस्वीर पनि)





मेचीपुलमा धर्ना दिँदै भुटानी शरणार्थीहरू

# शरणार्थीले बनाए संविधान मस्यौदा

**भुटानी शरणार्थीहरूले** भुटानका लागि संविधान मस्यौदा तयार गरी हुलाकमार्फत भुटानी राजालाई पठाएका छन् । हजारौंको संख्यामा उपस्थित भुटानी शरणार्थीहरूले नेपाल-भारत सीमा मेची पुलबाट मस्यौदा संविधान भुटान पठाएका हुन् । नेपाल प्रहरीले शरणार्थीलाई मेची पुलको मुखमै रोक्न खोजे पनि उनीहरू नेपाल-भारत सीमासम्म पुग्न सफल भएका थिए । भारततर्फ पश्चिमबंगाल प्रहरीका डिएसपी इन्द्र चक्रवर्तीको नेतृत्वमा पश्चिमबंगाल प्रहरी र दार्जीलिङको विशेष कम्ब्याट फोर्सका करिब एक सय सशस्त्र सुरक्षाफौज तैनाथ थिए । करिब दुई घन्टा यातायात अवरुद्ध भएको थियो ।

भुटानी शरणार्थीको आन्दोलनप्रति ऐक्यबद्धता जनाउन सिक्किम गोर्खा प्रजातान्त्रिक पार्टीको एक टोली मेची पुल आएको थियो । भुटानले सन् २००५ मार्च २६ तारिखमा नयाँ संविधानको घोषणा गरेको थियो । त्यस संविधानमा शरणार्थीलाई सम्बोधन नगरिएको हुनाले र कतिपय धारा अमान्य ठहर गर्दै शरणार्थीले नयाँ संविधान मस्यौदा गरी भुटान पठाएका हुन् । संविधान मस्यौदा समितिमा २५ जना भुटानी शरणार्थी रहेका थिए ।

शरणार्थीहरूले भुटानमा संसदीय व्यवस्थासँगै संवैधानिक राजतन्त्र चाहेका छन् । भुटानको सार्वभौमिकता भुटानी जनतामा हुनुपर्ने मस्यौदा संविधानमा उल्लेख गरिएको छ भने सन् १९८५ को नागरिकतासम्बन्धी व्यवस्था खारेज गर्नु पर्ने माग पनि गरिएको छ । त्यो व्यवस्था लागू भएपछि लाखौं भुटानीले आफ्नो भूमि छोड्नु परेको थियो । संवैधानिक अंगका व्यक्तिहरूको नियुक्ति राजाबाट नभई मन्त्रिपरिषद्बाट गर्नुपर्ने, भुटानी संविधानमा प्रजातन्त्रको पूर्वाधार तयार गर्ने मानवअधिकारको व्यवस्था गरिनुपर्ने लगायतका सुझाव शरणार्थीले दिएका छन् ।

■ **उमाकान्त खनाल/झापा**



# ट्याक्सी बन्न नदिऊँ

**एम्बुलेन्समा प्राथमिक उपचारका औषधी र सामानहरू, अक्सिजन सिलिन्डर, आइभी इन्जेक्सन दिन सकिने व्यवस्था, स्टेथेस्कोप, रक्तचाप जाँच्ने उपकरण, टर्चलाइट र स्ट्रेचर हुनै पर्छ । यी आधारभूत साधन र सेवाविनाका एम्बुलेन्सलाई भाडाका ट्याक्सी मान्दा फरक पर्दैन ।**

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

**सप्तरीको रुपनीमा** भएको बस दुर्घटनामा घाइते एक बालकलाई उपचारका लागि विपी प्रतिष्ठान, धरानमा ल्याइएको थियो । तर, चिकित्सकहरूले यहाँ उनको उपचार हुन नसक्ने बताउँदै सिलिगुडी लैजान सल्लाह दिए ।

टाउकोमा गहिरो चोट लागेका बालकलाई सामान्य प्राथमिक उपचारपछि नेपाल रेडक्रस सोसाइटी, सुनसरीको को. १ च ६०० नम्बरको एम्बुलेन्समा राखेर सिलिगुडी लगियो । तर, एम्बुलेन्समा अक्सिजन-सिलिन्डरसम्म थिएन । 'बाटोमा घरिघरि पछाडि फर्किंदै गर्थे,' बच्चालाई सास फेर्न निकै गाह्रो परेको महसुस गर्थे चालक मणिराम जवेगु सम्झिन्छन्, 'तर, गाडीमा अक्सिजन थिएन ।'

सिलिगुडीस्थित डा. चाङको नर्सिङहोम पुऱ्याइएको केही क्षण नबित्दै १२ वर्षीय बालकको मृत्यु भयो । ८ वर्षदेखि एम्बुलेन्स हाँक्दै आएका जवेगु त्यो घटना कहिल्यै बिर्सन सक्दैनन् । 'मलाई लाग्छ, एम्बुलेन्समा अक्सिजनमात्रै भइदिएको भए त्यो बच्चा बाँच्थ्यो', जवेगु भन्छन् ।

सुकुना बचत तथा ऋण सहकारी संस्था, मोरङको को. १ स २३९७ नं.को एम्बुलेन्स चलाउँदा पुण्य शिवाकोटीले पनि यस्तै अनुभव गरे । शिवाकोटीले बेलबारीको लालभित्तीबाट सर्पले टोकेका आठ वर्षीय बालकलाई एम्बुलेन्समा राखेर कोशी अञ्चल अस्पताल, विराटनगर लगेका थिए । तर, अस्पताल पुग्दासम्म बालकको शरीरमा धेरै विष फैलिइसकेको थियो ।

'अस्पतालको शय्यामा राख्दा नराख्दै बच्चा मऱ्यो', चालक शिवाकोटीलाई अहिले थकथकी लाग्छ, 'एम्बुलेन्समै राम्रो प्राथमिक उपचार गरेर सर्पको विष शरीरमा फैलिन नदिएको भए बच्चा बाँच्थ्यो होला ।' शिवाकोटी अहिले २४ घन्टे क्लिनिकको एम्बुलेन्स चलाउँछन् । तर, यो एम्बुलेन्समा पनि अक्सिजन र प्राथमिक उपचारका लागि अत्यावश्यक अन्य सामान छैनन् । इन्द्रपुर, मोरङका अजाबुल मन्सुरीले एक महिनाअघि मात्रै वीरगञ्ज भन्सारबाट यो एम्बुलेन्स ल्याएका थिए ।'

शिवाकोटी भन्छन्, 'अहिले गाडीमा अक्सिजन सिलिन्डर पनि छैन । तर, विस्तारै राख्लान् भन्ने आशा छ ।' तर, यही 'आशा'मा उनले करिब २५ जना बिरामीलाई अक्सिजन र प्राथमिक उपचारका अन्य सामानविनाकै एम्बुलेन्समा राखेर अस्पताल पुऱ्याइसकेका छन् । धन्न, लालभित्तीको सर्पले टोकेको बालकजस्तो कुनै गम्भीर बिरामीलाई अहिलेसम्म





डा. ओवेन लुइस



एम्बुलेन्स चालकहरूलाई तालिम दिँदै विज्ञहरु

एम्बुलेन्समा राख्नु परेको छैन ।

उता, शिवाकोटीले छाडेको, सुकुना सहकारीको एम्बुलेन्स अहिले शरण राईले हाँक्छन् । तर, शिवाकोटीले चलाउँदा एम्बुलेन्स जुन अवस्थामा थियो, अहिले पनि त्यसमा रत्तिभर सुधार गरिएको छैन । 'एम्बुलेन्समा विरामी सुत्ने एउटा शय्या छ', नयाँ चालक राई भन्छन्, 'त्यत्ति हो, अरू केही छैन ।'

जीवन-मरणको क्षणमा निर्णायक सावित हुनसक्ने एम्बुलेन्स आफैंमा एउटा अस्थायी उपचार शिविर हुनुपर्ने हो । अन्तर्राष्ट्रिय रेडक्रसले एम्बुलेन्सलाई तीन श्रेणीमा विभाजन गरेको छ । नेपालजस्तो विकासशील राष्ट्रमा पहिलो र दोस्रो श्रेणीको एम्बुलेन्स सेवा कम्तीमा अहिलेलाई सम्भव छैन । तर, विडम्बना, तेस्रो श्रेणीका एम्बुलेन्स पनि नेपालमा पाउन गाह्रो छ ।

अन्तर्राष्ट्रिय रेडक्रसका अनुसार तेस्रो श्रेणीको एम्बुलेन्समा प्राथमिक उपचारका औषधी र सामानहरू, अक्सिजन सिलिन्डर, आइभी इन्जेक्सन दिन सकिने व्यवस्था, स्टेथेस्कोप, रक्तचाप जाँच्ने उपकरण, टर्चलाइट र स्ट्रेचर हुनै पर्छ । यी आधारभूत साधन र सेवाविनाका एम्बुलेन्सलाई भाडाका ट्याक्सी मान्दा फरक पर्दैन । तर, एकाध एम्बुलेन्सले मात्रै यो मापदण्ड पूरा गरेका छन् ।

खासगरी दुर्घटनामा परेका, आगोले जलेका, विष खाएका, सर्पले टोकेका विरामी यस्ता मापदण्ड पूरा नगरेका एम्बुलेन्सको सिकार हुन्छन् । विपी प्रतिष्ठान, धरानको फेमिली मेडिसिन विभाग प्रमुख डा. ओवेन लुइस भन्छन्, 'तथ्यांक नै त राखिएको छैन । तर, आकस्मिक कक्षमा मर्ने धेरै विरामीको हालत एम्बुलेन्समै खराब भइसकेको हुन्छ ।' अक्सिजन र प्राथमिक उपचारका सामानमात्रै राख्न सकिए धेरै विरामीको ज्यान जोगाउन सकिने विश्वास डा. लुइसको छ । तर, एम्बुलेन्स सेवाको अगुवा रेडक्रस आफैं यसप्रति सचेत छैन ।

डा. लुइसकै पहलमा २०६१, चैत १ देखि १८ गतेसम्म धरानमा ५५ जना एम्बुलेन्स चालकहरूलाई प्राथमिक उपचार तालिम दिइएको थियो । तालिम दिन साउथ अस्ट्रेलियन एम्बुलेन्स सर्भिसकी इन्टेन्सिभ केयर प्यारामेडिक जेनिफर बेल आएकी थिइन् । कतिपय एम्बुलेन्स चालकले तालिममा पाएको ज्ञानलाई व्यवहारमा उपयोग गरेका छन् ।

तर, एम्बुलेन्समा विरामीको प्राथमिक उपचार गर्ने खास काम चालकको होइन । चालकले त विरामीलाई एम्बुलेन्समा हाल्नुभन्दा पहिलेमात्रै प्राथमिक उपचार गर्न सक्छ । त्यसपछि त गाडी हाँक्नुपर्ने हुन्छ । एम्बुलेन्समै विरामी वा घाइतेको प्राथमिक उपचार गर्ने स्वास्थ्यकर्मीलाई प्यारामेडिक भनिन्छ । तर, एम्बुलेन्सले प्राथमिक उपचारका सामान र अक्सिजनमात्रै जुटाउन सके पनि खुसी मान्नुपर्ने अवस्थामा छुट्टै प्यारामेडिक राख्नु नेपालका लागि अझै सपनासरह छ ।

'हो, यो सपनै हो,' डा. लुइस भन्छन्, 'तर, त्यो अनिवार्य छ, नत्र हामीले एम्बुलेन्सलाई ट्याक्सी भन्नुपर्ने हुन्छ ।' बरु, एम्बुलेन्सको स्तरवृद्धिका लागि शुल्क बढाउन पनि तयार हुनुपर्ने डा. लुइसको सुझाव छ । '१० देखि १५ प्रतिशतसम्म शुल्क बढाऊँ । तर, एम्बुलेन्स र ट्याक्सी एउटै जस्तो लाग्ने अवस्था अन्त्य गरिदिऊँ', डा. लुइस भन्छन्, 'किनकि कुरा एउटै हो, राम्रो एम्बुलेन्स चलाउन थाले उपचार खर्च घट्छ ।'

डा. लुइसको अनुभवमा, प्राथमिक उपचारको अभावमा एम्बुलेन्समै धेरै विरामीको स्वास्थ्य अवस्था जटिल भइसकेको कारण अस्पतालमा उपचार खर्च बढ्छ । न्यूनतम सुविधा भएको, अझ प्यारामेडिक राखिएको एम्बुलेन्स उपयोग गरे बाटैमा विरामीको स्वास्थ्य खराब हुने सम्भावना घट्छ र अस्पतालमा कम खर्च र समयमै उपचार हुन्छ ।

एम्बुलेन्सको स्तर आर्थिक पक्षसँग मात्रै जोडिएको समस्या बिल्कुलै होइन । किनभने, यो आर्थिक पक्षभन्दा बढी चेतनासँग जोडिएको छ । विदेशी दातृ संस्थाले उपलब्ध गराउने एम्बुलेन्सको मर्मतमा ध्यान नदिइनुले यसको पुष्टि गर्छ । प्राथमिक उपचारका आधारभूत सामान, औषधी र अक्सिजन राखेरै दिइने यस्ता एम्बुलेन्स केही वर्षभित्रै थोत्रा हुन्छन् ।

२०४५ सालमा जापानले 'भूकम्प पुनःस्थापना कार्यक्रम'अन्तर्गत सुनसरी रेडक्रसलाई को. १ च ६०० नम्बरको एम्बुलेन्स दिएको थियो । यो त्यही एम्बुलेन्स थियो, जसमा अक्सिजन नभएकोले रुपनी दुर्घटनाका घाइते बालकलाई जीवित अवस्थामै सिलीगुडीसम्म पुऱ्याउन सकिएन । सुरुमा अक्सिजन, प्राथमिक उपचारका सबै सामान राखिएको एम्बुलेन्स केही वर्षभित्रै खोक्रो गाडीमा परिणत भइसकेको थियो ।

## व्यापारीकरण

सरकारले एम्बुलेन्सलाई व्यापारमुखी हुन नदिन बनाएको नीति निकै राम्रो छ । सञ्चालन प्रक्रिया, व्यवस्थापन, जनशक्ति, अभिलेख र आर्थिक तथा भौतिक पक्षमा केन्द्रित सरकारी नीति राम्ररी कार्यान्वयन हुने हो भने धेरै हदसम्म एम्बुलेन्स र भाडाका ट्याक्सीबीचको समानता मेटिन सक्छ । तर, सरकारले नीति-प्रतिवेदनको प्रतिलिपि एम्बुलेन्स चलाउने प्रत्येक संस्थालाई पठाउने त गरेको छ । तर, त्यो कार्यान्वयन भए-नभएको अनुगमन गर्ने जाँगर देखाएको छैन ।

यसैले धेरै एम्बुलेन्सले विरामीसँग मनपरी शुल्क उठाउँदै आएका छन् । प्रहरीले २०६१, माघ २६ गते पूर्वाञ्चलमा विरामीलाई न्यूनतम सुविधा नदिएको, चर्को शुल्क उठाएको आरोपमा तीनवटा एम्बुलेन्सलाई नियन्त्रणमा लिएको थियो । लायन्स क्लब अफ दन्तकाली, धरानको को. १ च १८०४ नम्बरको मारुती भ्यान, गोमा मेमोरियल ट्रस्टको को. १ च ३१६९ नम्बरको महेन्द्रा जिप र मानबहादुर मेमोरियल ट्रस्ट, दमकको नम्बरबिनाको टाटा सुमो जिपलाई सेवामा सुधार ल्याउने सर्तमा छाडिएको थियो । तर, तिनको स्थिति सुध्रिएको छैन ।

सेवाको नाममा हुने व्यापार रोक्न सरकारले प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एम्बुलेन्स सेवा समिति गठन गर्ने नीति लिएको छ, जसको सदस्य सचिवमा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख हुने व्यवस्था छ । तर, यो समितिको काम एम्बुलेन्स सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई भन्सार छुटका लागि सिफारिस गर्नुमै सीमित हुन पुगेको छ । गाडी ल्याउँदा भन्सार शुल्क तिर्नु नपर्ने, विरामीसँग चर्को शुल्क उठाउँदा पनि सरकारी हस्तक्षेप नहुनेजस्ता कारणले एम्बुलेन्स सेवाको आकर्षण यता आएर निकै बढेको छ ।

यसैले गाडी कुद्ने कच्ची बाटोमात्रै खनिएको गाउँमा समेत एम्बुलेन्स पुग्न थालेका छन् । सुनसरीमा मात्रै अहिले १९ वटा एम्बुलेन्स छन्, जब कि २०५१ सालसम्म रेडक्रसको एउटा एम्बुलेन्सले नै पूरै जिल्ला भ्याउनुपर्थ्यो । सुनसरी रेडक्रसका सभापति टोमप्रसाद आचार्य भन्छन्, 'कति एम्बुलेन्सले लास पनि बोक्ने गरेका छन् ।' ■

# विषादीले बजार बर्बाद

**विषादीको अत्यधिक प्रयोग** भएका कारण इलाममा उत्पादित अर्थोडक्स चियाको युरोपेली बजार लगभग ठप्प भएको छ। परीक्षणका लागि पठाइएका नमुनाहरू युरोपेली चिया समिति र जर्मन चिया परिषद्ले विषादीका कारण जनाउँदै धमाधम फर्काउन थालेपछि इलामे चियाको युरोपेली बजार ठप्प भएको हो।

फिक्कलस्थित स्मल टी प्रोड्युसर्सले परीक्षणका लागि पठाएको २ सय ५० ग्राम अर्थोडक्स चियाको नमुना अत्यधिक विषादीका कारण गत साता फर्केको छ। 'विषादीको कारण बताउँदै चिया खरिद नगर्ने भन्दै फर्काए। हामीसँग ४५ हजार किलोग्राम तयारी चिया छ। अब कता बेच्ने भन्ने समस्यामा परेका छौं', स्मल टीका प्रबन्धक कमलकुमार राना भन्छन्। उता आइतबारेस्थित इलाम टी प्रोड्युसर्सलगायतका चिया कारखानाहरूले गत वर्ष जर्मन चिया परिषद् र युरोपेली चिया समितिमा नमुना पठाउँदा पनि फर्किएको थियो। 'गत साल नमुना फर्केपछि यसपटक हामीले परीक्षणका लागि नमुना नै पठाएका छैनौं', इलाम टीका प्रबन्धक हरि तिम्सिना भन्छन्।

इलाममा उत्पादित ७५ प्रतिशत अर्थोडक्स चियाको बजार युरोप हो। युरोपेली चिया समिति र जर्मन चिया परिषद्मार्फत नै इलामका अर्थोडक्स चिया युरोपका विभिन्न मुलुकमा जाने गर्थ्यो। तर, समिति र परिषद्ले सन् २००३ मा खाद्य तथा पेय पदार्थको रहल अवशेषको मापदण्ड तयार गर्दै इथियन, मानोक्रोटोफस, फोरेट र क्विनालफोसजस्ता विषादी निषेध गरेपछि इलामको अर्थोडक्स चियाको बजार संकटमा परेको हो।

विषादी न्यूनीकरणको क्षेत्रमा काम गर्दै आएको संस्था नामसालिङ सामुदायिक विकास केन्द्रका अनुसार इलाममा ७५ प्रतिशतभन्दा बढी चिया किसानले मानवस्वास्थ्यका लागि हानिकारक विषादी प्रयोग गर्छन्। केन्द्रले दुई वर्षअघि कन्यामका पाँच सय ५३ वटा परीक्षण गर्दा ७८ प्रतिशत किसानले विषादी प्रयोग गरेको पाइएको केन्द्रका कृषि अधिकृत योगेन्द्रमान श्रेष्ठले बताए। श्रेष्ठका अनुसार ९० प्रतिशत किसान रोग छिटो नियन्त्रण गर्नका लागि कडा औषधी बनाएर बढी मात्रामा प्रयोग गर्ने गर्छन्।

अर्थोडक्स चियाको वैकल्पिक बजार भारतको कोलकाता हो। 'तर, त्यहाँ अत्यन्तै कम भाउमा चिया बिक्री हुन्छ', इलाम टीका प्रबन्धक तिम्सिना भन्छन्। उनका अनुसार चियाको उत्पादन लागत प्रतिकेजी करिब एक सय २० रुपैयाँको हाराहारीमा पुग्छ। तर, कोलकातामा प्रतिकेजी चियाले एक सय रुपैयाँभन्दा बढी मूल्य पाउँदैन। 'सामान्य खर्च धान्नकै लागि भए पनि कोलकातामा चिया पठाउन बाध्य छौं', तिम्सिना भन्छन्।

## हरियो चियापत्तीको भाउ घट्यो

अर्थोडक्स चिया विषादीका कारण युरोपेली बजारमा जान छाडेपछि स्थानीय चिया कारखानाहरूले हरियो चियापत्तीको भाउ धमाधम घटाउन थालेका छन्। यसले गर्दा चियाकिसान मर्कामा परेका छन्।

स्मल टी प्रोड्युसर्सले प्रतिकेजी १८, १६ र १४ रुपैयाँ निर्धारण गरेको छ। यसअघि चियापत्तीको मूल्य त्यहाँ २१ रुपैयाँ ५० पैसा र १८ रुपैयाँ प्रतिकेजी चियापत्तीको मूल्य थियो। यसैगरी इलाम टी प्रोड्युसर्सले पनि पुरानो मूल्य १९, १६ र १३ रुपैयाँ प्रतिकेजीलाई घटाएर १६, १३ र १० रुपैयाँ प्रतिकेजी बनाएको छ। हिमालय रेन्ज चिया उद्योग फिक्कलले पनि पुरानो मूल्य १९, १४ र १२ रुपैयाँ प्रतिकेजीलाई घटाएर १६, १३ र १० रुपैयाँ प्रतिकेजी कायम गरेको छ। अन्य चिया कारखानाहरू पनि चियापत्तीको मूल्य घटाउने तरखरमा छन्। 'किसानहरूसँग सल्लाह गरेर हामी पनि चाँडै नै मूल्य घटाउँछौं', माइगुराँसे इलाम टी प्रोड्युसर्सका प्रबन्धक धनकुमार तिम्सिनाले बताए। उनले वर्षायाममा चियापत्तीको गुणस्तर खस्कने भएकोले पनि मूल्य घटाउनुपर्ने अवस्था भएको बताए। तर, उक्त कारखानाले यसअघि वर्षभरि एउटै मूल्य कायम गर्थ्यो।

इलाममा रहेका १० वटा निजी चिया कारखानाले दैनिक ४० हजार किलोग्राम हरियो चियापत्ती प्रशोधन गर्छन्। इलाममा दैनिक एक लाख किलोग्राम हरियो चियापत्ती उत्पादन हुने भएकाले बाँकी चियापत्ती भारत निकासी हुने गर्छ। तर, भारतीय व्यापारीहरूले पनि स्थानीय कारखानासँग समायोजन गर्न मूल्य घटाउने गर्छन्।

किसानहरूले बेवास्ता गर्दै विषादीको प्रयोग गरेका कारण अर्थोडक्स चियाको अन्तर्राष्ट्रिय बजार संकटमा परेको हो। यसको प्रत्यक्ष मार किसानहरूले पनि भोग्नु परेको छ। पाँच वर्षअघि हरियो चियापत्तीको मूल्य ३५ रुपैयाँ प्रतिकेजी पुगेको थियो। तर, अन्तर्राष्ट्रिय बजारमा जैविक चियाको मात्र माग बढेका कारण इलाममा हरियो चियापत्तीको मूल्य अहिले अत्यन्तै न्यून भएको छ। यसबाट किसानलाई सामान्य लगानी उठाउन पनि धौ धौ परेको छ। अझ कृषि विकास बैंकबाट ऋण लिएर खेती गर्ने किसानलाई त ब्याज तिर्नसमेत मुस्किल परेको छ। बैंकले पनि चियामा गरिएको लगानी लक्ष्यअनुरूप असुल हुन नसकेको बताउँदै यसै वर्षदेखि चियाखेतीमा लगानी गर्न पनि बन्द गरेको छ।

## आचारसंहिताको चुनौती

किसानहरूलाई जैविक चिया उत्पादनतर्फ उन्मुख गराउनका लागि चियासँग सरोकार राख्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको 'चिया सञ्जाल'ले तयार गरेको आचारसंहिता परीक्षणको रूपमा इलामको फिक्कलस्थित स्मल टी प्रोड्युसर्स प्रालि र साँखेजुङस्थित हिमालयन साँग्रिला टी प्रोड्युसर्स प्रालिमा नयाँ आर्थिक वर्षसँगै लागू गर्ने टुंगो भएको छ।

सर्त र प्रक्रियाहरूबारे जानकारी गराएपछि ती कारखानाले प्रतिबद्धता व्यक्त गर्नाले आचारसंहिता लागू गर्ने निश्चित भएको सञ्जालको सदस्य संस्था एसएनभीका अमर लामाले बताए। उनकाअनुसार ती चिया कारखानाका प्रबन्धक र प्रमुखलाई तथा त्यहाँ चियापत्ती बेच्ने दुई सय किसानलाई आचारसंहिता तथा प्रारम्भिक चरणका प्राविधिक जिम्मेवारीबारे जानकारी गराउने काम भर्खर सकिएको छ।

चिया सञ्जालले तयार गरेको आचारसंहितामा प्रकृतिको सम्मान, जनताको सम्मान, पारदर्शिता र गुणस्तरीय उत्पादन गरी चारवटा बुँदा समावेश गरिएको छ। ती चार बुँदाभित्र रहेर आवश्यक मापदण्ड निर्धारण गर्दै जाने उक्त अभियानका परामर्शदाता महेश्वर घिमिरेले बताए।

'अब आचारसंहिताको प्रमाणीकरण प्राप्त गरिसकेको चियाले मात्र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्छ', घिमिरेले बताए। प्रमाणीकरण भइसकेपछि किसानलाई हरियो चियापत्ती र कारखानालाई प्रशोधित चियाको बिक्रीका लागि कुनै कठिनाइ नहुने उनको दाबी छ। 'तर, युद्धस्तरमा काम गर्दा पनि हामीलाई आचारसंहिताको प्रमाणीकरण गर्न दुई वर्ष लाग्छ', घिमिरे भन्छन्। उनका अनुसार नेपालमा चियासम्बन्धी आचारसंहिताको प्रमाणीकरण गर्ने अन्तर्राष्ट्रिय मान्यताप्राप्त स्वतन्त्र संस्था अहिलेसम्म छैन। त्यस्तो स्वतन्त्र संस्था नबनुन्जेलसम्मका लागि हिमालयन अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसन (होट्पा)अन्तर्गत गठित तदर्थ समितिले प्रमाणीकरणको काम गर्ने भएको छ।

■ **रोशन साँवा/इलाम** (तस्वीर पनि)



# विष भित्र्याउन सहुलियत !



वातावरण मन्त्रालयका रसायनविद् सुमन शर्मा




**विदेशी कवाडीहरूको** आर्थिक प्रभावमा परेका अर्थमन्त्री डा. रामशरण महतले आम नेपालीको स्वास्थ्य तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताका प्रावधानमा खेलवाड गर्दै असार २८ गते प्रस्तुत गरेको बजेटमार्फत अत्यन्त विषालु रसायनको आयातमा भन्सार छुट दिने घोषणा गरेका छन्। उनले अन्तर्राष्ट्रिय रूपमा प्रतिबन्धित विभिन्न रासायनिक, अस्पतालजन्य फोहरको आयातमा भन्सार सहुलियत दिने जनाएका छन्। सरकारको यो निर्णयले नेपालीको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने निश्चित भएको वातावरणविद्हरू बताउँछन्।

शाही सरकारका पालामा अर्थमन्त्री रुप ज्योतिले वातावरणीय स्वास्थ्यका दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण मानिने फोहर रासायनिक झोलहरू, फोहर अम्लीय मिश्रण र स्वास्थ्य संस्थाबाट फालिएको फोहर आदिलाई २५ प्रतिशत भन्सार तिरेर ल्याउने व्यवस्था गरेको थियो। यो नेपालले समेत हस्ताक्षर गरेको खतरनाक फोहरको अन्तर्राष्ट्रिय आवागमन नियन्त्रणसम्बन्धी बासेल महासन्धिको उल्लंघन थियो।

तर, जनआन्दोलनबाट स्थापित वर्तमान सरकारले शाही सरकारको गलत कदमलाई पनि उछिन्दै यस खाले प्रदूषक पदार्थ भित्र्याउनेलाई भन्सार सुविधा दिने निर्णय गरेको छ। तर, त्यो सुविधाबारे प्रस्तुत बजेटमा राम्ररी खुलाइएको छैन।

विकसित मुलुकहरूले आफ्नो मुलुकमा थुप्रिएका यसखाले खतरनाक विषालु प्रदूषक पदार्थ तह लगाउन नेपालजस्ता विकासोन्मुख मुलुकमा पठाउने गर्छन् र यसरी आयात गरिने कमसल र गुणस्तरहीन रसायन तथा अन्य पदार्थ उद्योग तथा कलकारखानामा प्रयोग हुने गर्छन्। आयातमा भन्सार सहुलियत दिइएका यसखाले वस्तु तथा पदार्थमा मेटल पिकलिंक लिकर्स, हाइड्रोलिक मेसिन, फ्लुइड्स तथा एन्टी फ्रिज फ्लुइड्स रहेका छन्। यी वस्तु तथा पदार्थको नेपालमा पुनः प्रयोग हुने गरेका छन् जसले वातावरणीय ह्रास निम्त्याउने गर्छ।

वातावरणमा उल्लेखनीय प्रदूषण गर्न सक्ने वस्तु तथा पदार्थको आयातमा सहुलियत सरकारले दिए पनि यसका लागि सम्बन्धित निकाय वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सहमति नलिएको जानकारीमा आएको छ।

प्रयोगमा आइसकेका प्लास्टिक तथा धातुबाट निर्मित उपकरणहरू, सवारीसाधनको आयातमा समेत सम्बन्धित मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ। वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले विगतमा थुप्रै अस्पतालले उपहारस्वरूप प्राप्त गरेका स्वास्थ्य सेवासँग सम्बन्धित उपकरणलाई प्रावधानअनुरूप आयातका लागि स्वीकृति दिएको तर जोखिमपूर्ण फोहरमैलाका रूपमा परिचित सिसाका पत्रुहरूको आयातमा अनुमति नदिएका उदाहरण छन्।

त्यसैगरी प्लास्टिक आयात गरी त्यसको 'रिसाइक्लिङ'का लागि परेको निवेदनलाई वातावरणीय सुरक्षालाई ध्यानमा राखी अनुमति दिएको छैन। 'प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वातावरण तथा मानव स्वास्थ्यमा असर गर्ने यस्ताखाले वस्तु तथा पदार्थको आयात व्यवसायिक तवरमा नाफा भए पनि भित्र्याउन मिल्दैन', वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका रसायनविद् सुमन शर्मा भन्छन्, 'यसखाले वस्तुको ओसारपसार संसारभर नै प्रतिबन्ध लागेको छ।'

'कन्ट्रोल अफ ट्रान्सबाउन्डरी मुभमेन्ट अफ हजार्डस वेस्ट एन्ड दियर डिस्पोजल' सम्बन्धी बासेल कन्भेन्सनले यसखाले रसायन पदार्थ तथा वस्तुको आयात निर्यात परै जाओस्, एक देशबाट अर्को देशमा स्थानान्तरणका लागि अनुमति समेत दिएको छैन। वातावरणमा प्रतिकूल असर गर्न सक्ने फोहरमैला धनी तथा औद्योगिक राष्ट्रहरूबाट विभिन्न बहाना तथा प्रलोभनमा गरिब तथा विकासोन्मुख मुलुकमा नथोपर्न बासेल महासन्धि स्थापना भएको हो। नेपालले संसद्बाट पारित गराएर यस महासन्धिमा सन् १९९७ मा हस्ताक्षर गरेको थियो। सन्धि ऐनअनुसार पनि नेपालले आफू पक्ष राष्ट्र भएका सन्धिहरूको प्रावधानलाई राष्ट्रिय कानुनसरहको दर्जा दिएको छ। राष्ट्रिय कानुनसँग केही प्रावधान बाझिएका भएमा महासन्धिका प्रावधान नै लागू हुने व्यवस्था भएकाले यस प्रकारको आर्थिक नीतिले महासन्धिका प्रावधान उल्लंघन भएको मानिन्छ। शर्मा भन्छन्, 'महासन्धिलाई अनुमोदन गरेको नेपालले यसखाले आर्थिक नीति ल्याउनु महासन्धिका प्रावधानसँग बाझिएको मान्न सकिन्छ।'

आयातमै कडाइका साथ प्रतिबन्ध लगाउनु पर्ने वस्तुमा उल्टो भन्सार सहुलियत दिएर सरकारले वातावरणीय स्वास्थ्यमा खेलवाड गरेको वातावरणीय स्वास्थ्य विशेषज्ञहरू बताउँछन्। 'यसखाले वस्तु तथा पदार्थ सजिलै डिस्पोज हुँदैनन् र कुनै पनि फोहरलाई वातावरणीय हिसाबले सुरक्षित तवरमा तह लगाउने मापदण्ड हाम्रो मुलुकमा छैन', इन्भाइरोमेन्ट एन्ड पब्लिक हेल्थ अर्गनाइजेसन (एन्फो)का कार्यकारी निर्देशक रोशनराज श्रेष्ठ भन्छन्, 'यसखाले प्रदूषक पदार्थले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउँछ।'

■ **मनीष गौतम/काठमाडौं**

## नीतिगत भ्रष्टाचार

प्रदूषक सवारीसाधनलाई कारबाहीको साटो अर्थमन्त्री डा. रामशरण महतले पन्ध्रवटा पुराना सवारीसाधन उपत्यकाबाहिर लगेमा त्यसको साटो युरो मापदण्डका गाडीमा ३३ प्रतिशत भन्सार छुट दिने नीति बजेटमार्फत सार्वजनिक गरेका छन्। वातावरणविद्हरूले यसलाई नीतिगत भ्रष्टाचार भनी आलोचना गरेका छन्। प्रदूषक सवारीधनीलाई जरिवाना या बढी कर लगाउनु पर्नेमा उल्टै भन्सार सहुलियत दिई गाडी आयात व्यवस्थामा 'गिरोह' हावी देखिएको छ। नयाँ भन्सार व्यवस्थाबाट गाडीका एजेन्ट र आयातकर्ता मात्र लाभान्वित हुने देखिन्छन्। त्यसैगरी प्रदूषण नियन्त्रण गर्ने नाममा गाडीलाई उपत्यकाबाहिर पन्छाएर सरकारले राजधानीबाहिरका नागरिकप्रति दोस्रो दर्जाको व्यवहार गर्न खोजेको छ।



राजधानीस्थित सरकारी स्कुल रत्नराज्य मावि

# बढ्दो छ स्तर

■ छत्र कार्की, ज्योति देवकोटा/काठमाडौं

**बालबालिकालाई किताबको भारी** बोकाएर बोर्डिङ स्कुल पठाउन सधैं लालायित हुने अभिभावकलाई मात्र होइन, चर्को शुल्क उठाएर नाफा कमाउन पल्केका बोर्डिङ स्कुल सञ्चालककै लागि पनि चुनौती भएको छ, राजधानीका सरकारी स्कुलहरूको वर्षैपिच्छे बढ्दो एसएलसीको सफलता। राजधानीका केही सरकारी स्कुलले विशिष्ट श्रेणीसहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएपछि बोर्डिङ स्कुल मात्र गुणस्तरीय हुन्छन् भन्नेहरूका लागि ठूलो जवाफ भएको छ।

२०६२ सालको एसएलसी परीक्षामा काठमाडौंका सार्वजनिक विद्यालयले अघिल्लो वर्षभन्दा राम्रो नतिजा हासिल गरेका छन्। जिल्ला शिक्षा कार्यालयकाअनुसार काठमाडौंका सरकारी विद्यालयको औसत उत्तीर्ण दर ७५ प्रतिशत र निजी विद्यालयको औसत उत्तीर्ण दर ९० प्रतिशत रहेको छ। गतवर्ष राजधानीका सरकारी विद्यालयको उत्तीर्ण दर ६० प्रतिशत थियो। नन्दी मावि, नक्सालका प्रधानाध्यापक भोला थपलिया भन्छन्, 'यसपटकको नतिजाले राजधानीका सार्वजनिक विद्यालय निजीभन्दा कमजोर छैनन् भन्ने सन्देश गएको छ।' तर, राजधानीबाहिर जिल्लाका सार्वजनिक विद्यालयको नतिजा भने दयनीय छ।

राजधानीका पद्मोदय मावि (पुतलीसडक), मंगलोदय मावि (थानकोट)ले विशिष्ट श्रेणीसहित शतप्रतिशत नतिजा ल्याएका छन्। त्यसैगरी ज्ञानोदय मावि (बाफल), रत्नराज्य मावि (बानेश्वर), तरुण मावि (बालाजु), कंकाली मावि (नैकाप), शिवपुरी उच्च मावि (महाराजगन्ज), विश्वनिकेतन उच्च मावि (त्रिपुरेश्वर), पशुपति मित्र मावि (चावहिल), गुह्येश्वरी मावि (गौशाला), जुद्ध पब्लिक मावि (क्षेत्रपाटी), तिलिङटार उच्च मावि (धापासी), टंगाल मावि (टंगाल), नन्दी मावि (नक्साल), महेन्द्र मावि (बौद्ध) लगायतका विद्यालयले ९० प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउन सफल भएका छन्। पद्मोदय, ज्ञानोदय, रत्नराज्य, विश्वनिकेतनको विगत पाँच वर्षको उत्तीर्ण दर ९५ प्रतिशतको हाराहारीमा रहेको छ।

यसपटक राजधानीका सार्वजनिक विद्यालयको नतिजा राम्रो हुनुको कारक तत्त्व के हो त ? आम जिज्ञासा छ। के गुणस्तर अभिवृद्धि भएकै कारण नतिजाको स्तर उक्सेको हो त ? पद्मोदय मावि (पुतलीसडक)का प्रधानाध्यापक रमेशप्रसाद गौतम भन्छन्, 'जुन विद्यालयले गणित, अंग्रेजीजस्ता अप्ठ्यारा विषयमा अतिरिक्त कक्षा सञ्चालन गरेर पढाइलाई प्राथमिकता दिएका छन्, तिनीहरूको नतिजा राम्रो रहेको छ।' राजधानीका सरकारी स्कुलले बोर्डिङ स्कुललाई आफ्नो प्रतिस्पर्धीका रूपमा लिन थालेपछि विगत केही वर्ष यता सरकारी स्कुलहरूको नतीजा सुधारोन्मुख भएको धारणा छ शिवपुरी उच्चमावि, महाराजगंजका प्रधानाध्यापक त्रिरत्न शाक्यको।

एसएलसीको उत्कृष्ट नतीजा हात लाग्नुमा शिक्षकको भूमिकाले काम गरेको हुन्छ। अहिले शतप्रतिशत नतीजा ल्याएका राजधानीका सरकारी विद्यालयलाई हेर्दा पनि त्यहाँ शिक्षकका साथै प्रधानाध्यापकको सशक्त भूमिका रहेको देखिन्छ। एसएलसीको कमी कमजोरी केलाएर गरिएको एक अध्ययनले पनि सार्वजनिक विद्यालयको स्तर उकास्न प्रधानाध्यापकलाई सशक्त पार्नुपर्नेमा जोड दिएको छ। शिक्षाविद् केदारभक्त माथेमा संयोजक रहेको उक्त समूहले तयार पारेको प्रतिवेदनमा सार्वजनिक विद्यालयको स्तर उकास्न शिक्षक तालिम, भौतिक तथा शैक्षिक पूर्वाधारमा जोड दिनुपर्ने उल्लेख छ। राजधानीका प्रायजसो सबै विद्यालयको भौतिक पूर्वाधार कमजोर छैन भने विषयगत शिक्षक पनि दक्ष रहेका छन्। शिवपुरी उच्च मावि

(महाराजगन्ज)का प्रधानाध्यापक शाक्य भन्छन्, 'उपलब्ध स्रोत साधन र जनशक्ति राम्ररी परिचालन गर्ने हो भने राजधानीका सार्वजनिक विद्यालयले अझै राम्रो नतिजा हासिल गर्न सक्छन् ।'

अहिले निजी बोर्डिङ स्कुलमा पढ्ने विद्यार्थीहरू प्रायजसो उच्च र मध्यमवर्गीय परिवारका छन् भने सार्वजनिक विद्यालयमा पढ्ने विद्यार्थीहरू अधिकांश निम्नमध्यम वर्गका । सार्वजनिक विद्यालयका कतिपय विद्यार्थीले त बिहानबेलुका काम गरेर पढ्नु पर्ने अवस्था छ । साँच्चिकै भन्ने हो भने आम मानिसमा सार्वजनिक विद्यालय निम्न वर्गको हो भन्ने धारणा विकास भएको छ । यस्तो सामाजिक विभेदले अन्यायपूर्ण वातावरण सिर्जना हुने विज्ञहरूको धारणा छ । 'सार्वजनिक विद्यालयप्रति सरकार उत्तरदायी बन्न सकेको छैन', शिक्षाविद् विष्णु कार्की भन्छन्, 'सरकारले राम्रो दृष्टि नदिएकाले केहीलाई छाडेर अधिकांश सार्वजनिक विद्यालयबाट विद्यार्थीले स्तरीय शिक्षा पाउन सकेका छैनन् ।'

मुलुकबाहिरका विद्यालयको दाँजोमा राजधानीका सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर समग्रमा निरासलाग्दो छैन । तर, बोर्डिङ स्कुलको पछि दौड्ने प्रवृत्तिका कारण आम अभिभावकले सार्वजनिक विद्यालयप्रति चासो राखेको पाइँदैन । परीक्षामा राम्रो नतिजा ल्याउँदा ल्याउँदै पनि अभिभावकहरूको चासो कम भएका कारण र प्रचार युद्धमा सरकारी स्कुलहरू पछि परेका कारण राम्रो नतिजा ल्याए पनि ओझेलमा परेका छन्, सरकारी स्कुलहरू । शिवपुरी उच्च माविका प्रधानाध्यापक शाक्य भन्छन्,

## २०६२ सालको एसएलसी नतिजा

| विद्यालयको नाम | उत्तीर्ण दर (प्रतिशतमा) |
|---|---|
| पद्मोदय मावि, पुतली सडक | १०० |
| मंगलोदय मावि, थानकोट | १०० |
| ज्ञानोदय मावि, बाफल | ९८.३ |
| तरुण मावि, बालाजु | ९८.७ |
| नेपाल राष्ट्रिय मावि, नेपालटार | ८८.८ |
| कंकाली मावि, नैकाप | ९६ |
| शिवपुरी मावि, महाराजगन्ज | ९३ |
| रत्नराज्य मावि, बानेश्वर | ९८.१५ |
| नन्दी मावि, नक्साल | ९८.७ |
| विश्व निकेतन उच्च मावि | ९१.१२ |

'बोर्डिङ स्कुल भन्नेबित्तिकै प्रतिष्ठासँग जोडिने भएकोले गर्दा होला, स्तरीय सार्वजनिक विद्यालय र निजी बोर्डिङमध्ये छनोटमा बोर्डिङ नै पर्छ ।'

तर, गुणस्तरको हिसाबले सार्वजनिक विद्यालय पनि कमजोर नभएको दाबी छ, ज्ञानोदय माविका प्रधानाध्यापक धनन्जय शर्मा पौडेलको । पौडेल भन्छन्, 'व्यावहारिक जीवनमा चाहिने शिक्षा दिने क्रममा सार्वजनिक विद्यालय अगाडि छन्, निजी विद्यालय बढी परीक्षामुखी देखिएका छन् ।'

अनुगमन र मूल्यांकन परिपाटी चुस्त बनाउने हो भने सार्वजनिक विद्यालयको स्तरमा अझै सुधार हुने देखिन्छ । तर, अनुगमनको पाटो अत्यन्तै फितलो रहेको छ । यति हुँदाहुँदै पनि राजधानीका सार्वजनिक विद्यालयले मुलकभरका विद्यालयको इज्जत धानेका छन् ।

राजधानीबाहिरको नतिजाले सरकारी विद्यालयप्रति घटेको भरोसालाई राजधानीका विद्यालयहरूले थामेको अवस्था छ । तैपनि, व्यवहारिक शिक्षालाई हेर्ने हो भने निजी स्कुलको क्षमता राजधानीबाहिरका स्कुलबराबर पनि नभएको भन्दै काठमाडौंका जिल्ला शिक्षा अधिकारी लक्ष्मण खनाल भन्छन्, 'यहाँका सार्वजनिक विद्यालयको उत्तीर्ण दर निजी विद्यालयको भन्दा केही कम होला । तर, शैक्षिक वातावरण पक्कै राम्रो छ ।'

राजधानीका केही सार्वजनिक विद्यालयले साख जोगाए पनि मुलुकभरका सार्वजनिक विद्यालयको शैक्षिक स्थिति दयनीय छ । शिक्षाविद् केदारभक्त माथेमा सार्वजनिक विद्यालयलाई बलियो नबनाईकन सामाजिक न्याय स्थापित नहुने तर्क राख्छन् । उनी भन्छन्, 'समाजमा दुई खाले शिक्षा भयो भने वर्गीय खाडल बढ्छ, यो राम्रो कुरा होइन । त्यसैले मुलुकभरका सार्वजनिक विद्यालयको स्तर माथि उठाउनु आवश्यक छ ।' मुलुकभरका विद्यालयको गुणस्तर सुधार गर्न सरकारले प्राथमिकतासाथ काम गर्नुपर्ने कुरा पनि उठिरहेको छ । तैपनि, सरकारले देखाउने सरकारी स्कुलहरूप्रतिको गैरजिम्मेवारपन सरकारी स्कुललाई कमजोर पार्ने कारकतत्त्व हो । नन्दी माविका प्रधानाध्यापक थपलिया भन्छन्, 'समग्र मुलुकका सरकारी विद्यालयको गुणस्तर नसुधीकन राजधानीका विद्यालयको नतिजामा मात्र रमाउनुको अर्थ हुँदैन ।'■


# L. R. I. COLLEGE

**OPENS ADMISSION IN GRADE-XI (COMMERCE)**

**NICE TO KNOW ABOUT US**

- Morning classes (6 to 9:30 AM) by the experienced faculty.
- Field visits, project assignments, and career counseling.
- Individual attention, guidance, and holistic evaluation.
- Scholarships offered to the meritorious and needy students.



"The fundamentals of management education that my teachers gave me at LRI always kept my higher education and career truly placid."

**Indira Rijal**
CA (Final), Delhi

"I would always appreciate the entire LRI family for guiding me to be what I am today. I am proud that I had made a right choice."



**Siju Shakya**
Management Freelancer

**Prospectus and Admission Forms are available from Sunday to Friday between 9 AM and 5 PM.**

**Kalankisthan, Kathmandu.**
Tel: 4271188, 4278515,4276170, Fax: 4302703,e-mail: lri@enet.com.np

पहिरोले गाउँ नै बगाएपछि उद्धारमा खटिरहेका सुरक्षाकर्मी र माओवादी



राम गुरुङ

# अधमरो गाउँको कथा

**दुई दिनदेखि** उर्लेको भुरुङदी खोला उसै गरी गर्जिरहेको थियो, पानी उसै गरी दर्किरहेको थियो। तर, अघिल्लो दिनसँगै मेलापात गरेका र हाँसेखेलेका छिमेकी उनीहरूको साथमा छैनन्। हो, गाउँको आधापाटो पहिरोले स्वाट्टै बगाइदिएपछि बाँचेकाहरू आधा मुटु बोकेर बाँचेको अनुभव गरिरहेका छन्।

कास्कीको उत्तरपश्चिमी गाउँ दाङसिङको नेपानेमा गएको पहिरोको छेउमा बाँचेकाहरूलाई अब खोलापारिबाट घर हेर्न पनि मन नलाग्ने भएको छ। गाउँपारिको तीखेढुंगास्थित भगवती निम्नमाध्यमिक विद्यालयमा बसिरहेका एक दर्जन परिवारलाई खाना र सुत्नको समस्या त छँदैछ। तर, त्यो भन्दा विछोडको चोट बढी परेको छ।

भोलिपल्टलाई बारीको कामको चाँजोपाँजो मिलाउन बाजेबज्यैलाई मूलघरमा छोडेर १८ वर्षीय प्रदीप विक माथिल्लो गाउँ उल्लेरी चढेका थिए,। सबेरै तल झरेर उनले बाजेबज्यैलाई उठाउने सल्लाह थियो। तर, त्यही रात बाजेबज्यै कहिल्यै नउठ्ने गरी निदाइसकेका थिए। भोलिपल्ट सखारै प्रदीप आफैंले बेल्चा लगाएर आफ्ना बाजेबज्यैको शव निकाल्दा उनको होस ठेगानमा थिएन।

बीस वर्षअघि उलेरीको उकालो भनेर चिनिने भुरुङदी खोला किनारको त्यो पाखामा तरेली बारी र जंगलबाहेक केही थिएन। घोरेपानीतर्फ जाने पदमार्गको रूपमा चिनिएर पर्यटकको ओइरो लाग्न थालेपछि नजिकैका गाउँका मगर र दलित परिवार त्यहाँ आइपुगेका थिए। मुलुकमा जागेको शान्तिको आशासँगै पर्यटकको प्रतीक्षामा सिंगारिएका घरको ठाउँमा अहिले आलो पहिरो छ।

बगेका तेह्र घरमध्ये ६ घर सुनसान थिए। बाँकी बसोवास रहेका घरमा जति थिए, तीन बीसकी एक वृद्धालाई छाडेर कसैले शनिबारको बिहानी देख्न पाएनन्। ५७ वर्षकी बन्सिरी पुन झ्यालबाट हामफालेर आफू बाँचिन्। तर, मुटु छोडेर बाँचेको अनुभव उनलाई भएको छ।

छेवैमा १७ वर्षकी छोरी र ४ वर्षकी नातिनी सुतिरहेका थिए। अचानक माथिबाट आएको पहिरोको थर्कोले नभेट्दै उनी कसो कसो झ्यालबाट उम्किइन्। तर, छोरी र नातिनीले गुहार मागेको बज्यै बचाउ भनेको र हात दिएको पल सम्झनेबित्तिकै उनी बेहोस हुन्छिन्। पहिरो गएको पाँच दिन बितिसक्दा पनि उनको आँखा ओभाएका थिएनन्।

ओजन पुन, शुभराम पुन, जसवीर विक र जंगबहादुर विकको परिवारको रोइदिने पनि कोही रहेन। जति थिए, सबै या त नेपानेको पहिरोमा पुरिए या भुरुङदीको भेलमा बगे। बाँकी तीन परिवारमा पनि बाँच्नेहरू वृद्धा वा बालबालिका मात्रै छन्।

होमबहादुर पुनका दुई छोरी १३ वर्षीया कोपिला र ६ वर्षीया विमला पहिरो गएको राति छिमेकीको घरमा पारिपट्टि सुत्न गएकाले बाँच्न सके। भोलिपल्ट दिनभरि बेहोस भएपछि साँझपख मात्रै उनीहरू रुन थालेका थिए। उनका घरमा पर्वतको सालिजाबाट आएका दुईजना पाहुना पनि थिए भनेर बाँचेकाहरू भन्छन्। तर, उनीहरूको बारेमा कुनै जानकारी आउन सकेको छैन।

रोमनसिंह पुनका १२ वर्षका छोरा सनम अघिल्लो दिन पोखरा झरेका थिए, भोलिपल्ट दिउँसो एफएमको समाचार सुनेपछि गाउँ चढ्न उनको खुट्टै लागेन। बाबुआमा र एक बहिनीको अवसानपछि अब उनी परिवारका एक्ला भएका छन्।

पहिरोमा फेला परेका शवहरू टकमाया पुनको घरको आँगनमा राखिएको थियो। टकमायाकै छोराबुहारी र दुई नातिनातिनाको शव पनि आँगनमा थियो। पिँढीमा बसेर पुर्पुरोमा हात लगाएर उनी सञ्चारकर्मी र सुरक्षाकर्मीले घरी घरी तस्वीर खिच्न अनुहारको ओढ्ने हटाइदिँदा देखिने अनुहार हेरेर बसिरहेकी थिइन्। 'सबै सिद्धियो, बरु मै बूढी जान पाएको भए', उनले सुस्केरा हाल्दै भनिन्।

पूरै शरीर फेला पर्ने सम्भावना कमै रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ घिमिरे बताउँछन्। घटनास्थलमा रेडक्रसले उद्दार र राहतको लागि टोली पठाएको छ। सरकारको तर्फबाट प्रतिमृतक १५ हजार र बगेका घरको चार हजारको दरले राहत रकम प्रदान गरेको छ।

## जनसेना र नेपाली सेनाको सहकार्य

पहिरो गएको खबर सुरुमा पोखरासम्म पुऱ्याउने माओवादी कार्यकर्ता थिए। शनिबार दिउँसो दुई बजेतिर पर्वत र कास्कीबाट सुरक्षाकर्मीहरू पुग्नुअघि नै माओवादीका परिवर्तन स्मृति ब्रिगेडका छापामार र स्थानीय कार्यकर्ता घटनास्थल पुगेर काम सुरु गरिसकेका थिए। नेपाली सेनाको टोली हतियारसहित पुगेपछि सुरुवातमा पाखा लागेका छापामारहरू प्रहरीको आन्तरिक समन्वयपछि फेरि सहकार्य गर्न आइपुगेका थिए।

घाम नलाग्दासम्म पहिरोमा पस्न नसकिने निष्कर्ष निकालेपछि बाँचेकाहरूको सुरक्षाको लागि सरकारी र माओवादी सेनाले कामको बाँडफाँड गरेका थिए। माओवादीले सम्झाइबुझाइ गर्ने काम पाए भने नेपाली सेना र प्रहरीको भागमा उनीहरूलाई सुरक्षितस्थलतर्फ लैजाने काम पऱ्यो। राति सुत्ने बेलामा त्यहाँ पुगेका सेनाले छुट्टै मेस चलाए पनि प्रहरीहरूका लागि भने माओवादी छापामारले नै खानेबस्ने व्यवस्था गरिदिएका थिए।

■ शशि पोखरेल/दाङसिङ


तराईको नागरिकता समस्या पछिल्लो परिवर्तनसँगै मुखर हुन थालेको छ

राजेश घिमिरे

# सुल्झाउने तर, कसरी ?

■ विश्वमणि पोखरेल/काठमाडौं

**अहिले मुलुकको राजनीतिक संक्रमणको सुरक्षित अवतरण संविधानसभाको निर्वाचन हो । तर, हतियारको व्यवस्थापन भए पनि वर्षौंदेखि कचपल्टिएको नागरिकताको समस्या समाधान हुन सकेन भने त्यो संविधानसभाको प्रमुख बाधक बन्ने छ । नागरिकताको समस्या समाधान गर्न सबैजसो राजनीतिक दलहरूले प्रतिबद्धता देखाएका भए पनि समाधानको बाटोबारे कोही पनि स्पष्ट देखिएको छैन ।**

**प्रतिनिधिसभाको** जेठ ४ गतेको ऐतिहासिक घोषणाको पुछारको 'नागरिकता समस्या समाधान गर्ने' बुँदालाई अहिले राजनीतिक दलहरूले निकै प्राथमिकता दिइरहेका छन् । त्यो ऐतिहासिक घोषणामा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र मधेसीमूलका सांसदहरूको दबाबमा नागरिकतासम्बन्धी बुँदा थप गरिएको थियो । दबाबमा थपिएको त्यही बुँदालाई साकार पार्न अहिले सबैजसो राजनीतिक दलहरू आन्तरिक कार्यदल बनाएर नागरिकतासम्बन्धी समस्या समाधानका उपाय खोतल्न थालेका छन् । उनीहरूको मुख्य ध्येय अन्तरिम संविधान मस्यौदा समितिलाई दलहरूले दिने सुझावमा नागरिकतासम्बन्धी मुद्दालाई महत्त्वका साथ प्रस्तुत गर्नु देखिएको छ ।

नागरिकतामा मुद्दामा अहिले देखिए जसरी नै राजनीतिक दलहरू कार्यान्वयनमा खरो उत्रन सके भने वर्षौंदेखि बल्झिएको मधेसको नागरिकता समस्याको छिनोफानो हुनेछ । संविधानसभा निर्वाचनअघि नै नागरिकताबाट बञ्चित लाखौं रतराईबासीलाई 'पहिचान' दिनुपर्ने निर्णयमा दलहरू पुगेको आभास मिलेको छ । तर, नागरिकता वितरण

प्रक्रियाबारे भने उनीहरू ठोस निर्णयमा पुगिसकेका छैनन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले संविधानसभाको मतदाता नामावली तयार हुनुअघि कुनै पनि नेपाली नागरिक नागरिकताविहीन हुन नहुने निर्णय गरेको छ । कानुनी र संवैधानिक झन्झट देखाएर समस्या थाती राख्नु नहुने उल्लेख गर्दै एमाले सांसद वंशीधर मिश्र भन्छन्, 'नेपाली नागरिक ठहरिने सबैलाई अभियानका रुपमा घरदेलौमा गएर नागरिकता बाँड्नुपर्छ ।'

एमालेले औपचारिक रुपमा सार्वजनिक गरी नसकेको नागरिकतासम्बन्धी आन्तरिक प्रतिवेदनमा संविधानसभाको निर्वाचन घोषणाअघि नै नागरिकतासम्बन्धी समस्या टुंगो लागिसक्नुपर्ने उल्लेख छ । एमालेले स्थानीयस्तरमा सर्वपक्षीय टोली बनाएर त्यसको छानबिन र सिफारिसमा नागरिक प्रमाणपत्र वितरण गर्नुपर्ने सुझाव दिने बताउँछन् मिश्र ।

नेपाली कांग्रेसले प्रमुख सचेतक आनन्दप्रसाद ढुंगानाको संयोजकत्वमा मधेसीमूलका अधिकांश सांसद रहेको समिति बनाएर काम गरिरहेको छ । सत्र सदस्यीय समितिले यसै साताभित्र कांग्रेस केन्द्रीय समितिलाई नागरिकतासम्बन्धी सुझाव दिनेछ भने केन्द्रीय समितिले संविधान मस्यौदा उक्त सुझाव बुझाउनेछ । टोली बनाएर अभियानका रुपमा नागरिकता वितरण गर्नुपर्ने धारणा राख्छन् ढुंगाना । भन्छन्, 'संविधानसभाको निर्वाचनअघि नै नागरिकतासम्बन्धी मुद्दा समाधान हुनुपर्छ ।' लामो समयदेखि संविधान र प्रक्रियागत कानुन नागरिकता वितरणमा सबैभन्दा बाधक रहेको पृष्ठभूमिमा ढुंगाना भन्छन्, 'कसरी नेपाली नागरिकले नागरिकता पाउँछन्, त्यसअनुसार कानुन बनाउनुपर्छ ।'

नेपाली कांग्रेस प्रजातान्त्रिकका केन्द्रीय सदस्य एव सांसद उमाकान्त चौधरी नागरिकतासम्बन्धमा मधेसका सांसदहरूसँग छलफलमा व्यस्त छन् । यसै साताभित्र प्रतिवेदन तयार हुने दाबी गर्दै चौधरीले भने, 'पुस्तौंदेखि नेपालमा बस्दै आएका नागरिकले सजिलोसँग नागरिकता प्राप्त गर्ने गरी काम गर्नुपर्छ । स्थानीय सर्वदलीय समितिको सिफारिसमा नागरिकता घरदैलोमा दिने व्यवस्था गर्नुपर्छ ।'

नेपाली कांग्रेस २०३७ सालको जनमतसंग्रहको नामावलीलाई आधार मानेर नागरिकता दिनुपर्ने पक्षमा लामो समयदेखि छ । २०५२ सालमा बनेको महन्थ ठाकुरको संयोजकत्वको नागरिकतासम्बन्धी आयोगले जनमतसंग्रहका बेलाको मतदाता नामावलीलाई आधार बनाएर नागरिकता दिनुपर्ने सुझाव दिएको थियो । अहिले पनि कांग्रेस र प्रजातान्त्रिक कांग्रेसले त्यही नीति लिने सम्भावना छ भने सुरुमा विरोधी देखिएको एमाले जनमतसंग्रहको मतदाता नामावलीप्रति सकारात्मक बनेको छ । मिश्र भन्छन्, 'एमालेको पुरानो अडानमा परिवर्तन आएको छ ।'

स्थापनाकालदेखि नै नागरिकतालाई प्रमुख राजनीतिक मुद्दा बनाउँदै आएको नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) भने नागरिकता वितरण मामलामा सबैभन्दा उदार बन्ने प्रयासमा छ । पार्टीका महासचिव राजेन्द्र महतो अन्य दलहरूझैं घरदैलोमा नागरिकता वितरण हुनुपर्ने उल्लेख गर्दै प्रक्रियाबारे भन्छन्, 'पूर्ण रूपले समस्या समाधान गर्न गाउँमा अविलम्ब नागरिकता वितरण टोली खटाई स्थानीय जनतासामु नागरिकता दिनुपर्छ ।' महतो नागरिकता लिएको स्थानीय व्यक्तिको सिफारिसमा नागरिकता दिनुपर्ने 'उदारवादी' धारणा राख्दै भन्छन्, 'यसो गरेमा जनताको सामुन्ने कुनै गलत मानिसले नागरिकता लिन पाउँदैन । योभन्दा पारदर्शी उपाय अरू हुनै सक्तैन ।'

महतो मतदाता नामावलीमा ठूलो संख्यामा मधेसीमूलका नागरिक छुटेको दाबी गर्दै मतदाता नामावलीलाई नागरिकताको प्रमाणपत्र वितरणको आधार मान्न नहुने बताउँछन् । त्यसैगरी अहिले राजनीतिक दलमा रूपान्तरण हुन खोजी रहेको मधेसी जनाधिकार फोरम पनि मतदाता नामावलीलाई आधार मान्न नहुने पक्षमा छ । फोरमका अध्यक्ष उपेन्द्र यादव भन्छन्, 'मधेसको मतदाता नामावली संकलनमा त्रुटिपूर्ण छ, त्यसको आधारमा दिनु हुँदैन, २०६३ सालसम्म नेपालमा बसोवास गरेका नेपाली नागरिक ठहरिने सबैलाई दिनुपर्छ ।' स्थानीयस्तरका प्रतिनिधिहरूको सिफारिसमा नागरिकता दिनुपर्ने यादवको धारणा छ ।

वर्षौंदेखिको नागरिकताको समस्याको मारमा तराईका २० जिल्लाका मधेसीमूलका नेपाली सबैभन्दा बढी परेका छन् । तर, ती नागरिकताविहीन नेपालीलाई नेपालको नागरिकका रूपमा कसरी पहिचान गर्ने यो मुद्दाको प्रमुख समस्या हो । नागरिकता वितरणमा २०१९ पुस १ गते लागू भएको संविधान बाधक बनेको पञ्चायत कालदेखि प्रमुखताका साथ उठ्दै आएको थियो । तर, प्रजातन्त्र पुनर्स्थापनापछि बनेको २०४७ को संविधान यो विषयमा अझ कडा देखिएको नागरिकताको मुद्दामा वर्षौंदेखि आवाज उठाउँदै आएका मधेसी नेताहरू बताउँछन् ।

२०१९ सालको संविधानले नेपालमा स्थायी बसोवास भएका व्यक्तिहरू नेपाली नागरिक हुने प्रावधान थियो । जो नेपालमा जन्मेको हो, जसका आमाबाबुमध्ये कमसेकम एक नेपालमा जन्मेको छ, नेपालको कानुन र रीतबमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नीमानिस र नेपालको कुनै कानुनबमोजिम नागरिकता प्रमाणपत्र लिइसकेको मानिस नेपाली नागरिक हुने उक्त संविधानमा उल्लेख थियो । तर, त्यसपछि जारी ऐन र नियमावलीमा नागरिकहरूका साथमा कुनै किसिमको कागजी प्रमाण हुनुपर्ने उल्लेख भएकाले नागरिकता समस्या जटिल बन्दै गएको हो ।

कांग्रेस प्रजातान्त्रिकका सांसद शरत्सिह भण्डारी राज्यले नागरिकको पहिचान गरेर तिनलाई नागरिकता दिनेभन्दा पनि कागजी प्रमाण खोज्ने प्रक्रियागत कानुनहरू बनाएकाले मधेसमा बस्ने आदिवासी र तल्लोजातका ठूलो संख्याका मानिस राज्यको वैधानिक नागरिक हुनबाट वञ्चित भएको बताउँछन् । चालीसको दशक अघिसम्म मधेसका मानिसमा नागरिकता लिनुपर्छ भन्ने सोच नै नभएको उनको भनाइ छ । उनी भन्छन्, 'मधेसमा ठूलाबडा र भूमिपतिहरूले निमुखा र विपन्नलाई अधिकारविहीन बनाउने नीति लिएकाले पनि तल्लो वर्गका मानिसहरू नागरिकताबाट वञ्चित भए ।'

चालीसको दशकपछि हरेक सरकारी कामकाजमा नागरिकता प्रमाणपत्र पेस गर्नुपर्ने नीति लिएपछि नागरिकता समस्या मुखरित हुन थालेको देखिन्छ । जुन बेला निमुखा, विपन्नहरूले नागरिकता लिनुपर्छ भन्ने सोच नै थिएन, त्यति खेर उनीहरूसँग कुनै कागजी प्रमाण थिएन । एमाले नेता जितेन्द्र देव भन्छन्, 'सरकारले आफ्नो नागरिक हो कि होइन भन्नेभन्दा पनि कागजी प्रमाणलाई प्रमुख आधार



मानेपछि समस्या बल्झिँदै गएको हो ।'

२०४७ को संविधानले नेपालमा स्थायी बसोवास भएका नेपालको संविधान २०१९ को धारा ७ वा नागरिकता ऐन २०२० को दफा ३ बमोजिम नेपालको नागरिक ठहर्ने व्यक्तिहरू र नेपाल नागरिकता ऐन २०२० को दफा ६ बमोजिम नेपाली अंगीकृत नागरिकता प्राप्त भएका व्यक्तिहरूलाई नेपालको नागरिक ठहऱ्याएको छ । त्यस्तै, संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु उनको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति नेपालको नागरिक मानिने र नेपाल अधिराज्यमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानुनको अधीनमा रही स्वतः नेपालको नागरिक हुने प्रावधान उक्त संविधानमा छ ।

वर्षौंदेखि नेपालमा बसोवास गरेको नागरिक भए पनि उसले नागरिकता प्राप्त गर्न स्थानीय निकायले सिफारिस गरेर मात्र पुग्दैन, नागरिकता वितरण गर्ने जिल्ला प्रशासन कार्यालयका अधिकारीहरूले कागजी प्रमाणलाई मात्र मान्यता दिने गरेकाले नागरिकताका समस्या जकडिँदै गएर विकराल बनेको जानकारहरू बताउँछन् । मधेसीमा तल्लो जाति भनेर चिनिने मुसहर, चमार, वातर, डोम जस्ता आदिवासीहरूसँग तर राज्यले दिएको कुनै खाले कागजी प्रमाण छैन, उनीहरू नै सबैभन्दा बढी नागरिकताबाट वञ्चित भएका छन् ।

भण्डारी भन्छन्, 'वर्षौंदेखि नेपालमा बसेका आदिवासी जो भूमिहीन छन्, तिनीहरूले कसरी प्रमाण जुटाउँछन् ? उनीहरू नै नागरिकताको समस्याबाट सबैभन्दा पीडित छन् ।' आदिवासी र भूमिहीनहरू भूमिपतिको घर वा सरकारी जग्गामा बसोवास गर्दै आएका, उनीहरू बसोबास गर्दै आएको जग्गाको नापी नभएको र भएका जिल्लामा पनि लालपुर्जा वितरण नगरेकाले तल्लो जात भनिने र विपन्नको साथमा कुनै किसिमको कागजी प्रमाण नभएको हो ।

तराईका जिल्लाहरूमा अनागरिकहरूले घुस खुवाएर नागरिकताको प्रमाणपत्र लिने समस्या पनि उत्तिकै छ । गलत मानिसले नागरिकता पाएको अवस्थामा नागरिकता दिने अधिकारीले पनि फौजदारी अपराधसरह दण्ड सजाय पाउने व्यवस्था भए पनि नागरिकताको व्यापार, दलाली र किर्ते गर्नु तराईका प्रशासकहरूको आकर्षण बनेको छ । पूर्व गृहसचिव भोजराज पोखरेल, 'नागरिकता र राहदानी बिक्री नै तराईका जिल्लामा जाने प्रशासकहरूको प्रमुख आकर्षण हो ।'

नेपालको कुनै नागरिकले नागरिकता प्रमाणपत्र लिन चाहेमा सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उपसभापति, नगरपालिकाको प्रमुख वा उपप्रमुख, गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष वा सरकारको बहालवाला राजपत्रांकित अधिकृतको सिफारिस लिनुपर्छ । जिम्मेवार सरकारी अधिकारी वा जनप्रतिनिधिहरूले चाहेमा यस्तो सिफारिस जसलाई पनि दिन सक्ने भएकाले नक्कली नागरिकताको व्यापारमा यो प्रावधान एउटा 'लुपहोल' बनेको छ ।

उता अंगीकृत नागरिकता प्राप्त गर्नेका सन्तानलाई नागरिकता नदिएर सरकारले जटिलता उत्पन्न गरेको छ । २०५४ सालसम्म १३ हजार ३ सय ७४ ले अंगीकृत नागरिकता पाएका छन् भने त्यस्तो नागरिकता प्राप्त गर्न चाहने हजारौंको आवेदन गृह मन्त्रालयमा थन्किएको बुझिन्छ । अंगीकृत नागरिकता संवैधानिक प्रावधान पूरा गरेका विदेशीलाई प्रदान गरिने नागरिकता हो ।

गृह मन्त्रालय, नागरिकता फाँटका उपसचिव गणेश राईका अनुसार २०६२ चैत मसान्तसम्म १ करोड ३३ लाख ४३ हजार २२१ ले नेपाली नागरिकता प्राप्त गरेका छन् । तीमध्ये १ करोड ३१ लाख ३ हजार ९४० वंशज, ६३ हजार ९ सय २३ जन्मसिद्ध (२०३७ सालदेखि बन्द), नेपाली पुरुषसँग विवाह गरेर आएका १ लाख ६१ हजार ९७४ जना विदेशी महिला (अधिकांश भारतीय चेली), १३ हजार ३ सय ७४ अंगीकृत र सर एडमन्ड हिलारी एकजनालाई मात्र सम्मानार्थ नागरिकता प्रदान गरिएको छ ।

नागरिक समस्या समाधान गर्ने प्रयास प्रजातन्त्र पुनःस्थापनापछिका सरकारले नगरेका होइनन् । एमालेले ०५१ सालमा धनपति उपाध्यायको अध्यक्षतामा उच्चस्तरीय नागरिकता छानबिन आयोग गठन गऱ्यो । आयोगले समस्या पहिचान गरे पनि समस्या समाधान गर्न सकेन । आयोगले त्यसै बेला नागरिकताविहीनको संख्या ३२ लाख भएको विवादास्पद तथ्यांक देखायो । सोही प्रतिवेदन देखाएर अहिलेसम्म पनि मधेसमा लाखौंले नागरिकता नपाएको भाषण र चुनावी राजनीति हुने गरेको छ । जनगणना २०५८ अनुसार मधेसको कुल जनसंख्या १ करोड १० लाखभन्दा बढी छ, जसमा मधेसीमूलको जनसंख्या ७० लाख ४२ हजार देखिन्छ । करिब ७० लाख कुल जनसंख्यामा कति मधेसीले नागरिकता लिएका छन्, त्यसको तथ्यांक छैन । तल्लो जात भनिने अधिकांश नागरिकताबाट वञ्चित छन्, उनीहरूको संख्या १४ लाख मात्र छ ।

धनपति आयोग कार्यान्वयन गर्न कांग्रेस नेता महन्थ ठाकुरको संयोजकत्वमा अर्को समिति बन्यो । धनपति र ठाकुरको अध्ययन प्रतिवेदन कार्यान्वयन गराउन एमाले नेता जितेन्द्र देवको एक सदस्यीय कार्यान्वयन समिति बन्यो । देवको नागरिकता वितरण टोलीले करिब ३३ हजार नागरिकता वितरण पनि गऱ्यो । तर, देवको नागरिकता वितरण टोलीले गरेका काम संवैधानिक नभएको भन्दै सर्वोच्च अदालतले बाँडिसकेका ३३ हजारभन्दा बढी नागरिकता खारेज गरिदिएपछि त्यो अभियान पनि ठप्प बन्यो । धनपति आयोग र ठाकुरले दिएको सुझावअनुसार नागरिकता वितरण गर्ने काममा अदालतको फैसला बाधक बन्यो । राजनीतिक दलहरूले व्यवहारिक सजिलो बाटो अख्तियार गर्न खोजेका थिए, अदालतले संवैधानिकता र कानुनभन्दा बाहिर गएर फैसला गर्न सक्ने कुरा भएन ।

नागरिकता समस्या बल्झिनुमा २०४७ को संविधानका प्रावधानले नागरिकतासम्बन्धी पञ्चायतकालीन व्यवस्थालाई नै निरन्तरता दिएको र अन्य प्रक्रियागत कानुनी प्रावधान तथा सरकारी कर्मचारीको मानसिकता बाधक रहेको देव बताउँछन् ।

२०५८ सालमा ठाकुर प्रतिवेदनअनुसार नै नेपाली कांग्रेसले नागरिकतासम्बन्धी ऐनमा संशोधन गरेर नागरिकता समस्या समाधान गर्ने नीति लियो । तर, कांग्रेसको त्यो नीति अति राष्ट्रवादी चिन्तन र सोचबाट प्रभावित संविधान, कानुन र प्रशासनिक प्रक्रियाहरूका कारण असफल बन्यो । कांग्रेसले आर्थिक विधेयकको रूपमा प्रतिनिधिसभाबाट पास गरेको विधेयक राष्ट्रियसभाले अस्वीकार गऱ्यो । राष्ट्रियसभाका मनोनीत सांसदहरूको 'राष्ट्रवादी' सोचबाट विधेयक अस्वीकार गरेको भए पनि सतहमा आर्थिक विधेयकको रूपमा प्रस्तुत गरिएको भन्दै विरोध गरेका थिए । राष्ट्रियसभाले अस्वीकार गरेको




# अहिले अवसर हो

**भोजराज पोखरेल, पूर्व गृहसचिव**



**राज्य आफैंले** आफ्ना नागरिक को को हुन् भनेर भन्नुपर्नेमा नेपालमा नागरिक आफैंले आफूलाई नागरिक प्रमाणित गर्नुपर्ने अवस्था छ । राज्यले नागरिकता प्रमाणपत्र वितरणलाई जटिल विषय बनाएकाले नै समस्या आएको हो । नागरिक छुट्याउन प्रमाण जुटाउनुपर्ने संवैधानिक कानुनी व्यवस्थाले ठूलो संख्याका नागरिक नागरिकताबाट वञ्चित छन् । २०४७ को संविधानले वर्षौंदेखि जकडिँदै आएको नागरिकता मुद्दालाई सल्टाएन, उल्टै बाधक पो बन्यो । २०४६ सालपछिका सरकार र राजनीतिक दलहरूले यो समस्या समाधान गर्न नखोजेका होइनन्, राजनीतिक इच्छाशक्ति पनि देखाएका हुन् । तर, संवैधानिक र कानुनी प्रावधानले गर्दा सरकारले चाहँदा पनि समस्या सल्टिएन । यो समस्यालाई लिएर बदमासी पनि भएका छन् । नागरिकता वितरण गर्ने जिम्मेवारी पाएका जिल्ला प्रशासन कार्यालयका अधिकारीबाट कानुनी जटिलता देखाएर आर्थिक लाभ लिने काम भएका छन् । त्यसरी वितरण गरिएका कतिपय नागरिकताको कार्यालयमा रेकर्ड पनि छैन । उता नक्कली नागरिकता वितरण गर्ने जाली काम पनि हुने गरेका छन् ।

राज्यले नागरिकहरूको जन्म, मृत्यु, विवाह, बसाइ-सराइ जस्ता नागरिकका प्रमुख नालीबेली राख्ने पद्धति ३० कै दशकमा सुरु गरे पनि व्यवहारमा पूर्ण रूपमा लागू हुन सकेन । यी अभिलेख व्यवस्थित गरेको भए पनि समस्या हुने थिएन । नेपालमा नागरिकता समस्या ठूलो छ । दक्षिण, पूर्व, पश्चिम र उत्तर सबैतिरका सिमानामा समस्या छन् । विहार र उत्तरप्रदेश भारतीय राज्यसँग जोडिएका क्षेत्रमा सामाजिक, सांस्कृतिक सम्बन्ध एकै छन् । पूर्वी र पश्चिमी सिमानामा नेपालीमूलका नेपालीहरू छन्, ती नेपालीलाई पनि हाम्रा दाजुभाइ, दिदीबहिनीले आफूजस्तै बनाउन पाए हुन्थ्यो भन्ने मानसिकता देखिन्छ । त्यसैगरी उत्तरी क्षेत्रमा त्यहाँका बासिन्दासँगको मिल्दोजुल्दो सामाजिक, सांस्कृतिक कारणले नेपालको नागरिकतामाथि दबाव छ । तर, लामो समयदेखिको समस्या भनेको दक्षिणी क्षेत्रमा छ । पूर्व र पश्चिममा नेपाली भाषी र मूलका भएकाले भित्रभित्रै काम भएको पाइन्छ भने उत्तरी क्षेत्रबाट आएका तिब्बती शरणार्थीहरूले पनि विभिन्न उपायबाट नागरिकता लिइसकेको देखिन्छ । हाम्रोमा समस्या दक्षिण क्षेत्रमा छ, नेपालसँग सिमाना जोडिएका बिहार र उत्तरप्रदेशको आर्थिक सामाजिक स्तर कमजोर भएकाले पनि नेपाली नागरिकताप्रतिको आकर्षण बढेको थियो, तर अब कम हुँदै गएको छ । मूलतः वर्षौंदेखि नेपालमै बस्दै आएका तर आर्थिक अवस्था कमजोर भएकाहरू नागरिकताबाट वञ्चित छन् भने मधेसका आदिवासी, जनजाति र गरिबहरू यो समस्याबाट पिरोलिएका छन् । ती समुदायले सुरु सुरुमा नागरिकता प्रमाणपत्रको आवश्यकता महसुस नै गरेनन्, जुन बेलादेखि आवश्यकता महसुस गर्न थाले, त्यस बेला नागरिकता लिन अन्य कागजी प्रमाणपत्र जुटाउनुपर्ने बाध्यात्मक व्यवस्था सामना गर्नुपर्‍यो ।

अहिलेको परिवर्तित राजनीतिक अवस्थामा यो समस्या सदाका लागि समाधान गर्न सकिन्छ । सबै खाले राजनीतिक दलहरू नागरिकता समस्या सदाका लागि समाधान गर्नुपर्छ भन्ने सोचमा रहेको देखिन्छ, यसलाई अवसरको रुपमा लिनुपर्छ ।

अहिले अन्तरिम संविधान बन्ने कुरा भइरहेको छ । यो अवस्थामा राज्यले नागरिकता समस्या छिनोफानो गर्ने नीति लिनुपर्छ । छिनोफानो गर्ने एउटा बिन्दु बनाएर अघि बढ्नु सबैभन्दा राम्रो विकल्प हो । नागरिकता वितरणलाई जिल्ला सदरमुकाममा बस्ने अधिकारीको जिम्मामा छोड्दा ती अधिकारीले समस्या आत्मसात गर्न सक्तैनन् । अधिकारीले त प्रमाण खोज्छन्, उसमाथि नियन्त्रण गर्ने कानुनहरू छन् । त्यसैले गाउँको समस्या गाउँबाटै समाधान गर्ने नीति लिनु राम्रो हुन्छ । प्रत्येक गाविसमा सर्वदलीय समिति बनाउने, सर्वदलीय समितिले नागरिकता दिने, समितिको सिफारिसमा सरकारी अधिकारीले नागरिकता जारी गर्ने नीति लिन सकिन्छ । अभियानका रूपमा गाउँ गाउँमा गएर सबै नागरिकलाई नागरिकता दिने र तिनको अभिलेख राख्नुपर्छ । अहिले भइरहेका सबै नागरिकता खारेज गरेर त्यसको ठाउँमा सबैखाले परिचय खुल्ने खालको डिजिटल प्रमाणपत्र दिनु राम्रो हुन्छ । प्रत्येक परिवारको विवरण खोल्न मिल्ने अभिलेख राखेपछि सदाका लागि समस्या समाधान हुन्छ । कम्प्युटर प्रविधि प्रयोग गरेर देशभर एकैपटक सबै नागरिकलाई नयाँ प्रमाणपत्र दिने काम गर्नुपर्छ, त्यो प्रमाणपत्रले मतदाता नामावलीको काम पनि गरोस्, अन्य परिचय खुल्ने काम पनि गर्न सकोस् । कम्प्युटर प्रविधिमा रेकर्ड राखेर परिचयपत्र जारी गरेपछि अधिराज्यभर त्यसको संजाल बनाउन गाह्रो छैन । बहुउद्देश्यीय प्रमाणपत्रबाट त्यो व्यक्तिको सबैखाले रेकर्ड अटाउन सक्छ । एकपटक बहुउद्देश्यिक परिचयपत्र बाँडेर पारिवारिक अभिलेख राख्ने र जन्म, मृत्यु, बसाइ-सराइ जस्ता घटनाको दुरुस्त रेकर्ड राख्ने व्यवस्था गर्ने काम गर्‍यो भने नागरिकता समस्याको रुपमा रहँदैन ।




सोही विधेयक प्रतिनिधिसभाबाट दोहोऱ्याएर पास गरेर लालमोहरका लागि दरबार त पुग्यो तर त्यहाँबाट कहिल्यै फर्किएन । नागरिकतासम्बन्धी संवेदनशील विधेयकलाई राष्ट्रियसभाले अनुमोदन गर्दैन भन्ने पूर्वधारणा बनाएर आर्थिक विधेयकका रूपमा कांग्रेसले प्रस्तुत गर्नु कमजोरी थियो भने अस्वीकार गर्नु र बहुमतबाट अनुमोदन गरेर लालमोहरका लागि पेस गरेको विधेयक दरबारमै विलय हुनुले नागरिकता समस्यामा दरबारिया सोच र चिन्तन कति संकीर्ण छ भन्ने देखाउँछ ।

नागरिकता समस्याको छिनोफानो हुने सम्भावना देखिए पनि प्रतिनिधिसभाले महत्त्वका साथ पास गरेको आमाका नाममा नागरिकता दिने विषय अहिले मधेसी माननीयहरूका लागि टाउको दुखाइको विषय बनेको छ । आमाको नामका नागरिकता दिने प्रावधान कार्यान्वयन मधेसमा समस्या हुने संकेत देखिएको छ । सीमावर्ती क्षेत्रमा ठूलो संख्यामा नेपाली र भारतीयबीच वैवाहिक सम्बन्ध गाँसिन्छ । आमाको नामका नागरिकता दिने प्रावधान राखियो भने भारतीय 'भान्जा भान्जी'हरू नेपाली नागरिकताको हकदार हुने भयले राजनीतिक दलहरू चिन्तित छन् । एमालेले यसपटक नागरिकता वितरण गर्दा आमाको नाममा नबाँड्ने नीतिगत सुझाव दिनेछ भने त्यस्तै निर्णय कांग्रेस प्रजातान्त्रिकले पनि गरेको छ ।

नागरिकता वितरणलाई छिनोफानो गरेर टुंगो लगाउने राजनीतिक दलहरूको सोच सकारात्मक पक्ष हो । निश्चित मापदण्ड बनाएर वर्षौंदेखिको समस्या समाधान गर्नु र त्यो दोहोरिने अवस्था सिर्जना हुन नदिनु अहिलेको आवश्यकता हो । यसका साथै नागरिकता वितरणलाई वैज्ञानिक, समयसापेक्ष र प्रभावकारी बनाउनु उत्तिकै आवश्यक छ । नागरिकता प्रमाणपत्रलाई मतदाता परिचयपत्र लगायतका बहुउद्देश्यीय प्रकृतिको बनाउने काम पनि एकै साथ गर्न सम्भव छ । डिजिटल प्रविधिबाट फोटो खिच्ने र स्तरीय कार्ड बनाएर प्रत्येक नेपाली नागरिकलाई उपलब्ध गराउन सकेको अवस्थामा त्यसको बहुउपयोग हुनसक्छ । कार्डमा उल्लिखित नम्बरबाट व्यक्तिगत, घरजग्गासम्बन्धी विवरण लिन र हेर्न सकिने संचार प्रविधिले सम्भव बनाएको छ । ■

# समस्याको तहमा पुग्नुपर्छ

**दामोदरप्रसाद गौतम, पूर्व मुख्य सचिव**



**लामो समय** प्रशासनका विभिन्न तहमा काम गरेको भए पनि २०४९ सालमा मुख्य सचिव भएको बेलामा मात्र मलाई नागरिकता समस्याका बारेमा जानकारी पाउने अवसर मिल्यो । समस्यालाई चर्को रूपमा देखाउने मात्र, समाधान गर्ने कुनै पहल नगरेकाले यो मुद्दा जटिल देखिएको हो ।

२०१९ सालको संविधानले नागरिकताप्राप्तिलाई कठिन बनाएको थियो, संविधान २०४७ पनि बाधक बनेर आयो । तर, यो बाधा हटाउन कुनै काम नै गरिएन ।

बरू नागरिकतालाई राजनीतिक मुद्दा बनाइयो । एक पक्षले नागरिकता मुद्दालाई चर्काएर भोट तान्ने काम गर्ने गरेको छ भने अरू राजनीतिक दलहरूले पनि चुनावका बेला प्रशस्त आश्वासन दिने काम गरेका छन् । तर, चुनाव सकिएपछि कुनै पक्ष पनि समस्या समाधानमा गम्भीरतासाथ लागेनन् । समस्या समाधान गर्ने कामै नगरेकाले समस्या आइलागेको हो । समस्या छ, त्यसमा विवाद छैन । समस्या समाधान गर्ने भिन्न भिन्न बाटा हुन सक्छन् । यो समस्या समाधान गर्न सबैभन्दा तल्लो स्थानीय निकायबाट अभियानका रुपमा थाल्नुपर्छ । जो व्यक्ति जहाँ बसेको छ, राज्यले त्यहीँ पुगेर नागरिकता प्रमाणपत्र वितरण गर्नुपर्छ । कसलाई नागरिकता दिने-नदिने भन्ने बारेमा प्रश्न उठ्न सक्छ । अहिलेसम्म कागजी प्रमाणका आधारमा नागरिकता दिने नीतिले समस्या ल्याएको हो । त्यसैले जहाँ समस्या छ, त्यहीँ पुग्नुपर्छ ।

प्रत्येक वडामा, वडामा पूर्व अध्यक्ष भइसकेका कम्तीमा तीनजना मानिसको समिति बनाउनुपर्छ । त्यसैगरी गाविसमा समितिमा पनि तीनजना पूर्व अध्यक्ष रहेको समिति बनाउनुपर्छ । ती समितिले घर, घरमा गएर सर्जमिन गने र नागरिकताका लागि सिफारिस गर्नुपर्छ । यसरी स्थानीयतहबाटै समाधान गर्न खोज्यो भने कुनै समस्या हुँदैन । तर, नागरिकता वितरणलाई अभियानका रूपमा सबैतिर एकैसाथ लागू गर्नुपर्छ । नागरिकता नपाएका मधेसका तल्लो जातका, गरिब र विपन्नहरू नै हुन् । जो मानिस नेपालको आदिवासी हो, त्यसले कागजी प्रमाणको अभावमा नागरिकता नपाउनु भनेको विडम्बना हो । एकपटक छिनोफानो हुने गरी नागरिकता वितरण गरेपछि सरकारले त्यसको दुरुस्त अभिलेख राख्नुपर्छ । त्यसो गरेको अवस्थामा नागरिकता कुनै समस्या नै हुँदैन ।

स्थानीय निकायमा समिति गठन गर्दा त्यसले के आधारमा नागरिकताका लागि सिफारिस गर्ने भनेर आधार दिनुपर्छ । त्यसका लागि अहिले चर्चामा रहेको २०३७ सालको जनमतसंग्रह गर्दाको बखतको मतदाता नामावलीलाई आधार मान्न पनि सकिन्छ, वा पछिल्लो आमनिर्वाचन २०५६ को निर्वाचन मतदाता नामावलीको आधार पनि लिन सकिन्छ । मूलतः समस्या समाधान गर्ने मानसिकतामा काम गऱ्यो भने यो समस्याका रुपमा रहँदैन ।


To major cities of the country. Daily.

Nepalgunj Bhairhawa
Pokhara Biratnagar Bhadrapur







For more information please contact
Yeti Airlines, Corporate Office, Tilganga, Kathmandu
For reservation 01 4464878
Sales and Marketing 01 4465888 Ext. 205

Yeti Airlines
www.yetiairlines.com
a great flying experience

**नागरिकता नहुँदाको सास्ती कम्ती छैन । बाबुआमाको नागरिकता नभए जन्मदर्ता नहुने, जन्मदर्ता नहुँदा स्कुल भर्नामा समस्या हुने । नागरिकता र जग्गाको बीचको माखेसाङ्लो पनि कम अप्ठ्यारो छैन ।**

# पहिले नागरिकता अनि संविधानसभा



■ सोमत घिमिरे

**२००७ सालको** परिवर्तनपछि २००९ सालमा नागरिकता ऐन ल्याएर नागरिकताका सम्बन्धमा पहिलो कानुनी व्यवस्था गरियो । २०१९ सालको संविधानले एक कदम अगाडि बढेर नागरिकता प्राप्ति र समाप्तिलाई व्यवस्थित गर्‍यो । तर, संविधानमा नागरिकतालाई व्यवस्थित गरिएको ४४ वर्षपछि पनि मुलुकमा नागरिकताको समस्या सुल्झिएको छैन, बरु उल्झिएको छ । राजा महेन्द्रको भारतविरोधी राष्ट्रवादले मधेसमा बसोवास गर्ने नागरिकताविहीन नागरिकहरूलाई न्याय गर्ने कुनै सम्भावना थिएन र गरेन पनि । २०४६ सालको परिवर्तनपछि ठूला राजनीतिक दल कांग्रेस र एमालेले नागरिकता समस्यासम्बन्धी आयोग त बनाए । तर, ठोस काम गर्न सकेनन् । एमालेको नौमहिने शासनकालमा धनपति उपाध्यायको अध्यक्षतामा आयोग बन्यो र ३२ लाख नागरिकताविहीनहरूको तथ्यांक सार्वजनिक भयो । मधेसको भोट बैंक जोगाउन एमालेले धनपति आयोगको प्रतिवेदन आफ्नो सरकारको आयु छोटो भएकोले लागू गर्न नसकिएको भनेर दाबी गर्दै आएको छ । यो समस्याप्रति देखाएको न्यून चासोका कारण दाबी विश्वसनीय छैन ।

धनपति आयोग बनाउने एमाले सरकार गिरेपछि कांग्रेसले महन्त ठाकुरको अध्यक्षतामा अर्को आयोग बनायो । ठाकुर आयोगको कामबारे खासै सार्वजनिक बहस र छलफल भएन । ०५३ सालमा एकैचोटि जितेन्द्र देवको संयोजकत्वमा नागरिकता अनुगमन तथा कार्य मूल्यांकन समिति गठन गरी मुलुकभरिका नागरिकताविहीनलाई नागरिकता प्रदान गर्न कार्यनिर्देशिका तयार पनि भयो । उक्त कार्य निर्देशिकामा टेकेर सरकारले ८७ टोली बनाई २० जिल्लामा ३४ हजार ९० नागरिकता वितरण गर्‍यो । सर्वोच्च अदालतमा मुद्दा परेपछि उसले कार्यनिर्देशिकामा आधारित नागरिकता वितरण गर्न नहुने भन्ने निर्णय भयो र सरकारले ३० हजार नागरिकता फिर्ता लियो । यति बेलासम्म राजनीतिको केन्द्रविन्दुमा रहेको नागरिकताको सवाल अहिले सार्वजनिक चासोको विषय बन्न सकेको छैन, किन ? के नागरिकताको समस्या समाधान भएर हो त ? पक्कै होइन ।

धनपति आयोगले ३२ लाख नागरिकताविहीनहरूको तथ्यांक प्रकाशित गरे पनि अहिले नागरिकताविहीनहरू ४० लाख भएको विभिन्न अध्ययन अनुसन्धानले देखाएका छन् । मधेसमा बसोवास गर्नेहरू र लोपोन्मुख र सीमान्तकृत आदिवासी जनजातिहरू नागरिकता नपाएर बसेका छन् । मधेसमा पनि खासगरी चमार, मुसहर, राम, खत्वे, डोमहरूजस्ता मधेसी दलितहरू नै नागरिकताको मारमा परेका छन् । चेपाङ, राउटे, कुमाल, दराईहरू आदिवासी जनजातितर्फका नागरिकता नपाएकाहरू हुन् । मधेसी दलितहरूमा गरिएको एक अध्ययनअनुसार ७४ प्रतिशत महिला र ४० प्रतिशत पुरुष नागरिकताविहीन छन् । त्यस्तै चेपाङ समुदायमा गरिएको अध्ययनअनुसार ८० प्रतिशत व्यक्ति नागरिकताबाट वञ्चित छन् ।

नागरिकता नहुँदाको सास्ती कम्ती छैन । बाबुआमाको नागरिकता नभए जन्मदर्ता नहुने, जन्मदर्ता नहुँदा स्कुलमा भर्नामा समस्या हुने । नागरिकता र जग्गाको बीचको माखेसाङ्लो पनि कम अप्ठ्यारो छैन । विगतमा बनेका सुकुमवासी आयोगले जग्गा वितरण गर्दा नागरिकतालाई नै पहिलो प्राथमिकता दिएको थियो । जग्गा माग्न गयो, नागरिकता खोज्ने र नागरिकता माग्न जाँदा जग्गाको लालपुर्जा खोज्ने सरकारी व्यवहारबाट धेरै समूह नागरिकता र जग्गाको पहुँचबाट बाहिर परेका छन् ।

यो समस्या यसरी रहनुका पछाडि कर्मचारी तन्त्रको अप्ठेरो भूमिका त हुँदै हो । त्यसबाहेक सामाजिक संरचनासँग पनि यो समस्या जोडिएको छ । अधिकांश नागरिकताविहीनहरूले अर्काको खेतमा अधियाँ गरेर जीविका चलाएका छन् । जमिनदारलाई सधैं एउटा पीर हुन्छ, उनीहरूले नागरिकता हात पारे भने सोभै भूमि अधिकारको दाबी गर्न आउँछन् । भूमिबाट वञ्चित पार्न उनीहरूलाई नागरिकताविहीन नै बनाउन पर्ने जमिनदार राजनीतिले अहिलेसम्म मुलुकको समग्र राजनीति र कर्मचारीतन्त्रलाई राम्रैसँग प्रभाव पारिरहेको छ । अहिले समावेशीय संरचनाको र सहभागीमूलक संविधान निर्माणको प्रक्रियाको वहस चलिरहेका बेला यी नागरिकताविहीन नागरिकहरूको मतदान अधिकार सुरक्षित छ कि छैन ? यदि ४० लाख मानिसलाई बाहिर पारेर संविधान निर्माण हुन्छ भने त्यसको परिणाम के होला ? त्यो संविधान उनीहरूको स्वामित्व कसरी स्थापित होला ? अहिले पनि सद्भावना पार्टी बाहेक कुनै पनि राजनीतिक दल गम्भीर देखिएका छैनन् । जनआन्दोलनपछि जारी गरिएको घोषणामा समस्याको उल्लेख त छ । तर, कुन संरचनाद्वारा कहिलेसम्म नागरिकता समस्याको निदान गर्ने केही उल्लेख छैन । घोषणा गरेपछि आफ्नो काम सकिएको जस्तो मान्ने यो प्रतिनिधिसभाले तत्कालै केही कदम चाल्ला भन्ने आशा गर्ने ठाउँ पनि छैन । मधेस क्षेत्रमा क्रियाशील र केही नागरिक संगठन नागरिकताको समस्याको निदान नगरी संविधानसभा निर्वाचन हुन्छ भने त्यस्तो निर्वाचन मान्य नहुने सार्वजनिक घोषणा गरिसकेका छन् ।

यो पक्कै गम्भीर सवाल हो । तर, राजनीतिक इच्छाशक्ति देखाउने हो भने त्यति जटिल विषय भने होइन । संविधानसभा निर्वाचनभन्दा अगाडि छिनोफानो गर्न त्यति कठिन पनि छैन । गाविसमा जनप्रतिनिधित्व नभए पनि गाविस सचिव भने अहिलेसम्म क्रियाशील छन् । प्रत्येक गाविसमा सचिवको संग्लनतामा सर्वपक्षीय अर्थात् राजनीतिक दल र नागरिक समाजको संयन्त्र निर्माण गरी, जनसंख्या नै गणना गरी नागरिकताविहीनहरूलाई त्यो संयन्त्रको सिफारिसमा स्थानीय तहमा नै नागरिकता वितरण गर्न सकिन्छ । तर, सधैंका लागि अहिलेका अव्यवहारिक नीतिगत प्रावधानमा भने फेरिन जरुरी छ । नेपाली नागरिकता लिँदा नेपाली टोपी लगाउनुपर्ने जस्ता प्रावधान असान्दर्भिक मात्र नभई सांस्कृतिक थिचोमिचोका प्रतीक पनि हुन् । दीर्घकालीन रूपमा नागरिकता समस्या समाधानको लागि जनताको नजिकाको पहुँचमा रहेको स्थानीय निकायलाई नै जिम्मेवार बनाउनुपर्छ । स्थानीय निकायलाई जिम्मेवार बनाउँदा जनताको पहुँचमा हुने, नागरिकहरूलाई आर्थिक भार कम पर्ने, को नागरिक हो र को नागरिक होइन भन्ने ठम्याउन पनि सरल हुन्छ । स्थानीय जनप्रतिनिधिको बाँकी जीवन पनि त्यहीं स्थानमा बित्ने हुनाले र स्थानीय सम्बन्धका कारणले पनि उनीहरूको कार्य भरपर्दो हुन्छ । ■

# हतियार व्यवस्थापन सबैभन्दा जटिल र महत्वपूर्ण प्रश्न

'वार्ता प्रक्रियामा कमजोरी नै भएन म भन्दिनँ । तर, सकभर गम्भीरतापूर्वक, सुविचारित ढंगले र गल्ती नहुने हिसाबले काम गर्ने प्रयत्न गरिरहेका छौं ।' सरकारी वार्ताटोलीका सदस्य एवं पर्यटनमन्त्री प्रदीप ज्ञवालीले *समय*का सुवास देवकोटालाई बताए, 'वार्ताटोलीले गलत मनसायका साथ काम गरेको छैन र गर्नेछैन ।'



तस्वीर : तेजबहादुर बस्नेत

**सरकार–माओवादी शान्ति वार्ता प्रक्रिया कहाँ पुग्यो भन्ने लाग्छ ?**

असार २ को बालुवाटार सहमतिले राष्ट्रिय राजनीतिमा जन्माएको गम्भीर प्रतिक्रियाले केही समय अन्योल देखापर्‍यो । हस्ताक्षरकारी दलहरूभित्रैबाट त्यो सहमतिको विपक्षमा आवाज उठ्ने र सहमतिविरुद्ध संस्थागतरुपमै निर्णय हुने कुराले सहमतिको भविष्यबारे प्रश्न उठाएको थियो । गोदावरी बैठकले त्यो अन्योललाई निकै हदसम्म सम्बोधन गर्ने र हटाउने प्रयत्न गरेको छ । अहिले वार्ता आपसी विश्वासको दरिलो वातावरण र जग निर्माण गर्ने, हतियार व्यवस्थापनको टुंगो गर्ने र पुनःस्थापित प्रतिनिधिसभाको विकल्प खोज्नेबारे केन्द्रित छ ।

**माओवादीसँगको सहमति विपक्षमा दलहरूमा किन आवाज उठ्यो ? हस्ताक्षर गर्ने शीर्षस्थ नेताहरूको कमजोरीका कारण वा सरकारी वार्ता समितिको कमजोरीले ?**

पर्याप्त गृहकार्यको अभाव नै दलहरूभित्रको असन्तुष्टिको प्रमुख कारण हो भन्ने लाग्छ । शीर्षस्थ नेताहरूको त्यो बैठक अलि हतारमा आयोजना भएको थियो । बैठकमा आफ्नो दल तथा सात दलका तर्फबाट प्रस्तुत गरिने एजेन्डा, अडान र रणनीतिबारे छुट्टाछुट्टै र संयुक्त रणनीति बनाउने काम भएन । मुख्यरुपमा प्रक्रियागत कमजोरीकै कारण त्यो विवाद सिर्जना भएको हो । प्रतिनिधिसभा विघटनको मुद्दा बढी विवादित हुनुचाहिँ त्यसको विघटनपछि राजनीतिक शून्यता कायम हुने दलहरूमा रहेको डर प्रमुख कारण हो भन्ने लाग्छ । विकल्पबारे पर्याप्त गृहकार्य नगरी प्रतिनिधिसभा विघटन गर्ने भनिएकाले संवेदनशीलता सिर्जना भएको हो ।

**सरकारी वार्ताटोलीबाट चाहिँ कमजोरी भएन ? वार्ताटोली प्रमुख कृष्णप्रसाद सिटौला र तपाईंको आफ्ना दलमा विरोध नै भयो नि, त्यस सम्बन्धमा ?**

हामी वार्ता प्रक्रियामा नयाँ नै छौं, त्यसैले कतै कमजोरी नै भएन म भन्दिनँ । तर, सकभर गम्भीरतापूर्वक, सुविचारित ढंगले र गल्ती नहुने हिसाबले काम गर्ने प्रयत्न गरिरहेका छौं । वार्ताटोलीले गलत मनसायका साथ काम गरेको छैन र गर्नेछैन । तर, असार २ गतेको निर्णयमा वार्ताटोलीको भन्दा शीर्षस्थ नेतृत्वको भूमिका बढी थियो ।

**वार्ताटोलीले त्यो बैठकको एजेन्डा पनि तय गरेन ?**

गरेन, वार्ताटोलीको अनुपस्थितिमा शीर्षस्थ नेताहरूको बैठक थियो, त्यो । कतिसम्म भने वार्ताटोलीले गरेका छलफल पनि हामीले त्यहाँ पुर्‍याउन पाएनौं ।

**अन्तरिम संविधान मस्यौदा समितिलाई पूर्णता दिन पनि शीर्षस्थ नेताहरूको गोदावरी बैठक नै कुर्नुपर्ने परिस्थितिले तपाईंहरूको क्षमता वा अधिकारमा कमी रहेको देखिँदैन र ?**

अन्तरिम संविधान मस्यौदा समितिलाई विशुद्ध प्राविधिक र विशेषज्ञहरूको समूह बनाउने वार्ता समितिको सोच थियो । पछि त्यसमा दलीय सहभागिताका प्रश्न उठे र पहिलेको हाम्रो सोचभन्दा फरक परेकाले शीर्षस्थ नेताहरूको बैठकले त्यसबारे निर्णय गर्नुपरेको हो ।

**गोदावरीको अनौपचरिक शीर्षस्थ बैठकले के के सहमति गर्‍यो ?**

आपसी विश्वासको वातावरण तयार पार्न माओवादीले गर्नुपर्ने कामका सूची हामीले राखेपछि ती काम भए-नभएको अनुगमन गर्न कार्यदल निर्माण भयो । त्यसपछि बहसलाई मूल मुद्दामा केन्द्रित गर्ने सहमति भयो । अन्तरिम संविधानको संरचना वा सिद्धान्त के हुने ? प्रतिनिधिसभाको सट्टा अर्को व्यवस्था के हुने ? संविधानसभाको विधि र प्रक्रिया कस्तो हुने ? निर्वाचन प्रणाली के हुने, निर्वाचन क्षेत्र निर्धारण कसरी गर्ने र गठन विधि कस्तो हुने जस्ता विषयमा अन्तरिम संविधानले बोल्नुपर्ने भएकाले बहस त्यता केन्द्रित गर्न त्यो बैठकमा सहमति भएको छ । यसैगरी हतियारको व्यवस्थापन यी सबै प्रक्रियाको सबैभन्दा

जटिल र महत्त्वपूर्ण प्रश्न हो। नेपाली सेनाको लोकतान्त्रीकरण कसरी गर्ने, माओवादी हतियारको व्यवस्थापन कसरी गर्ने र संविधानसभाको निर्वाचनमा हतियारको प्रयोग नहुने ग्यारेन्टी कसरी गर्नेजस्ता विषयमा केन्द्रित भएर बहस गर्नुपर्ने सहमति त्यहाँ भएको छ।

**प्रतिनिधिसभालाई केही दिनमै विघटन गर्ने सहमति माओवादीसँग भइसकेको सन्दर्भमा त्यसलाई कायमै राख्ने प्रयासको कुनै अर्थ रहला र ?**

बाह्रबुँदे समझदारी गर्दा नै एउटा बिन्दुमा प्रतिनिधिसभाको रिक्तताको परिकल्पना गरिएको थियो, जसलाई हामीले स्वीकार गरिसकेका छौं। जनआन्दोलनमा दलहरूको मार्गचित्रमा पनि संविधानसभा निर्वाचनका लागि माओवादीसहितको अन्तरिम सरकारको परिकल्पना थियो, त्यसको अर्थ अन्तरिम संविधान बन्ने र त्यसका लागि प्रतिनिधिसभा निरन्तर नरहने भन्ने नै हुन्छ। ती प्रतिबद्धतामा दलहरू पछि हट्न मिल्छ भन्ने मलाई लाग्दैन।

**अन्तरिम संविधान निर्माणको प्रक्रिया कति लामो होला भन्ने अनुमान गर्नुभएको छ ?**

सरकार-माओवादी वार्ताटोलीको पछिल्लो बैठकले साउन १३ गतेसम्मको 'म्यान्डेट' मस्यौदा समितिलाई दिएको छ। तर, कतिपय दलले अहिलेसम्म संस्थागत ढंगले अन्तरिम संविधानबारे आफ्ना धारणा प्रस्तुत गरिनसकेकाले त्यो समय सीमाभित्र सम्भव हुन्न कि भन्ने लागेको छ।

**हतियार व्यवस्थापनबारे विभिन्न व्याख्या आइरहेको सन्दर्भमा सरकारको त्यसबारे कस्तो दृष्टिकोण छ, बताइदिनुस न ?**

मुलुकमा दुई सेना तथा दुई हतियार नरहोस् र माओवादी हिंसा त्यागेर शान्तिपूर्ण प्रक्रियामा प्रवेश गरोस् भन्ने हाम्रो मुख्य ध्येय हो। त्यस क्रममा माओवादी हतियार कसरी व्यवस्थित गर्नेबारे अहिलेसम्मको हाम्रो सोचमा त्यो दुई चरणमा हुनेछ भन्ने नै छ। संविधानसभाको निर्वाचनसम्मको चरणमा माओवादी हतियार र सेना संयुक्त राष्ट्रसंघको निगरानीमा निष्क्रिय अवस्थामा रहनेछ। त्यो अवधिमा राज्यको सेना र हतियार पनि प्रयोग हुनेछैन र ब्यारेकमा सीमित हुनेछ। संविधान सभाको निर्वाचनपश्चात् निर्माण हुने नयाँ संरचना र सरकारले पूर्णरूपले निरस्त्रीकरण प्रक्रिया अघि बढाउनेछ।

**अहिले नै माओवादी सेना निरस्त्र वा हतियार एक ठाउँमा थन्काएर अर्कै ठाउँमा बसोस् भन्ने सोचमा त सरकार छैन नि ?**

हतियार व्यवस्थापनको मोडलबारे छलफल चलिरहेको छ। तर, माओवादी सेना र हतियारको व्यवस्थापनबारे अन्तर्राष्ट्रिय चासो र भावना हामी बेवास्ता गर्न सक्दैनौं। माओवादीले हतियार पुनः प्रयोग गर्न नपाओस् भन्ने ग्यारेन्टी खोजिरहेको अन्तर्राष्ट्रिय समुदाय र निरस्त्र हुँदा सबै शक्ति मिलेर सिध्याउन सक्ने माओवादीको भयलाई पनि हामीले हतियार व्यवस्थापन सन्दर्भमा सम्बोधन गर्न सक्नुपर्छ।

**नेपाली सेनाको लोकतान्त्रीकरणविना माओवादी सेना र उसको हतियार व्यवस्थापनमा मात्र चासो दिनु सरकारका लागि कति उपयुक्त होला ?**

निश्चय नै, माओवादी सेना र हतियार व्यवस्थापनको विश्वसनीय प्रत्याभूति गर्ने माध्यम भनेको नेपाली सेनाको प्रजातान्त्रीकरणको प्रश्न पनि हो। प्रतिनिधिसभा घोषणाले सेनाको नयाँ नाम मात्र होइन, राजाको नियन्त्रण अन्त्य गर्ने काम पनि गरेको छ, जुन यसैको सुरुवात हो। यसैगरी सेना सम्पूर्णरूपले सरकारको मातहत रहने ग्यारेन्टी पनि भएको छ तथा कतिपय घोषणा कार्यान्वयन गर्ने सन्दर्भमा सरकारले काम पनि अघि बढाइरहेको छ। माओवादी सेनाको व्यवस्थापनसँगै लिएर जानुपर्ने नेपाल सेनाको प्रजातान्त्रीकरणको विषय पनि हो भन्नेमा सरकार



सहमत छ। त्यस सम्बन्धमा केही काम गर्न बाँकी भए पनि सरकार संवेदनशील छ।

**अहिलेको स्थितिमा भन्नुपर्दा वार्ता प्रक्रियाको भविष्य कस्तो देख्नुहुन्छ ?**

निश्चितरूपमा म अहिले आशावादी छु। तर, अझै केही समस्या पनि देखिरहेको छु। जस्तो, अन्तर्राष्ट्रिय समुदायको कस्तो प्रतिक्रिया पाउँछौं र उनीहरूलाई कतिसम्म सँगै लिएर जान सक्छौं भन्ने कुराले निश्चितरूपमा वार्ता प्रक्रिया प्रभावित हुनेछ। यसैगरी माओवादीका भनाइ र गराइमा विरोधाभास छन् तथा हतियारप्रतिको उनीहरूको आशक्ति पटक पटक प्रकट भएको छ र त्यसले पनि समस्या सिर्जना गरिरहेको छ। माओवादी समस्याको समाधान र मुलुकको रूपान्तरण नचाहने दलहरूमा रहेका व्यक्ति र प्रवृत्तिलाई माओवादीका व्यवहारले बल पुऱ्याउने काम गरिरहेको छ। माओवादीले आफूलाई कति हदसम्म सच्याउन सक्छन्, वार्ताको भविष्य यसमा पनि निर्भर छ। दलहरूभित्र रहेका यथास्थितिवादी शक्ति अथवा जनतालाई विश्वास गर्न वा कुनै जोखिम मोल्न नचाहने प्रवृत्ति पनि वार्ताको सफलताका बाधक बन्न सक्छन्। दरवारको कस्तो भूमिका हुन्छ र सम्पूर्ण प्रक्रियामा सेना कति सहयोगी हुन्छ भन्ने कुराले पनि वार्ताको भविष्य निर्धारण गर्छ। ■

# सऱ्यो शिखर वार्ता

**नेपाली कांग्रेस, एमाले र माओवादीबीच** गत साता गोदावरीमा भएको शिखरवार्ताले साउन ५ गते गर्ने टुंगो गरेको माओवादी र सात दलको संयुक्त शिखर बैठक स्थगित भएको छ। साथै अर्को बैठकको मिति पनि तोकिएको छैन। साउन २ गते सात दलको बैठकले माओवादीसहितको शिखरवार्ताका लागि एजेन्डा तयार गर्न कार्यदल निर्माण गरेपछि साउन ५ को शिखर बैठकको भविष्य संकटमा परेको थियो। शिखरवार्ताका लागि एजेन्डा तयार गर्न तथा गृहकार्य गर्न समय नपुगेकाले शिखरवार्ता सरेको बताइएको छ। साउन ५ को शिखर बैठकले प्रतिनिधिसभाको विकल्प र माओवादी हतियार व्यवस्थापनबारे निर्णय गर्ने बताइएको थियो।

सत्तारुढ सात दलमध्ये गोदावरी बैठकमा भाग लिन नपाएका पाँच दलका नेताहरूले आफ्नो असन्तुष्टी साउन २ को सात दलको बैठकमा राखेका थिए। गृहमन्त्री तथा सरकारी वार्ताटोलीका प्रमुख कृष्ण सिटौला यही साता तीर्थाटनमा भारत जानु पनि साउन ५ को शिखर बैठकमा अवरोध आउनुको एउटा कारण मान्छन्, केही। स्रोतअनुसार भारत जानुअघि सिटौलालाई प्रधानमन्त्री कोइरालाले गृहमन्त्री वा सरकारी वार्ताटोली प्रमुखमा एक पद छाड्न निर्देशन दिएका थिए।

उता, वार्ता निर्णायक टुंगोमा पुऱ्याउन सरकार र सात दलले गरेको ढिलाइप्रति माओवादी असन्तुष्ट छ। यद्यपि, असार २ गतेको आठबुँदे सहमतिप्रति गोदावरी बैठकले पुनः प्रतिबद्धता जनाएकोमा माओवादी अध्यक्ष प्रचण्ड सन्तुष्ट रहेको स्रोत बताउँछ। स्रोतका अनुसार, असार २ गतेको सहमति पालना भए कुनै बाधाविना मुलुक संविधानसभा निर्वाचनसम्म पुग्नेमा प्रचण्ड विश्वस्त छन्। 'विदेशी शक्ति र त्यसबाट प्रभावित दलका केही नेताहरूबाट सात दलका शीर्षस्थ नेताहरू प्रभावित नहुने हो भने मुलुक अग्रगमनतर्फ बढ्न कुनै समस्या पर्दैन', प्रचण्डले उक्त स्रोतसँग भनेका छन्।

अन्तर्राष्ट्रिय शक्तिको प्रभाव बुझेरै प्रचण्डले पछिल्लो समयमा उनीहरूसँगको भेटघाट तीव्र बनाएका छन्। साउन २ गते साँझ उनी र माओवादीका अर्का वरिष्ठ नेता डा. बाबुराम भट्टराईले अमेरिकी कार्टर सेन्टरका पिटर वर्लीसँग भेटे भने दक्षिण अफ्रिकी द्वन्द्व समाधानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हेसमसँग पनि उनले भेटेका छन्। दक्षिण अफ्रिकी नेता नेल्सन मन्डेलाका कुनै बेलाका सल्लाहकार रहेका हेसमको मध्यस्थतामा नेपाली सेनाका कमान्डरहरूसँग भेट गर्ने योजनामा माओवादी अध्यक्ष प्रचण्ड रहेका बेला हेसम दक्षिण अफ्रिकातर्फ लागेका छन्। तर, हेसमको आकस्मिक प्रस्थानले प्रचण्ड र नेपाली सेनाका कमान्डरहरूको भेटघाट प्रभावित हुने या नहुने चाहिँ निश्चित छैन। ■



श्यामसुन्दर यादव

बैठकमा व्यस्त माओवादी नेता मातृका यादव

# छिनोफानोको तयारी

■ **ओमआस्था राई/धरान**

**जनतान्त्रिक तराई** मुक्ति मोर्चाविरुद्ध राजविराजको जनआन्दोलन चोकमा असार २२ गते आयोजित सभामा बोल्दै माओवादीद्वारा घोषित सप्तरी 'जनसरकार' प्रमुख उमेश यादवले भनेका थिए, 'अब, हामी हात बाँधेर बस्दैनौं, खुनको बदला खुनले लिन्छौं ।'

यादवको चेतावनी आफैंमा अनिष्टको एउटा स्पष्ट संकेत थियो । साउन १ गते राजविराजमै पत्रकार सम्मेलन गरी माओवादीका केन्द्रीय सदस्य एवं मधेसी मुक्ति मोर्चाका अध्यक्ष मातृका यादवले त्यो संकेतलाई अझ मूर्त रुप दिए । 'अति भो', जनतान्त्रिक तराई मुक्ति मोर्चाप्रति सद्भाव राख्दै आएका यादवले अन्ततः मुख फोरे, 'अब, हामी प्रतिरोध युद्ध लड्छौं ।'

'प्रतिरोध युद्ध'को चेतावनीले प्रस्टसँग तराईमा माओवादी र जनतान्त्रिक मुक्ति मोर्चाबीच जारी हिंसा-प्रतिहिंसाको सिलसिलाले अझ चर्को रुप लिने संकेत गरेको छ, जसको मूल्य तराईका सर्वसाधारणले बढी चुकाउनुपर्ने हुन्छ । यसैले जनतान्त्रिक मोर्चाको शृंखलाबद्ध हिंसात्मक गतिविधिले आक्रान्त तराईवासी अब दोहोरो हिंसाको चपेटामा पर्ने खतरा बढेको छ ।

त्यसो त माओवादीले 'प्रतिरोध युद्ध' जनतान्त्रिक मुक्ति मोर्चाका हतियारधारी लडाकुविरुद्ध मात्रै केन्द्रित हुने, ऊप्रति वैचारिक आस्था राख्ने वा 'सेल्टर' दिनेविरुद्ध लक्षित नहुने प्रस्ट पारेको छ । तर, विगतमा राज्य र माओवादी दुवैप्रति निरपेक्ष व्यक्ति पनि हिंसाको सिकार भएका घटना देखेका, सुनेका र भोगेका सर्वसाधारणलाई माओवादीको स्पष्टीकरणले आश्वस्त पार्न सकेको छैन ।

हुन पनि माओवादीले 'प्रतिरोध युद्ध'को चेतावनी दिएकै भोलिपल्ट साउन २ गते जनतान्त्रिक मोर्चाले तराई बन्दको आह्वान गऱ्यो । माओवादीले आफ्ना एक कार्यकर्तालाई मारेको विरोधमा जनतान्त्रिक मोर्चाले आह्वान गरेको बन्दबाट खासगरी सप्तरी र सिरहा प्रभावित भए, सर्वसाधारणले सास्ती खेपे ।

तराई बन्द सफल पार्न जनतान्त्रिक मोर्चाका कार्यकर्ताले महेन्द्र राजमार्गको भारदह खण्डमा ढुंगामुढा तेर्स्याएर, आगो बालेर सडक अवरुद्ध पारेका थिए । जसलाई माओवादीले पन्छाएपछि छिटफुट सवारी चलेको थियो । तर, यसरी चल्ने सवारी पनि सजिलै गन्तव्यमा पुग्न सकेनन् ।

जनतान्त्रिकका कार्यकर्ताले काँकडभिट्टाबाट काठमाडौंतिर जाँदै गरेको ना. २ ख ४२३५ नं. को बसलाई बन्द अवज्ञा गरेको निहुँमा सिरहाको गोलबजार चोकमा रोकेर आगो लगाइदिए । आगोले बस पूरै जलेको थियो । बसमै रहेका केरा र सुँगुर पनि जले ।

माओवादीका सिरहा जिल्ला कमिटी सदस्य राजदेव साहका अनुसार जनतान्त्रिकका कार्यकर्ताले बसका सबै यात्रुका पैसा र मूल्यवान् सामान लुटेका थिए । बस जलाउने, यात्रु लुट्ने कार्यमा संलग्न जनतान्त्रिकका ५ कार्यकर्तालाई माओवादीले उनीहरूले प्रयोग गरेका तीनवटा मोटरसाइकलसहित नियन्त्रणमा लिएको थियो । उनीहरूलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको साहले बताए ।

माओवादी र जनतान्त्रिक मोर्चाबीचको हिंसा-प्रतिहिंसाको सबैभन्दा बढी प्रभाव सप्तरी र सिरहामा पर्ने देखिन्छ । किनभने यी दुई जिल्लामै जनतान्त्रिक मोर्चाको प्रभाव सघन छ । यद्यपि, मधेसी मुक्ति मोर्चाका दोस्रो राष्ट्रिय सम्मेलन आयोजक कमिटीका सचिवालय सदस्य सूर्यनाथप्रसाद यादव (सुवास) सबैतिर माओवादीको प्रतिरोध युद्ध सञ्चालन हुने बताउँछन् ।

'हामी दुस्मन खोज्दैनौं', यादव भन्छन्, 'जहाँ आक्रमण गर्न आउँछन्, त्यही प्रत्याक्रमण गर्छौं ।' माओवादीको प्रतिरोध युद्धबाट खासगरी तराईका २२ जिल्ला प्रभावित हुने उनको अनुमान छ । उनी जनतान्त्रिक मोर्चासँग १५ जनाभन्दा बढी तालिमप्राप्त हतियारधारी लडाकु नरहेको दाबी गर्छन् । यादवको भनाइमा जनतान्त्रिक मोर्चा माओवादीलाई बन्दुकबाटै सिध्याउने रणनीतिमा रहेको बुझिएकोले 'प्रतिरोध युद्ध' लड्नुपरेको हो ।

## कम छैनन् कोही

माओवादीले युद्धविराम गरेको मौका छोपी जनतान्त्रिक तराई मुक्ति मोर्चाले हिंसात्मक गतिविधि तीव्र पारेको थियो । हतियार थन्क्याएका माओवादीका दुई कार्यकर्तालाई जनतान्त्रिकले असार २१ गते राति गोली हानी हत्या गरेको थियो ।

सप्तरीको छिन्नमस्ता-१ का विजय झा र सोही गाविस-२ का महेन्द्र यादवलाई जनतान्त्रिक मोर्चाका कार्यकर्ताले नियन्त्रणमा लिई स्थानीय तरिहीपोखरी छेउ पुऱ्याई टाउकोमा गोली हानी हत्या गरेका थिए । उनीहरू मुसहरु चौधरीको घरबाट प्रसाद खाएर फर्कंदै थिए । मुसहरुले राजविराजको प्रसिद्ध सखडा भगवती मन्दिरमा बलि चढाएकाले प्रसाद खान विजय र महेन्द्रलाई निम्त्याएका थिए ।

विजय र महेन्द्रको हत्याकै विरोधमा माओवादीले असार २२ गते राजविराजमा जनतान्त्रिक मोर्चाविरुद्ध ऱ्याली र सभा गरेको थियो । सात राजनीतिक दलका प्रतिनिधि र सर्वसाधारणले पनि सहभागिता जनाएको त्यही सभामा माओवादीका सप्तरी

'जनसरकार' प्रमुख उमेश यादवले 'खुनको बदला खुनले लिने' चेतावनी दिएका हुन् ।

तर, 'जनसरकार' प्रमुखको चेतावनी व्यवहारमा कार्यान्वयन हुन मधेसी मुक्ति मोर्चाका अध्यक्ष मातृका यादवको 'प्रतिरोध युद्ध' घोषणा नै पर्खिरहनु परेन । साउन १ गते अध्यक्ष यादवले राजविराजमा पत्रकार सम्मेलन गर्नुभन्दा २४ घन्टाअगाडि अर्थात् असार ३२ गते नै माओवादीले जनतान्त्रिक मोर्चाका एक कार्यकर्तालाई गोली हानी हत्या गरिसकेको थियो ।

सप्तरीको लोहजारा-६ का २१ वर्षीय कुलानन्द भिन्डवारलाई माओवादीले गोली हानेका थिए । मोर्चाका अध्यक्ष यादवले उक्त हत्या माओवादीले गरेको स्वीकार गरे । उनका अनुसार उक्त हत्याको छानबिन भइरहेको छ । छानबिनको क्रममा दुईप्रकारका जानकारी आएका छन् । पहिलो, भिन्डवारले पहिले आफैँ गोली चलाएका थिए र माओवादीले प्रतिकार गर्दा मारिए । दोस्रो, स्थानीय एक विद्यालयको बैठकमा माओवादी पुग्दा उनी अत्तालिएर भागे र आफ्नो काकाको घरमा लुके । माओवादीले घरबाट बाहिर निकाली उनलाई गोली हाने ।

तथ्य जे भए पनि, त्यो घोषित 'प्रतिरोध युद्ध' सुरु नहुँदै भएको हिंसात्मक घटना थियो, जसले माओवादी पनि व्यक्ति हत्यामा जनतान्त्रिक मोर्चाभन्दा कम नरहेको देखाउँछ । यतिमात्र हैन, भिन्डवारलाई नमार्न आग्रह गर्ने स्थानीय देवानन्द यादवलाई पनि माओवादीले बन्दुकको कुन्दाले टाउकोमा हिर्काई घाइते बनाएका थिए । उता, जनतान्त्रिक मोर्चाले भिन्डवार हत्याको रिसमा गोइठी-५ का २२ वर्षीय विजय मेहता र १९ वर्षीय अजय मेहतालाई कुटपिट गरेका थिए । उनीहरूको उपचार विपी प्रतिष्ठान, धरानमा भइरहेको छ ।

## पुरानै वाम रोग

'प्रतिरोध युद्ध'को घोषणा गर्दा माओवादी नेता यादवले जनतान्त्रिक मोर्चाका संयोजक जयकृष्ण गोइतलाई दरवार, भारत र अमेरिकाको उक्साहटमा मधेसी जनताको उत्कर्षमा पुगेको आन्दोलन मत्थर पार्न सक्रिय रहेको आरोप लगाए । अन्तर वाम संघर्ष बुझ्नेहरूले गोइतविरुद्ध यादवको यो आरोपमा खासै नयाँपन भेटेका छैनन् ।

किनभने, मिलुन्जेल मिल्नु, नमिलेपछि विपक्षीलाई दरवारिया वा भारतपरस्त भन्नु वामपन्थीहरूको पुरानै रोग हो । यसअघि यादवले गोइतसँग एकताका लागि वार्ताको प्रस्ताव राख्दा उनलाई मधेसी-नेताको रूपमा स्वीकारेका थिए । अहिले उनी गोइतलाई 'आपराधिक गुटका नाइके'भन्दा बढ्ता केही ठान्दैनन् ।

'प्रतिरोध युद्ध'को घोषणासँगै माओवादी र जनतान्त्रिक मोर्चाबीचको एकता-प्रक्रिया टुटेको छ । माओवादीभित्र पनि अरूभन्दा यादव नै गोइतसँग हात मिलाउन उत्सुक थिए । किनभने २०५९, फागुन ३ गते भारतमा यादव पक्राउ परेपछि नै माओवादीभित्र मधेसीमाथि पहाडेको शोषणले चरम रूप लिएको गोइतको निष्कर्ष थियो । यसै निष्कर्षको आधारमा माओवादीबाट विद्रोह गर्दै उनले २०६१, साउन १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चालाई जन्म दिएका थिए ।

यसैबीच, मानवअधिकार संरक्षण मञ्च, सिरहाका अध्यक्ष डा. एपी यादवको नेतृत्वमा माओवादी र जनतान्त्रिक दुवैलाई युद्धविराम गरी वार्ताको टेबुलमा अविलम्ब बस्न दबाब दिने उद्देश्यले हस्ताक्षर संकलन अभियान सुरु गरिएको छ ।

*सहयोगः श्यामसुन्दर यादव/राजविराज*

# आइलाग्नेमाथि जाइलाग्छौं



**मातृका यादव**
अध्यक्ष, मधेसी मुक्ति मोर्चा

**जनतान्त्रिक तराई मुक्ति मोर्चाप्रति माओवादीको खास दृष्टिकोण के हो ?**

नेपाली जनता, खासगरी मधेसी मूलका जनताको मुक्तिको आन्दोलन जुन गतिमा अघि बढेको छ, त्यसलाई अवरुद्ध गर्ने एउटा सानो गुट हो यो । यसलाई देशी-विदेशी प्रतिक्रियावादीहरूले उक्साइरहेका छन् ।

**देशी-विदेशी प्रतिक्रियावादी भनेर कसलाई लक्षित गर्नुभएको हो ?**

देशी भन्नाले नारायणहिटी दरवार र विदेशी भन्नाले दिल्ली दरवार । भारतसँगै अमेरिका पनि यो गुटलाई उक्साउन तल्लीन छ ।

**त्यसो भए किन तपाईंले जनतान्त्रिक मुक्ति मोर्चासँग वार्ताको प्रस्ताव राख्नुभएको त ?**

हेर्नोस्, हामीले त कुनै बेला राजा ज्ञानेन्द्रसँग पनि कुरा गर्न चाहेका थियौं । वार्ता गरेर जनताको पक्षमा कुनै सकारात्मक निकास निकाल्न सकिन्छ भने किन कुरा नगर्ने ?

**त्यसो भए तपाईंहरू अहिले पनि जनतान्त्रिकसँग वार्ता गर्न तयार हुनुहुन्छ ?**

हो, हामी तयार छौं । हामी त सधैं वार्ताका लागि तयार नै हुन्छौं । तर, त्यसका लागि पहिले उनीहरूले आत्मालोचना गर्नुपर्‍यो र वार्ताका लागि अग्रसरता देखाउनुपर्‍यो ।

**तपाईंको वार्ता प्रयास किन विफल भयो ?**

उनीहरूले कुरै गर्न चाहेनन् अनि विफल भयो । मैले जेठ ७ गते विराटनगरबाट राजविराज पुग्नेबित्तिकै उनीहरूलाई वार्तामा आउन आग्रह गरे । तर, उनीहरूले मेरो प्रस्तावलाई कमजोरी ठाने ।

**कतै वार्ताको वातावरण नभएर त्यसो भएको हो कि ?**

हैन, मैले राजविराज पुग्नेबित्तिकै हाम्रो पार्टीले नियन्त्रणमा लिएका उनीहरूका करिब ६ जना कार्यकर्तालाई मुक्त गराए । मसँग न सही, सीधै अध्यक्ष (प्रचण्ड)सँग वार्ता हुन सक्ने वातावरण बनाए । तर, उनीहरूले असार २० गते हामीविरुद्ध यस्तो कडा वक्तव्य निकाले, जसले तत्कालका लागि वार्ताको सम्भावना अन्त्य गर्‍यो ।

**जनतान्त्रिकले वार्ताका लागि जुन चारवटा सर्त राखेका थियो, त्यसको रेस्पोन्स त माओवादीले गरेन नि ?**

मैले सुरुमा अनौपचारिक कुराकानी गर्न चाहेको थिएँ । प्रत्यक्ष नभए पनि फोनमै कुरा गरौं न पनि भनेको थिएँ । उनीहरूका पोलिटब्युरो सदस्य रामविलास यादवलाई पनि यो सन्देश पठाएको थिएँ । तर, कुनै प्रतिक्रिया आएन, बरु उल्टै उनीहरू हामीविरुद्ध आक्रामक भए र हाम्रा दुईजना होनहार योद्धालाई मारे ।

**अब माओवादी कसरी अगाडि बढ्छ ?**

हामीले प्रतिरोध युद्धको घोषणा गरेका छौं । तर, यसको अर्थ युद्धविराम भंग भयो भन्ने हैन । उनीहरू हामीलाई आक्रमण गर्न आउँछन् भने पहिलेको जस्तो चुप लागेर बस्दैनौं, हतियारै लिएर जाइलाग्छौं ।

**गोली चल्ने स्थिति आउनुलाई कसरी 'युद्धविराम भंग भएको हैन' भन्ने त ?**

हामी सुरुमै जाइलाग्दैनौं, प्रत्याक्रमणमात्र गर्छौं । उनीहरूप्रति नैतिक समर्थन जनाउने, अरू राजनीतिक दलका मान्छे र सर्वसाधारणविरुद्ध हाम्रो हतियार प्रयोग हुनेछैन ।

**माओवादी पार्टीभित्र मधेसीमाथि पहाडेको शोषण छ भन्ने जयकृष्ण गोइतको आरोप सही हो ?**

पहाडेमा शासकीय प्रवृत्ति छ र मधेसीमा दास मनोवृत्ति । अर्थात्, पहाडेहरू आफूलाई शासक र मधेसीलाई शासित ठान्छन् भने मधेसीहरू पनि धेरै हदसम्म आफूलाई दास ठान्छन् । यो दुवै खाले घातक प्रवृत्ति माओवादीभित्र पनि छ । यसको अन्त्यका लागि हाम्रो अध्यक्षज्यू आफैं सक्रिय हुनुहुन्छ ।

**अन्त्यमा एउटा फरक प्रसंग, नागरिकताको सवालमा मधेसी मुक्ति मोर्चाको धारणा के हो ?**

हामी एकदमै स्पष्ट छौं, अनेक कानुन बनाएर मधेसवासीलाई नागरिकताबाट वञ्चित गर्नुहुँदैन । गाउँमा जाने, गाउँलेसँग कुराकानी गर्ने र क-कसले नागरिकता पाएका छैनन्, सबैलाई तत्काल त्यही नागरिकता दिने, योभन्दा सजिलो उपाय छैन ।

**■ ओमआस्था राई**



समय

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

# हतारोको निम्तो

**प्रधानमन्त्री गिरिजाप्रसाद** कोइरालाले संयुक्त राष्ट्रसंघका महासचिवलाई यथाशीघ्र माओवादीको हतियार व्यवस्थापनका साथ शान्ति र प्रजातन्त्र सुदृढीकरणमा सहयोग पुऱ्याउन आग्रह गरेका छन्। पत्रको व्यहोरालाई लिएर सत्तारूढ दलहरू तथा सभामुख सुवास नेम्वाङको अध्यक्षताको संसदीय विशेष समितिमा व्यापक मतभेद रहेको छ।

सम्भवतः पत्रबारे मतभेद सार्वजनिक भएमा त्यसले राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय जगत्मा नकारात्मक र मिश्रित सन्देश दिन सक्ने हुनाले गत साता परराष्ट्र मन्त्रालयको जिम्मा लिएका उपप्रधानमन्त्री केपी शर्मा ओलीले विदेश समितिलाई पत्र नबुझाएका हुन्। प्रधानमन्त्री कोइरालाले असार १८ गते महासचिव कोफी अन्नानलाई पत्र पठाएका थिए। समितिको छलफलमा उपस्थित एक स्रोतका अनुसार पत्रमा केही तथ्यहरू अतिशयोक्तिपूर्ण तरिकाले प्रस्तुत गरिएको छ र यसै साता यहाँ आउने राष्ट्रसंघीय टोलीले त्यसबारे सरकार र माओवादीसँग थप स्पष्टीकरण माग्ने अपेक्षा गरिएको छ। पत्रमा असार २ गते सात दल र माओवादीबीच भएको लिखित समझदारी र जेठ १२ गते निर्धारित पच्चीसबुँदे आचारसंहिता दुवैलाई 'सम्झौता' (एग्रिमेन्ट)का रूपमा प्रस्तुत गरिएकोमा संसदीय समितिभित्रै पनि केहीले आश्चर्य व्यक्त गरेका छन्।

तर, प्रधानमन्त्रीको पत्रमा संविधानसभाको निर्वाचन यसै वर्षको चैत मसान्तभित्र गर्ने उल्लेख गरिएको छ। राष्ट्रसंघलाई प्रधानमन्त्रीले दिएको भूमिका र पछि निर्धारित हुने सर्तहरूले उक्त म्याद राष्ट्रसंघका लागि स्वीकार्य होला भन्ने प्रश्न उठ्न थालेको छ। प्रधानमन्त्रीको पत्रअनुसार राष्ट्रसंघको भूमिका र कार्यक्षेत्र यस प्रकार हुनेछ, शान्ति र प्रजातन्त्रको सुदृढीकरण तथा द्वन्द्व व्यवस्थापन प्रक्रियामा :

- राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी उच्चायोगको कार्यालयमार्फत मानवअधिकार अनुगमन गर्ने।
- युद्धविरामका बेला आचारसंहिता पालनाबारे अनुगमन गर्ने।
- माओवादी लडाकुहरूमाथि निगरानीका साथै संविधानसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्न निरस्त्रीकरण प्रक्रियामा सहयोग गर्ने।
- नेपाली सेना ब्यारेकभित्र राख्ने काममा निगरानी गर्ने साथै निर्वाचनको स्वतन्त्रता तथा निष्पक्षताका लागि उनीहरू कसैको पक्ष या विपक्षमा प्रयोग नहुने भनी सुनिश्चित गर्ने प्रक्रियामा सहयोग पुऱ्याउने, र
- संविधानसभा निर्वाचन प्रक्रिया पर्यवेक्षण गर्ने।

संविधानसभा निर्वाचन चैत मसान्तसम्म सम्पन्न गर्ने आफ्नो लक्ष्य भएकाले तत्काल आवश्यक समर्थन दिन पनि प्रधानमन्त्रीले कोफी अन्नानसँग आग्रह गरेका छन्। तर, सामुयल ताम्राटसहितको राष्ट्रसंघीय टोलीले प्रमुखरूपमा आफूलाई आवश्यक बजेट, भौतिक पूर्वाधार तथा मानवस्रोतको लेखाजोखाका साथै ऊ सरकार तथा माओवादीबाट कस्तो 'सहयोग र ग्यारेन्टी'को अपेक्षा राख्छ, त्यसबारे स्पष्ट हुन चाहेको पनि कूटनीतिक स्रोतबाट थाहा भएको छ।

'डिकमिसनिङ'को दायरा वा सर्तमा निर्वाचनपूर्व हतियारको नियन्त्रण कोसँग रहन्छ, त्यसबारे सात दल र माओवादीको व्याख्या अलग अलग छ, जब कि नागरिक समाजका लागि यो विषयले खासै अर्थ राखेको देखिँदैन। माओवादी हतियार राष्ट्रसंघको जिम्मामा दिन तयार नभएको र अन्तरिम सरकारमा उसको प्रवेशमा त्यो सर्त बन्न नहुने स्पष्ट संकेतहरू देखा परेका छन्।

त्यस्तै माओवादीसँग सम्बन्धित द्वन्द्वबाहेक मुलुकमा अन्य हिंसात्मक घटना, आन्तरिक संकट आइपरेमा नेपाली सेना ब्यारेकभित्रै रहने वा बाहिर प्रयोग हुने जस्ता केही आशंकालाई पनि सरकारले सम्बोधन गर्नुपर्ने एक वरिष्ठ सुरक्षा अधिकारीले जनाएका छन्। तर, प्रधानमन्त्री कोइरालाको पत्र राष्ट्रसंघीय संलग्नताका अन्तिम सर्त नभएर त्यसको आधार बन्ने देखिन्छ।

यसैबीच द्वन्द्व व्यवस्थापनका विविध पक्ष र खासगरी संविधानसभा निर्वाचन प्रक्रियामा पर्यवेक्षणका लागि विशेष चासो राख्दै आएको अमेरिकाको कार्टर सेन्टरका केही वरिष्ठ पदाधिकारीहरूले माओवादी अध्यक्ष प्रचण्डसहितका नेताहरूसँग भेट गरेका छन्। राष्ट्रसंघको संलग्नताले संविधानसभा निर्वाचनमा ढिलाइ हुने सम्भावनाबारे त्यहाँ छलफल भएको बुझिएको छ।

■ **विशेष संवाददाता/काठमाडौं**

## मार्टिनको बहिर्गमन ?



तेजबहादुर बस्नेत

**संयुक्त राष्ट्रसंघीय** मानवअधिकार उच्चायोगका नेपालस्थित विशेष प्रतिनिधि इयान मार्टिन आफ्नो 'मिसन' पूरा हुनुअघि नै नेपाल छोड्ने तयारीमा छन्। सम्भवतः मार्टिन राष्ट्रसंघीय विशेष दायित्वका साथ पूर्वी टिमोरमा रहनेछन्।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पठाएको पत्रमा इयान मार्टिनका कार्यालयकै मार्फत वार्ता अवधिमा मानवअधिकारको स्थिति निगरानी गर्न आग्रह गरेका छन्। मार्टिनको कार्यालयले यसबारे केही बताउन चाहेन।

मानवअधिकार उच्चायोगले गत वर्ष मार्टिनलाई द्वन्द्वग्रस्त नेपालमा मानवअधिकारस्थिति अनुगमन गर्न विशेष प्रतिनिधि नियुक्त गरेको थियो। नेपाल बसाइमा मार्टिनको कार्यालयले भैरवनाथ गणबाट हराएका ४९ संदिग्ध माओवादीको सूची प्रकाशन गर्नाका साथै माओवादीद्वारा हालको युद्धविरामताका भएका कमसेकम सात राजनीतिक दलका कार्यकर्ता र निरस्त्र नागरिकहरूको हत्याबारे छानबिन गर्न सार्वजनिकरूपमा आग्रह गरेको थियो।



# आन्दोलन कायमै

**मुक्त कमैयाहरूले** राजधानी केन्द्रित आन्दोलन चर्काउन थालेपछि सरकारले उनीहरूको समस्या समाधान गर्ने उद्देश्यले चाँडै नै मन्त्रिस्तरीय आयोग गठन गर्ने भएको छ। केन्द्रीय तहमा मन्त्रिस्तरीय र कमैयाको बसोवास भएको पाँच जिल्लामा जिल्लास्तरीय आयोग गठन गर्ने तयारी भएको मन्त्रालय स्रोतले *समय*लाई बतायो। कमैया मुक्त घोषणा गरेको ६ वर्ष बितिसक्दा पनि सरकारले अधिकांश मुक्त कमैयालाई जग्गा वितरण नगरेको बताउँदै सम्पूर्ण मुक्त कमैयालाई जमिन उपलब्ध गराउनुपर्ने, छुटेका कमैयालाई परिचयपत्र दिनुपर्ने, रोजगारीको व्यवस्था गर्नुपर्ने र सम्पूर्ण समस्या समाधानका लागि उच्चस्तरीय मुक्त कमैया आयोग गठन गर्नुपर्ने लगायतका माग राख्दै उनीहरूले राजधानी केन्द्रित आन्दोलन गरेका हुन्।

आन्दोलनका लागि पश्चिम तराईका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङका तीन सय कमैया राजधानी आएका छन्। सरकारले आफ्ना मागप्रति बेवास्ता गरेमा हजारौं कमैया राजधानी आएर आन्दोलित हुनुपर्ने आयोजकहरूले बताएका छन्। जमिनदारको घरमा बाँधाको जीवन बिताउँदै आएका कमैयालाई २०५७ साउन २ गते प्रतिनिधिसभाले कमैया मुक्तिको घोषणा गरेको थियो। घोषणाको लामो समयसम्म पनि कमैयाको वास्तविक समस्या समाधान नभएकाले आन्दोलन गर्नुपरेको आन्दोलनरत कमैयाहरूले बताएका छन्। एमाले नेता केशव वडाल भन्छन्, 'यो सरकारले सम्पूर्ण कमैया परिवारलाई जमिनसहित घर बनाउने बजेट निकासा गरेर समस्या समाधान गर्नुपर्छ।'

सरकार र कमैयाका बारेमा काम गर्ने गैरसरकारी संस्थाहरूमा कमैयाको तथ्यांकमै भिन्नता छ। सरकारले २० हजार कमैया भएको र ती सबैलाई जमिन उपलब्ध गराएको दाबी गर्दै आएको छ। तर, मुक्त कमैया क्षेत्रमा काम गर्नेहरूको तथ्यांकले भने कमैयाहरूको संख्या ३५ हजार ७ सय २१ रहेको देखाएको छ। इन्सेकको एक अध्ययनले नेपालमा कमैया परिवारको संख्या १६ हजार ३ सय भएको देखाएको छ। सरकारको आँकडाभन्दा दोब्बरको हाराहारीमा कमैया रहेकाले सरकारी प्रमाणपत्र पाएका बाहेकले सुविधा पाउन नसकेको बताउँदै आएका छन्। फलतः कमैया मुक्तिको घोषणाले कमैयाको वास्तविक मुक्ति गर्न सकेको छैन।

सबै मुक्त कमैयालाई जग्गा वितरण गरिने सरकारले बताए पनि १९ हजार ४ सय ७७ मुक्त कमैयाले अझै जग्गा पाएका छैनन्। उता सरकारी हेलचक्र्याइँका कारण जग्गा वितरण प्रभावकारी हुन नसकेको गुनासो कमैयाहरूले गरेका छन्। जग्गाधनी पुर्जा पाएकामध्ये १ हजार ४ सय ४२ ले पुर्जाअनुसारको जग्गा पाएका छैनन्। सरकारको अव्यवस्थित र अवैज्ञानिक जग्गा वितरण कार्यशैलीले गर्दा यस्तो समस्या देखिएको उनीहरूले बताएका छन्। जग्गामा मोहियानी हक लाग्ने तर त्यही जग्गामा काम गर्न बाँधा बसेका कमैयाहरूलाई त्यस्तो अधिकार नदिएका कारण समस्या थपिँदै गएको विज्ञहरूले बताएका छन्। बाँधा राखेकै जमिनदारको जग्गाबाट कमैयालाई पनि मोहियानी हकसरहको अधिकार दिएर जग्गा वितरण गरेको भए वैज्ञानिक हुने र सबैले जग्गा पाउने तर्क विश्लेषकहरूको छ। सरकारले सबै मुक्त कमैयालाई पाँच कट्ठाका दरले जमिन दिने भने पनि तोकिएअनुसारको जमिन थोरैले मात्र पाएका छन्। घर बनाउनको लागि दिने भनिएको १० हजार रुपैयाँ र ३५ क्युफिट काठ पनि सबैले पाउन नसकेको गुनासो कमैयाहरूको छ। नेपालमा २ हजार ७ सय ८९ कमैया परिवारले अझै मुक्त कमैया प्रमाणपत्र समेत पाएका छैनन्। यसले गर्दा मुक्त कमैयालाई दिएको सुविधा उपभोग गर्न नपाएको गुनासो उनीहरूले गरेका छन्।

कमैयाको क्षेत्रमा स्वदेशी र विदेशी गरी दर्जनौं गैरसरकारी संस्थाहरूले विगत एक दशकदेखि काम गर्दै आएका छन्। तर, कमैयाको वास्तविक समस्यामा भने सोचेअनुरूप उपलब्धि हासिल हुन सकेको छैन। नेपालमा सीमित व्यक्तिहरूको अधीनमा अधिकांश जग्गा भएकाले भूमिहीनहरूको संख्या अत्यधिक छ। अहिले पनि हजारौं जनता सुकुमवासी छन् भने तराईमा ९० प्रतिशत दलितहरू भूमिहीन छन्। वडाल भन्छन्, 'भूमिहीनहरूलाई भूमिहीनको प्रमाणपत्र दिएर भूमि दिने व्यवस्था राज्यले तुरुन्त थाल्नु पर्छ र नागरिकता नभए जग्गा किन्न नपाउने र जग्गा नभए नागरिकता नपाउने विभेदकारी व्यवस्था खारेज गर्नुपर्छ।'

विगतमा वडाल आयोग र शेरबहादुर देउवा सरकारले भूमिमाथिको सीमित व्यक्तिको वर्चस्व तोड्न लागू गर्न खोजेको भूमिसुधार राजनीतिक दलहरूबीचकै विवादका कारण लागू हुन सकेन। अहिलेको लोकतान्त्रिक सरकारले जग्गाको हदबन्दी तोकेर प्रभावकारी क्रान्तिकारी भूमिसुधार लागू गर्ने हो भने कमैया, सुकुमवासी लगायतका भूमिहीनहरूको समस्या समाधान हुने भूमिविज्ञहरूले बताएका छन्।

■ **गोविन्द परियार/काठमाडौं**

# फैलँदो सञ्जाल




तस्वीरहरू : तेजबहादुर बस्नेत

**द्वन्द्वका कारण नगरकेन्द्रित भएका दुरसञ्चार सेवा प्रदायकहरू अब गाँउ–गाँउमा फैलिन लालायित छन्, उनीहरूलाई प्रतिक्षा राजनीतिक अनुकुलताको छ।**

■ **गोविन्द परियार/काठमाडौं**

**विगत एक दशकमा** नेपालले दूरसञ्चार क्षेत्रमा विशाल फड्को मारेको छ। टेलिफोन सेटसम्म नदेखेका नेपालीले हात-हातमा मोवाइल बोक्न थालेका छन्। विश्वमा भएको सूचना क्रान्तिको प्रभाव नेपालमा, न्यून मात्रामै भए पनि देखिन थालेको छ। विदेश गएका आफन्तको हालखबर चिठीपत्रबाट वा ऊ घर फिर्ता भएपछि मात्र थाहा पाउने नेपालीहरूले अहिले विश्वका जुनसुकै मुलुकमा पनि न्यून रकमबाट फोन वार्ता गर्ने सुविधा पाएका छन्। तर, यी सबै सेवा सहर र विशेष गरी राजधानी केन्द्रित भएका कारण ग्रामीण क्षेत्रका जनता यी सुविधा सहजरूपमा उपभोग गर्नबाट वञ्चित छन्। विगतको दशकमा मुलुक द्वन्द्वमा रुमलिएकाले पनि ग्रामीण दूरसञ्चारको विकास गर्न नसकिएको सेवा प्रदायकहरूले बताएका छन्।

दूरसञ्चारमा एकलौटी पकड जमाएको नेपाल टेलिकमले उपभोक्ताको माग थेग्न सकेको छैन। अझै पनि नेपाल टेलिकमको साधारण टेलिफोन माग गर्नेहरूको संख्या हजारौं छ भने प्रिपेड मोवाइलको माग उत्तिकै बढ्दो छ। उपभोक्ताले माग्नेबित्तिकै टेलिफोन जडान गर्न टेलिकमले किन सकेको छैन त ? नेपाल टेलिकमका कार्यकारी निर्देशक सुगतरत्न कंसाकार भन्छन्, 'सोचेभन्दा ठूलो मात्रामा सहरीकरण भएकाले र पुराना प्रविधि असफल भएर क्षमता विस्तार हुन नसक्नाले यो समस्या देखिएको हो।' साधारण टेलिफोन लाइन जडान गर्न समस्या भए पनि हालै नेपाल टेलिकमले ताररहित सिडिएमए प्रविधिको सी फोन सेवा सुरु गरेकाले काठमाडौं उपत्यका र मुलुकका प्रमुख सहरहरूमा तुरुन्तै टेलिफोन वितरण गर्न सकिने कंसाकार बताउँछन्।

मुलुक द्वन्द्वको जन्जिरमा रुमालिएर आर्थिक मन्दी भएको अवस्थामा समेत नेपालीहरूले मोवाइल सेवालाई आधारभूत आवश्यकताका रूपमा स्विकारेका छन्। मोवाइल मागकर्ताको बढ्दो चापले यसलाई पुष्टि गरेको छ। देशव्यापी संजाल र अन्य कम्पनीभन्दा सेवाशुल्क न्यून भएका कारण टेलिकमको प्रिपेड र पोस्टपेड दुवै सेवा लोकप्रिय छन्। उपभोक्ताको माग थेग्न नसक्दा टेलिकमले प्रिपेड मोवाइल सेवाको क्षमता विस्तार गरिरहेको छ। यो कार्य पूरा भएपछि 'अनडिमान्ड' सेवा दिने बताएको छ।

नेपालीमा देखिएको मोवाइल र दूरसञ्चारप्रतिको आकर्षणले नयाँ कम्पनीहरू समेत यस क्षेत्रमा लगानी गर्न उत्सुक देखिएका छन्। ५० वर्षअघि अन्तर्राष्ट्रिय दूरसञ्चार संघको सदस्यता प्राप्त गरेपछि नेपालले वैधानिकरूपमा २०१६ सालमा टेलिकम्युनिकेसन विभाग स्थापना गरेर दूरसञ्चार सेवा सुरु गरेको हो। मुलुकमा दूरसञ्चारको विकास र विस्तार गर्न पहिलोपटक २०१९ सालमा टेलिकम्युनिकेसन ऐन आएको थियो। २०५३ को दूरसञ्चार ऐनले टेलिकम्युनिकेसन ऐन खारेज गरेर नेपाल दूरसञ्चार प्राधिकरण गठन र दूरसञ्चार नियमावली लागू गरेपछि भने यो क्षेत्रमा खुला प्रतिस्पर्धाको नीतिले प्रवेश पाएको हो। दूरसञ्चारको विकासमा सरकारले खुला बजार नीति अवलम्बन गरेपछि त्यसलाई व्यवस्थित अनुगमन र कार्यान्वयन गर्ने उद्देश्यले २०५४ सालमा नेपाल दूरसञ्चार प्राधिकरण गठन भयो। त्यसअघिसम्म मन्त्रालयअन्तर्गतको एउटा शाखाले दूरसञ्चार सेवा प्रदायक संस्थाहरूलाई लाइसेन्स दिने र अनुगमन गर्ने गर्थ्यो। प्राधिकरण गठन भए पनि पूर्ण स्वयत्तता नभएकाले कतिपय निर्णयका लागि मन्त्रालय धाउनैपर्ने बाध्यता छ। प्राधिकरणका प्रवक्ता आनन्दराज खनाल भन्छन्, दूरसञ्चार 'प्राधिकरणलाई पूर्ण स्वायत्त निकाय बनाउनु पर्छ।'

सरकारी स्वामित्वमा रहेको नेपाल टेलिकमबाहेकका निजीस्तरका युनाइटेड टेलिकम र स्पाइस नेपालले पनि आफ्ना सेवा संचालन गरिरहेका छन्। युनाइटेड टेलिकमले ताररहित टेलिफोन सेवा दिँदै आएको छ भने स्पाइस नेपालले नयाँ प्रविधिको सेलुलर मोवाइल सेवा सुरु गरेको छ। यी दुवै कम्पनीले आफ्ना सेवा देशव्यापी बनाउने तयारी गरिरहेका छन्। स्पाइस नेपालले उपत्यका

# दक्षिण एसियामा पहिलो हुँदै छौं

**सुगतरत्न कंसकार**
कार्यकारी निर्देशक, नेपाल टेलिकम



**टेलिकमले प्राप्त गरेको सफलताको रहस्य के हो ?**

विश्वमै नेपाल कम टेलिफोन घनत्व भएको मुलुक हो । त्यसैले दूरसञ्चारमा सम्भावना छ भन्ने हामीलाई लाग्यो र सोहीअनुरुप काम गर्दै गयौं । दूरसञ्चार क्षेत्रमा लगानीको लागि ठूलो धनराशि खर्च गर्नुपर्ने भएकाले भविष्यमा विदेशी लगानीकर्ताहरूसँग प्रतिस्पर्धा गर्नुपर्छ भन्ने लागेर त्यसैअनुरूपको सेवा संचालन गर्दै गयौं । यसको फलस्वरुप आज ९० प्रतिशत दूरसञ्चार सेवा हाम्रो पकडमा छ ।

**तर 'अनडिमान्ड' टेलिफोन सेवा उपलब्ध हुन सकेन नि ?**

साधारण टेलिफोन लाइन पुरानो प्रविधिको भएकाले त्यसको भौतिक संरचना विस्तार गर्न समय लाग्छ । जति नयाँ प्रविधि प्रयोग गरिन्छ, त्यति छिटो छरितो हुन्छ । यसको लागि हामीले सिडिएमए प्रविधिको ताररहित फोन र साधारण फोन दुवै सेवा विस्तार गरिरहेका छौं । अब चाँडै नै उपभोक्ताले अनडिमान्ड सेवा लिन पाउँछन् ।

**दूरसञ्चार सेवामा प्रयोग गरेका प्रविधिहरू कुन स्तरका छन् ?**

अहिले पनि हामीले पछिल्ला प्रविधिमार्फत सेवा दिएका छौं । तेस्रो पुस्ताको डब्लुसिडिएमए प्रविधि भित्र्याउने तयारी भएको छ । एक दुई महिनाभित्र यो प्रविधि भित्र्याउन सकियो भने हामी दक्षिण एसियामै पहिलो हुन्छौं ।

**नेपालमा सूचना प्रविधिको उल्लेख्य विकास किन हुन नसकेको होला ? जब कि छिमेकी मुलुक भारतले ठूलै फड्को मारेको छ ?**

भरतीयहरूले समयानुकूल आफूलाई परिवर्तन गर्न सके र एक प्रकारको बजार लिइसके । यसको प्रमुख कारण सरकारले अख्तियार गर्ने नीति पनि हो । त्योसँगै भारतीय श्रमबजार अन्य विकसित मुलुकको तुलनामा सस्तो भएकाले गर्दा पनि ठूला आइटी कम्पनीहरू आकर्षित भए । तर, नेपालमा सूचना प्रविधिको विकासका लागि गर्नुपर्ने धेरै प्राविधिक काम बाँकी नै छन् । जस्तै अप्टिकल फाइबरको समस्या छ । नेपालको सिमानाले समुद्रलाई नछोएकाले गर्दा अप्टिकल फाइबर बिछ्याउनको लागि भारतको सहयोग लिनुपर्ने बाध्यता छ । अहिले भारतको चेन्नई र मुम्बईबाट अप्टिकल फाइबर बिछ्याएर २ सयभन्दा बढी राष्ट्रमा नेटवर्क विस्तार हुँदै छ ।

**ग्रामीण क्षेत्रहरू त टेलिकमको सेवाबाट अछुतो भए नि ?**

मुलुकमा भएको द्वन्द्वको कारण हामीले ग्रामीण दूरसञ्चारको विकासमा कुनै चासो देखाएका थिएनौं । तर, अहिलेको परिवर्तित राजनीतिक अवस्थाले वातावरण अनुकूल भएकाले ग्रामीण दूरसञ्चार अब हाम्रो प्राथमिकतामा छ ।

**द्वन्द्वका क्रममा टेलिकमको कति भौतिक संरचना क्षति भयो ?**

टेलिकमको ५८ करोड रुपैयाँबराबरको भौतिक संरचना नष्ट भएको छ । तर, अवस्था अनुकूल भएमा एक वर्षभित्र सबै संरचनाको पुनर्निर्माण हुन्छ । ■



## दोहोरो कर खारेजी हुनुपर्छ



**पवन शाक्य**
अध्यक्ष, इन्टरनेट सेवा प्रदायक संघ, नेपाल

**इन्टरनेट सेवाको विकास गर्न सरकारले कस्तो सहयोग गरेको छ ?**

सरकारसँग इन्टरनेट सेवाको विकास गर्न स्पष्ट नीति नभएकाले अनेक किसिमका झमेला देखिने गरेका छन् । कतिपय सन्दर्भमा नयाँ प्रविधिबारे ऐनमा बाध्यात्मक व्यवस्था छन् । त्यसलाई समेत सुधार गर्न सकिएको छैन । विशेष गरेर इन्टरनेट र नेटवर्क सेवा प्रदायकहरूलाई अनावश्यक करमा बाँधेर समग्र विकासमै अवरोध पुऱ्याएको छ ।

**तपाईंहरू र सरकारबीच करका बारेमा धेरै विवाद आउने गरेका छन्, वास्तविकता के हो ?**

हामीले सरकारलाई तिर्नुपर्ने सबै कर जोड्ने हो भने ४३ प्रतिशत पुग्छ । विश्वमा कुनै पनि मुलुकमा यति धेरै कर लिइँदैन । सूचना प्रविधिमा विश्वले ठूलो फड्को मारिसक्यो । तर, नेपालमा भने २०५३ को ऐनलाई टेकेर इन्टरनेट सेवा प्रदायकहरूलाई संकुचित बनाएको छ ।

**दूरसञ्चार प्राधिकरणले लाइसेन्स दिने र अनुगमन गर्ने भएपछि उसले नै तपाईंहरूको समस्या समाधान गर्नुपर्ने होइन ?**

सिद्धान्ततः गर्नुपर्ने हो तर प्राधिकरणको पनि आफ्नै बाध्यताले गर्दा ऐन परिवर्तन हुन नसकेकाले गर्दा अप्ठ्याराहरू कायमै छन् ।

**यसको समाधान के हो त ?**

दूरसञ्चार ऐनमा समयानुकूल परिवर्तन गरेर नयाँ प्रविधिसहित सहज र सरल इन्टरनेट सेवा प्रदान गराउने रणनीति सरकारले लिनुपर्छ । यसले सरकारको 'इ-गभर्नेन्स' सम्बन्धी नयाँ नीतिलाई पनि सहयोग गर्छ ।

**लाइसेन्स नवीकरण गर्न त अप्ठ्यारो छैन ?**

लाइसेन्स नवीकरणमा पनि बाध्यात्मक व्यवस्था छन् । पाँच वर्षको लागि प्राधिकरणले लाइसेन्स दिने गर्छ । तर, दुई महिनाअगाडि नवीकरण भएन भने लाइसेन्स शुल्कको २५ प्रतिशत थप दस्तुर लिने जस्ता निरुत्साहित गर्ने प्रावधान छन् ।

**काठमाडौं र केही सहरी क्षेत्रबाहेकका अधिकांश भूभागमा इन्टरनेट सेवा पुग्न सकेको छैन नि ?**

सेवा विस्तार गर्न उपकरण खरिद गर्नु पर्ने हुन्छ । तर, उपकरण खरिद गर्न मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने झन्झटदेखि दोहोरो करले गर्दा लगानीकर्ताहरूले सेवा विस्तार गर्न नसक्ेका हुन् । यदि सरकारले प्रोत्साहन गर्ने हो भने हामी ग्रामीण इलाकामा तुरुन्त सेवा संचालन गर्न तयार छौं । यसको लागि सरकारले बाध्यात्मक ऐन खारेजी गरेर लगानीकर्ताहरूलाई प्रोत्साहित गर्ने नीति लिनु पर्छ ।

**नेपालमा इन्टरनेटका ग्राहक कति छन् ?**

५० हजार प्रत्यक्ष ग्राहक छन् भने इन्टरनेट प्रयोगकर्ताहरू २ लाख ५० हजारभन्दा माथि छन् ।

लगायत पोखरा र हेटौंडामा आफ्नो सेवा विस्तार गरिसकेको छ । तराईका सहरी क्षेत्रमा समेत आफ्नो सेवा चाँडै विस्तार गरिने स्पाइस नेपालका उप प्रमुख बजार अधिकृत रुस्लान जुकेभले बताएका छन् । तर, एक दशक लामो ऐन अझै संशोधन नभएका कारण सरोकारवालाहरूले काम गर्न कठिनाइ भएको बताएका छन् । दूरसञ्चार ऐन २०५३ ले दूरसञ्चारका नयाँ प्रविधिहरू प्रयोग गर्न निरुत्साहित गरेको छ । प्राधिकरण प्रवक्ता खनाल भन्छन्, 'ऐनले नयाँ प्रविधि प्रयोग गर्न बन्देज लगाएको छ । तसर्थ तुरुन्त यसलाई परिवर्तन गरेर नयाँ प्रविधि भित्र्याउन प्रोत्साहन गर्नुपर्छ ।' सरकारले 'दूरसञ्चार नीति २०६०' को अवहेलना गरेर ऐनमा परिवर्तन नगरेको खनाल बताउँछन् ।

विगतमा मुलुकमा भएको द्वन्द्वले लक्ष्यअनुरूप सबै गाविसमा सञ्चार सेवा पुऱ्याउन नसकिएको टेलिकमका कार्यकारी निर्देशक कंसाकारको भनाइ छ । देशका प्रमुख सहर र जिल्ला सदरमुकाममा उपभोक्ताले मागेको समयमा टेलिफोन वितरण गर्ने नीति भने कार्यान्वयनमा गएको टेलिकमले बताएको छ । नेपाल टेलिकमका प्रवक्ता सुरेन्द्र थिके भन्छन्, 'अहिले काठमाडौं उपत्यकामा उपभोक्ताले माग गर्नासाथ टेलिफोन दिने सेवा सुरु भएको छ र छिटै यो सेवा अन्य प्रमुख सहरमा पनि सुरु गरिनेछ ।' गत जेठ मसान्तसम्म दूरसञ्चारले ४ लाख ४३ हजार लाइन साधारण टेलिफोन (पिएसटिएन प्रविधि) वितरण गरेको छ भने हालसालै भित्र्याएको सिडिएमए प्रविधिको सी फोन २० हजार ५ सयभन्दा बढी लाइन वितरण गरेको छ । अहिले प्रति सयजनामा ४.४ जना नेपालीले कुनै न कुनै सञ्चारसाधन






प्रयोग गरेका छन् । दक्षिण एसियाको तुलनामा यो आँकडा न्यून भए पनि राजनीतिक अवस्था स्थिर भएमा छोटो समयमै सञ्चार प्रविधिमा द्रुत गतिले अघि बढ्न सकिने विज्ञहरूको भनाइ छ । दूरसञ्चारको संजाल फैलावटमा पछाडि परे पनि प्रविधिको हिसाबले नेपाल दक्षिण एसियामा पछौटे छैन । टेलिकमले दोस्रो पुस्ताको जिएसएम प्रविधिबाट आफ्ना सेवा संचालन गरेको छ र चाँडै तेस्रो पुस्ताको प्रविधिका रूपमा परिचित डब्लुसिडिएमए प्रविधि भित्र्याउने तयारीमा जुटेको छ । यो प्रविधि विश्वका अतिविकसित जापान, कोरिया, हङकङ लगायतका सीमित मुलुकमा मात्र प्रयोगमा ल्याइएको छ ।

## सुस्त ग्रामीण दूरसञ्चार

नेपालको भौगोलिक बनावटका कारण पनि दूरसञ्चारमा सोचेअनुरूप विकास हुन सकेको छैन । दूरसञ्चारको विकासका लागि आधारभूत आवश्यकताको रुपमा रहेका सडक र विद्युत् नभएका कारण अधिकांश ग्रामीण इलाकामा सेवा पुर्‍याउन नसकिएको प्राधिकरण प्रवक्ता खनाल बताउँछन् । हिमाली क्षेत्रमा भिस्याट प्रविधिअन्तर्गत टेलिफोन सेवा सुरु गरिएको भए पनि सोलरबाट संचालन गर्नु पर्ने भएकाले गर्दा घाम नलागेको समयमा सेवा अवरुद्ध हुने हुँदा चुस्त सेवा संचालन भएको छैन । दसौं पञ्चवर्षीय योजनाको अन्त्यसम्म सबै गाविसमा कम्तीमा दुईवटा टेलिफोन लाइन पुर्‍याउने लक्ष्य लिएको भए पनि योजना करिब अन्त्यसम्म आइपुग्दा १ हजार ९ सय ४० गाविसमा अझै टेलिफोन सेवा पुर्‍याउन नसकिएको टेलिकमले जनाएको छ । दसौं योजनामा दूरसञ्चार सेवा प्रतिहजार जनसंख्यामा ४० पुर्‍याउने गरी १० लाख सञ्चारका साधन वितरण गर्ने लक्ष्य लिएको थियो ।

ग्रामीण क्षेत्रमा दूरसञ्चारको विकास गर्ने उद्देश्यले प्रत्येक दूरसञ्चार सेवा प्रदायक संस्थाहरूबाट कुल आम्दानीको २ प्रतिशत रकम दूरसञ्चार प्राधिकरणअन्तर्गतको 'ग्रामीण दूरसञ्चार विकास कोष'मा जम्मा हुन्छ । तर, सरकारसँग स्पष्ट रणनीति नभएको कारण त्यो रकम अझैसम्म परिचालन हुन सकेको छैन । आर्थिक वर्ष २०६२/०६३ सम्म यो रकम ४९ करोड ८४ लाख ८८ हजार ४ सय ५० रुपैयाँ पुगेको छ । प्राधिकरण प्रवक्ता खनाल भन्छन्, 'ग्रामीण दूरसञ्चार विकासको लागि रणनीति बनाउने तयारी भइरहेकाले केही समयपछि कोषको रकम खर्च हुन्छ ।' ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा पुर्‍याउने योजनाअनुरुप विश्व बैंकको ऋण सहयोगमा एसटिएम कम्युनिकेसनले पूर्वाञ्चलका १६ जिल्लामा भिस्याट प्रविधिमार्फत १ हजार २ सय ४८ पिसिओ राख्ने काम सम्पन्न गरेको छ ।

एउटा भिस्याट राख्न कम्तीमा लाइसेन्स शुल्कबाहेक २ देखि ८ लाख रुपैयाँसम्म खर्च हुन्छ । त्यससँगै सरकारी झन्झट प्रशस्तै छन् । विशेष गरेर उच्च पहाडी र हिमाली क्षेत्रमा यो प्रविधिअन्तर्गत टेलिफोन सेवा दिने गरिन्छ ।

## सम्भावना छ, नीति छैन

मुलुकमा सूचना प्रविधिको विकास गर्ने यथेष्ट सम्भावना रहे पनि स्पष्ट नीतिको अभावमा यो

नेपाल दूरसञ्चार प्राधिकरण
Nepal Telecommunications Authority

सूचना प्रविधिको युगमा दूरसञ्चारको विकास नै नेपाल दूरसञ्चार प्राधिकरणको मूल लक्ष्य

नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिबद्धता

- नेपाल सरकारको नीतिअनुरुप दूरसञ्चारमा सबैको पहुँच
- ग्रामीण क्षेत्रमा दूरसञ्चारको सुविधा
- निजी क्षेत्रका लगानीकर्तालाई दूरसञ्चारमा लगानी गर्ने वातावरणको सृजना
- दूरसञ्चारका उपभोक्ता वर्गको हक र हितको संरक्षण

प्राधिकरण सेवा प्रदायक संस्था होइन तर दूरसञ्चार सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई अनुमति पत्र प्रदान गर्ने तथा व्यवस्थित, नियमित र अनुगमन गर्ने संस्था हो

Nepal Telecommunications Authority
G.P.O. Box : 9754 Thirbam Marg, Baluwatar, Kathmandu, Nepal
Tel : +977-1-4446001/2/3/4, 2083201, Fax : +977-1-4446006
email : ntra@nta.gov.np, website : www.nta.gov.np

नेपाल दूरसञ्चार प्राधिकरण
जि.पि.व. : ९७५४, थिरबम मार्ग, बालुवाटार, काठमाडौं नेपाल
फोन नं.: ९७७-१-४४४६००१/२/३/४, फ्याक्स : ९७७-१-४४४६००६
इमेल : ntra@nta.gov.np, वेभसाइटः www.nta.gov.np

# प्रविधिमा हामी अगाडि छौं

**रुस्लान जुकेभ**
उप प्रमुख बजार अधिकृत
स्पाइस नेपाल प्रा. लि.



**मेरो मोवाइलका कति ग्राहक छन् ?**
अहिले एक लाखको हाराहारीमा मेरो मोवाइलका ग्राहक छन् ।


**भविष्यमा कति पुऱ्याउने योजना छ ?**
सन् २००६ को अन्त्यसम्म ३ लाख ग्राहक पुऱ्याउने लक्ष्य छ । त्यसको लागि काठमाडौं उपत्यकाबाहेकका पोखरा र हेटौंडामा सेवा विस्तार गरिसकेका छौं र निकट भविष्यमै अन्य भूभागमा जाँदै छौं ।

**ग्रामीण क्षेत्रमा पनि जाने योजना छ ?**
अहिले हाम्रो प्राथमिकता भनेको सहरी र तराई क्षेत्र हो । ग्रामीण क्षेत्रमा अहिले नै मोवाइल सेवा प्रयोग गर्ने क्षमता भइसकेको छ भन्ने हामीलाई लाग्दैन ।

**आफ्ना ग्राहकहरूबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
प्रविधिगत हिसाबले हामीले नयाँ प्रविधिमार्फत वोन्डलेस सेवा संचालन गरेका छौं । जिपिआरएस प्रविधिअन्तर्गत सेवा दिँदै आएका छौं । यसले गर्दा हाम्रो मोवाइल सेवाबाट ग्राहकले इन्टरनेट इमेल सजिलै प्रयाग गर्न सक्छन् । तर, नेपाल टेलिकमसँगको इन्टरकनेक्सको समस्याले गर्दा टेलिकमका सञ्चार सेटहरूसँग सम्पर्क गर्दा ग्राहकले केही महँगो शुल्क तिर्नु परेको छ । यो समस्या समाधान गर्ने पक्षमा हामी छौं । ■







## दूरसञ्चारका ग्राहक संख्या

| | विवरण | २०६१ सम्म | २०६२ सम्म | २०६३ जेठसम्म |
|---|---|---|---|---|
| १ | नेपाल टेलिकम | | | |
| | साधारण टेलिफोन | ३,९५,००० | ४,३३,००० | ४,८२,००० |
| | ताररहित फोन | ..... | .... | २०,५८७ |
| | मोवाइल प्रिपेड | ५३,००० | १,७३,००० | ४,१८,००० |
| | मोवाइल पोस्ट पेड | ६३,००० | ७६,००० | १,०५,००० |
| २ | युनाइटेड टेलिकम | | | |
| | ताररहित फोन | १४,००० | ३१,००० | ५२,००० |
| | मोवाइल | ......... | ....... | १६,००० |
| ३ | स्पाइस नेपाल | | | |
| | पोस्टपेड मोवाइल | ......... | ......... | १५,०० |
| | प्रिपेड मोवाइल | ........ | ........... | १,०८,००० |
| ४ | एसटिएम | ......... | ५,०० | २०० |
| ५ | जिएमपिसिएम | २५० | ५,०० | ८,०० |
| | जम्मा | ५,२५,००० | ७,१४,००० | १२,०१,००० |

सम्भव हुन सकेको छैन । छिमेकी मुलुक भारतले सूचना प्रविधिमा वर्षिक १० अर्ब डलरबराबरको निर्यात गर्ने गरे पनि नेपालको गति भने अझै सुस्त नै छ । हिमालयन अनलाइनका प्रमुख मनीषकुमार सिंह भन्छन्, 'सरकारको गैरजिम्मेवारीपन र विश्व सूचना प्रविधिसम्बन्धी ज्ञान नभएको कारण ठूलो सम्भावना रहेको सूचना प्रविधि क्षेत्र शून्य भएको छ ।' आजभन्दा डेढ दशकअगाडीसम्म नेपाल दक्षिण एसियामै सूचना प्रविधि क्षेत्रमा अगाडि रहेकोमा अहिले सबैभन्दा पछाडि धकेलिएको छ । म्यानपावरको हिसावले सम्भावना बोकेको भए पनि अहिले अधिकांश सूचना प्रविधिका ब्रेनहरू विदेशिएका छन् । विश्वका ठूला आइटी कम्पनीहरूमा दक्ष नेपाली जनशक्ति प्रयोग भएका छन् । सूचना प्रविधिको विकासमा सरकारी रणनीति र कार्यक्रम स्पष्ट नभएका कारण विदेशिन बाध्य हुने गरेको यस क्षेत्रका विज्ञहरूले बताएका छन् ।

सरकारको दूरसञ्चार नीतिअनुरुपको ऐनमा सुधार नभएका कारण समग्र सूचना प्रविधिको विकासमा अवरोध पुऱ्याएको छ । कतिपय नयाँ प्रविधि प्रयोग






## दूरसञ्चार सेवाका लागि लाइसेन्स लिएका कम्पनीहरू

| स्वीकृत सेवाको प्रकृति | संख्या |
|---|---|
| साधारण टेलिफोन सेवा | २ (टेलिकम, युटिएल) |
| सेलुलर मोवाइल सेवा | २ (टेलिकम, स्पाइस नेपाल प्रा.लि.) |
| ग्रामीण दूरसञ्चार सेवा | १ (एसटिएम टेलिकम सञ्चार) |
| इन्टरनेट सेवा प्रदायक | ३८ |
| भिस्याट नेटवर्क सर्भिस | १० |
| फ्याक्स मेल सर्भिस | ६ |
| जिएमपिसिएस सेवा | २ |
| भिडियो कन्फ्रेन्स सेवा | १ (वर्ल्ड बैंक) |
| लोकल डाटा सेवा | १ |
| सीमित मोबिलिटी सेवा | २ (युटिएल, टेलिकम) |
| रेडियो पेजिङ सेवा | ५ (अहिले बन्द) |

गर्नसमेत ऐनले रोकेको सरोकारवालाहरू बताउँछन्। जिएसएम प्रविधि प्रयोगमा ल्याएको स्पाइस नेपालले अन्य प्रविधि प्रयोग गर्न पाउँदैन। तसर्थ यस्ता ऐन समयसापेक्ष परिवर्तन हुनुपर्ने खनाल बताउँछन्। सरकारको सूचना प्रविधिप्रतिको साँगुरो नीतिका कारण सामाजिक क्रान्ति र आर्थिक क्रान्तिमा पछाडि परेको मुलुक फेरि अहिले विश्वमा विकसित सूचना क्रान्तिमा पनि पछाडि पर्ने संकेत देखिएको विज्ञहरू बताउँछन्। प्रवक्ता थिके भन्छन्, 'सामाजिक र आर्थिक विकासमा दूरसञ्चारको उत्प्रेरकको भूमिका हुने भएकाले गर्दा नेपालजस्तो मुलुकमा यसको विकास अपरिहार्य छ, तसर्थ आवश्यक ऐनमा सुधार गर्नुपर्छ।' सूचना प्रविधिको विकाससँगै नेपाली आकाशमा पाँचवटा स्याटेलाइट टेलिभिजन संचालनमा छन्। सरकारीस्तरको नेपाल टेलिभिजनको एकलौटी पकडलाई अहिले निजीस्तरका टेलिभिजनले तोडेका छन्। सरकारी नेपाल टेलिभिजनले मात्र स्याटेलाइट प्रयोग गरिरहेकोमा पछिल्लो समयमा इमेज च्यानल, च्यानल नेपाल, कान्तिपुर टेलिभिजन, नेपाल वनजस्ता निजी क्षेत्रका टेलिभिजन च्यानलहरूले स्याटेलाइटमार्फत् विश्वका अधिकांश भागमा आफ्नो प्रसारण पुर्‍याइरहेका छन्।

### करै करको भार

स्पष्ट नीति नभएको कारण इन्टरनेट सेवा प्रदायकहरूलाई करमाथि करको बोझ बोकाएको आरोप सरोकारवालाहरूको छ। नेपालमा इन्टरनेट सेवा सुरुवात सन् १९९५ देखि भएको थियो। तर, सरकारसँग स्पष्ट नीति नभएका कारण डेढ दशकको अवधिसम्म सोचेअनुरूप सफलता हात पर्न सकेको छैन। सरकारले इन्टरनेट सेवा प्रदायकहरूलाई करको बोझ भिराएर विकास अवरुद्ध गरेको आरोप सेवा प्रदायकहरूले लगाएका छन्। हिमालयन अनलाइन सेवाका प्रमुख सिंह भन्छन्, 'विश्वमा कहीँ नभएको ऐनका कारण ४३ प्रतिशतभन्दा बढी कर इन्टरनेट सेवा प्रदायकहरू तिर्न बाध्य भछन्। यो सरकारले तुरुन्त खारेज गर्नु पर्छ।'

सूचना प्रविधिमा भएको विकासले विश्वलाई नै एउटा गाउँजस्तै बनाइदिएको छ। विश्वका जुनसुकै देशमा पनि न्यून लागतमा टेलिफोन सम्पर्क गर्न सकिने प्रविधि विकास भएको छ। तर, नेपालमा सरकारको उदासीनताका कारण सहज र सुलभ सेवा जनताले पाउन सकेका छैनन्। सरकारले यो क्षेत्रको विकासका बारेमा कुनै नीति सार्वजनिक गरेको छैन। भायानेट कम्युनिकेसनका विनय बोहोरा भन्छन्, 'जुनसुकै ब्यान्ड प्रयोग गरे पनि प्रत्येक उपकरणमा रेडियो फ्रिक्वेन्सीको लागि लाइसेन्स लिनुपर्ने अव्यवहारिक व्यवस्था छ। यो खारेजी गरिनु पर्छ।' आर्थिक वर्ष २०६३/०६४ को बजेटले समेत यो क्षेत्रलाई पूरै उपेक्षा गरेको आरोप सेवा प्रदायकहरूले लगाएका छन्। नेपाल दूरसञ्चार प्राधिकरणमार्फत लाइसेन्स लिएर सेवा संचालन अनुमति पाएका इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले उपकरण भिकाउने लगायतका निर्णय गर्न मन्त्रालयबाट स्वीकृति लिनुपर्ने बाध्यता छ। सिंह भन्छन्, 'प्राधिकरणबाट लाइसेन्स लिने तर उपकरण आयात गर्नु पर्‍यो भने मन्त्रालयबाट स्वीकृत गराउनुपर्ने दोहोरो नीति छ।' सन् २००० मा विश्वमै सर्वसुलभ मानिएको नेपाली इन्टरनेट सेवा पाँच वर्षमै सबैभन्दा महँगोमध्ये एक भएको छ। ■





गणेश थापा

# जागे क्लब

**विगत दस वर्षदेखि** अनवरत नेपाली फुटबललाई हाँक्दै आइरहेका अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष गणेश थापा र उनको नेतृत्वविरुद्ध देशका अधिकांश 'बी' डिभिजन क्लबहरू संघर्षमा उत्रिएका छन्। उनीहरूले नेपाली फुटबलको विकासका लागि क्लब फुटबललाई बलियो बनाउँदै लैजाने एन्फाको प्रतिबद्धतालाई खोक्रो नाराको संज्ञा दिँदै सस्तो लोकप्रियताका लागि विगतमा क्लबलाई प्रयोग गरिएको दाबी गरेका छन्। उनीहरूले लोकतन्त्र बहालीपछि पनि विगतको कमी कमजोरी सच्याउँदै लैजाने कुनै छाँट नदेखाएकोमा एन्फा नेतृत्वको कडा आलोचना गर्दै समयमै नसच्चिए कडा कदम उठाउने निर्णय गरेका छन्। उनीहरूले क्लब फुटबललाई बलियो बनाउने एन्फाको नीति देखावटी नभई वास्तविकरूपमा कार्यान्वयन हुनु पर्ने र आफ्नो माग तत्काल पूरा गर्न एन्फासँग आह्वान गरेका छन्।

'अब फुटबल पुरानै शैलीले चल्न सक्दैन। संघको आर्थिक हिसाब पारदर्शी मात्र होइन, क्लब फुटबललाई आर्थिकरूपले बलियो बनाउन एन्फा नेतृत्वले सहयोगी भूमिका खेल्नु पर्छ। यसो नभएमा हामी कडा संघर्षमा उत्रिनेछौं', नेपालको सबैभन्दा पुरानो महावीर क्लबका अध्यक्ष दिवाकर घले भन्छन्। यही भदौ १ गतेदेखि काठमाडौंको दशरथ रंगशालामा आयोजना हुने भनिएको सहिद स्मारक 'बी' डिभिजन लिग सञ्चालन गर्ने सम्बन्धमा एन्फा नेतृत्वसँग मतभेद भएपछि अधिकांश 'बी' डिभिजन क्लबहरू अठारसूत्रीय मागसहित विरोधमा उत्रिएका हुन्। उनीहरूले नेपाली खेलप्रेमीहरूमाझ आफ्नो नेतृत्वको एन्फाले धेरै काम गरेको देखाउन अध्यक्ष थापाले अव्यवहारिक ढंगले क्लबहरूमाथि प्रतियोगिताको बोझ लादेको तर आर्थिक सहयोगको नाममा मौन बसेको आरोप लगाएका छन्।

'ए डिभिजन लिगका लागि एक करोड तीन लाख खर्च गर्ने तर 'बी' डिभिजन लिगका लागि तीन लाख मात्र खर्च गर्ने एन्फाको सोच आफैंमा गलत छ। हामीले यस विषयमा पटक पटक एन्फा नेतृत्वको ध्यानाकर्षण गर्‍यौं। तर, हाम्रो मागको सुनुवाइ भएन', यसै वर्ष 'बी' डिभिजनमा झरेको बौद्ध फुटबल क्लबका अध्यक्ष तथा प्रशिक्षक अर्जुन लामा भन्छन्। उनी विदेशी फुटबल संघहरूले फुटबल विकासका लागि 'ए', 'बी' र 'सी' डिभिजनका क्लबलाई समान हैसियत दिने भए पनि नेपालमा त्यसो हुन नसकेकोमा दुःख व्यक्त गर्छन्। 'यहाँ 'बी' डिभिजनका क्लबलाई अछुतलाई गर्नेजस्तो व्यवहार गरिँदै आइएको छ। 'ए' र बी' डिभिजन क्लबबीच यत्रो ठूलो आर्थिक खाडल नेपाली फुटबलकै लागि दुर्भाग्य हो', प्रशिक्षकको रूपमा २०६० सालको 'ए' डिभिजन लिग मनाङ मर्स्याङ्दीलाई जिताइसकेका लामा भन्छन्।

'बी' डिभिजनमा समावेश बाह्रमध्ये दसवटा क्लबका पदाधिकारीहरूले साझा एजेन्डाको रूपमा अघि सारेको मागमा एन्फा नेतृत्वले फुटबल विकासभन्दा पनि आफ्नो स्वार्थसिद्ध गर्न स्पष्ट नीति तथा कार्यक्रम नल्याई क्लबहरूमाथि जटिल आर्थिक समस्या उत्पन्न गराई क्लबहरूको फुटबल भविष्यमाथि नै खेलवाड गरेको आरोप लगाएका छन्। 'एन्फाले गणेश थापाको नेतृत्वमा दस वर्षभन्दा लामो समय देशको फुटबल सम्हालिसकेको छ। यसअवधिमा नेपाली क्लब धनी भए कि उनी स्वयं ? यो वास्तवमै खोजको विषय हो', लामा भन्छन्। एन्फा नेतृत्वसँग नजीक भएको सानो गौचरण क्लब र यसै वर्ष 'बी' डिभिजनमा उक्लिएको वीरगन्ज युवा क्लबबाहेक स्टार क्लब, युनाइटेड युथ क्लब, काठमाडौं क्लब, बाँसबारी क्लब, बौद्ध फुटबल क्लब, ब्वाइज स्पोर्टस् क्लब, पुल्चोक क्लब, महावीर क्लब, ज्ञानभैरव क्लब, टुसाल युवा क्लबले सहमति जनाएको साझा एजेन्डामा 'बी' डिभिजन लिगका लागि तयारीस्वरूप प्रत्येक क्लबलाई तीन लाख दिनुपर्ने, वार्षिकरूपमा एन्फालाई फिफा, एएफसी र विभिन्न दातृ निकायबाट आउने आर्थिक सहयोगको निश्चित बजेट 'बी' डिभिजन क्लबलाई पनि छुट्याउनु पर्ने, 'बी' डिभिजन लिगको पुरस्कार राशिमा व्यापक वृद्धि गर्नुपर्ने, संघको निर्वाचनमा आफ्नो र 'सी' श्रेणीका क्लबहरूको मताधिकार प्रयोग गर्ने सुनिश्चितता हुनुपर्ने, क्लबका प्रतिनिधि पदेन सदस्य हुने व्यवस्था गर्नुपर्ने लगायतका प्रमुख माग अघि सारिएको छ।

'हाम्रा माग जायज छन्। यदि एन्फाको हालको नेतृत्वले साँच्चै नै फुटबल विकास चाहेको हो भने हाम्रो माग पूरा हुनेछ', काठमाडौं क्लबका अध्यक्ष सञ्जीव मिश्र भन्छन्। 'बी' डिभिजन लिगमा क्लबविरुद्ध आर्थिक शोषण गरेको आरोप धेरै अगाडिदेखि एन्फा नेतृत्वलाई लाग्दै आए पनि पहिलोपल्ट दसवटा क्लब सांगठनिकरूपमा यसको विरोधमा उत्रिएका हुन्। नेपाली फुटबलको नाममा फिफा र एएफसीबाट वार्षिकरूपमा आउने आर्थिक सहयोग पारदर्शी नभएको भन्दै लामो समयदेखि एन्फा नेतृत्वको विरोध हुँदै आइरहेको छ।

■ **नवीन अर्याल/काठमाडौं**


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने


| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

**शाही सरकारको पालामा फुटबलको एक कार्यक्रममा राजाको मार्गचित्रमा हिँड्न खेलकुदका सबै व्यक्तिहरूलाई उर्दी लगाएका तथा जनआन्दोलन दबाउन शाही सरकारबाट दुईपल्ट मोटो रकम असुलेको भनिएका पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहलाई अहिलेसम्म कुनै कारबाही नगरी एथ्लेटिक्स संघमा सम्मानित तवरले राखिनुले एमालेको खेल नीतिको तारिफ गर्नेहरू पनि चकित पर्न थालेका छन् ।**

# पुरानै माफिया सक्रिय



पूर्व सदस्य सचिव किशोरबहादुर सिंह

■ **नवीन अर्याल/काठमाडौं**

**अहिले नेपाली खेलवृत्तमा** एउटा भनाइ निकै चर्चित भइरहेको छ, 'कम्युनिष्टहरू प्रतिबद्धता धेरै गर्छन्, तर काम भने कम गर्छन् ।' यो भनाइ नेपाली खेलकुदको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले पाएको महत्त्वपूर्ण जिम्मेवारीपछि उप्किएको प्रसंग हो । यो भनाइ एमालेमा विश्वास राख्ने जो कोही व्यक्तिहरूका लागि एउटा संगीन आरोप हुन सक्छ । तर, जनआन्दोलन- २ को बलमा प्रतिनिधिसभा पुनःस्थापना भएपछि लोकतान्त्रीकरणको अपेक्षा गरिएको खेलकुदको सर्वोच्च निकाय पुरानै लथालिंग तालमै रहेपछि खेलकुदमा व्यापक परिवर्तनको चाहना लिएर बसेका व्यक्तिहरूको मन फेरि एकपल्ट कुँडिएको छ ।

लोकतन्त्र बहालीसँगै खेलक्षेत्रसँग लामो समयदेखि जोडिएका एमालेका विद्वान नेता डा. मंगलसिद्धि मानन्धरले शिक्षा तथा खेलकुदमन्त्रीको रूपमा पद बहाली गर्नुले पनि नेपाली खेलकुदमा परिवर्तनको चाहना लिएर बसेका व्यक्तिहरूमा आशा पलाउनु अस्वाभाविक थिएन । उनले खेलकुदमन्त्रीको हैसियतले करिब २ महिनाअघि आफ्नो सम्मानमा आयोजित एक कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्को हाताभित्र प्रवेश गर्दा खेलकुदको लोकतान्त्रीकरण गर्ने बताउँदै ठूलै ताली खाएका थिए । लामो प्रतीक्षापछि खेलकुदका अर्का धुरन्धर 'वाम खेलाडी' जीवनराम श्रेष्ठलाई परिषद्को शक्तिशाली सदस्य-सचिव पदमा ल्याउने एमालेको निर्णयले खेलकुदको कायपलट नै हुने आशा गरिएको थियो । २०५३ सालमा छोटो समयका लागि सदस्य-सचिव पदमा बहाली हुँदा दशरथ रंगशालालाई आधुनीकरण गर्नेजस्ता महत्त्वपूर्ण काममा चिनियाँ सरकारलाई प्रोत्साहित गर्न सफल जीवनरामको अहिलेको नियुक्तिलाई सबैले स्वागतका दृष्टिले हेरेका थिए । दरवारिया मानसिकतामा अहिले पनि चलिरहेको खेलकुद परिषद्को प्रांगणमा दोस्रोपल्ट पाइला टेक्नेबित्तिकै उनले क्रान्तिकारी घोषणा पनि गरे, 'खेलकुदको लोकतान्त्रीकरण हुनेछ । दरवारिया संरचना (नियम र कानुन) भत्काइनेछन् । खेलकुदलाई राजनीतिकरण गर्ने शाही मतियारहरूको छानबिन हुनेछ र दोषीमाथि कारबाही हुनेछ । आर्थिक अनियमितताको पनि छानबिन हुनेछ ।'

तर परिषद्मा उनको आगमनको दुई साता बितिसक्दा पनि कसैले परिवर्तनको अनुभव गर्न पाएका छैनन् । खेलकुदलाई 'म्यानपावरको अखडा बनाउनेहरूविरुद्ध जेहाद छेड्न असमर्थ जीवनरामले जनआन्दोलनका क्रममा खलपात्रको भूमिका निर्वाह गरेका व्यक्तिहरूविरुद्ध कारबाही अघि बढाउन पनि सकेका छैनन् । यतिमात्र होइन, उनले एउटा स्वतन्त्र र वैधानिक छानबिन समितिसमेत गठन गर्न नसक्नुले खेलप्रति उनको र एमालेको धारणा कति अन्योलग्रस्त छ भन्ने स्पष्ट पारेको छ । यति बेला उनको फितलो र सुस्त कार्यशैलीका कारण शरद्चन्द्र शाहका पालामा निकै सक्रिय रहेका र २०४६ सालको जनआन्दोलन दबाउन महत्त्वपूर्ण भूमिका खेलेका तथा गत जनआन्दोलनमा शंकास्पद भूमिकामा रहेका खेलकुदका पुरानै माफियाहरू पुनः सलबलाउन थालेका छन् ।

शाही सरकारको पालामा फुटबलको एक कार्यक्रममा राजाको मार्गचित्रमा हिँड्न खेलकुदका सबै व्यक्तिहरूलाई उर्दी लगाएका तथा जनआन्दोलन दबाउन शाही सरकारबाट दुईपल्ट मोटो रकम असुलेका भनिएका पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहलाई अहिलेसम्म कुनै कारबाही नगरी एथ्लेटिक्स संघमा सम्मानित तवरले राखिनुले एमालेको खेल नीतिको तारिफ गर्नेहरू पनि चकित पर्न थालेका छन् । जीवनराम सदस्य-सचिव नियुक्त हुनुअघि उक्त पदमा आफ्नो दाबेदारी प्रस्तुत गरेका विद्यार्थी नेता रूपनारायणले सदस्य-सचिव जीवनरामसँग सिंहलाई भेटाउन लानुले खेलकुद परिषद्मै एमालेको आलोचना हुन थालेको छ । 'एमालेले केही सुधार गर्ला भनेको त तिनै दरवारियाहरूलाई च्यापेर पो काम गर्दै छ', एथ्लेटिक्सका भैरव शाही अचम्म मान्छन् ।

राजा ज्ञानेन्द्रको शासनकालमा भएका सबै राजनीतिक नियुक्ति, नगर निर्वाचन र कामहरूलाई अवैधानिक ठहर गर्दै जनआन्दोलनपछि बनेको सरकारले त्यसलाई खारेजी गरिसकेको परिप्रेक्ष्यमा अहिले पनि खेलकुदमा पुरानै भूतले काम गरिरहेको छ । खेलकुदसँग लामो समय भिजेका व्यक्ति तथा कर्मचारीहरूले सदस्य-सचिवको नयाँ नियुक्तिसँगै सबैभन्दा पहिलो काम नै शाहीकालमा भएका गठन र कथित निर्वाचन बदर हुने आशा गरेका थिए । तर, खेलकुदमा क्रान्तिकारी परिर्वतन गर्ने र खेलकुदलाई जनताको हातमा पुर्‍याउने कसम खाएको एमाले अहिले सत्तामा आफ्ना खेलकुदमन्त्री र राखेपमा आफ्ना चारजना शक्तिशाली सदस्य मनोनीत हुँदा पनि होटल तथा विभिन्न गोप्यस्थानमा निर्वाचन तथा गठन गरिएका संघहरू विघटन गर्न हिचकिचाइरहेको छ । 'यो त अचम्मलाग्दो कुरा हो । दक्षिण एसियाली खेलकुद (साग)का कारण तत्कालै संघहरू विघटन गर्ने नीति नलिइएको होला । तर, सागमा भाग नलिने क्रिकेट लगायत अन्य संघहरू पनि छन् नि । तिनीहरूलाई तत्कालै विघटन गरिसक्नु पर्थ्यो', राखेपमा विगत दुई दशकदेखि कार्यरत एक वरिष्ठ कर्मचारी बताउँछन् । नाम गोप्य राख्न चाहने ती कर्मचारी सागलगत्तै दोहामा एसियाड सुरु हुने र यसको तयारीमा पनि असर पर्ने बताएर शाहीकालका नियुक्तिहरूलाई त्यतिकै छाडिने हो कि भनेर शंका व्यक्त गर्छन् ।

नेपाल ओलम्पिक कमिटी (एनओसी)सँग आफ्नो पुरानो विवादलाई लिएर राखेपका सदस्य-सचिव जीवनराम अहिले पनि उक्त कमिटीसँग आक्रोशित

देखिनु स्वभाविक हो । तर, उनले अवैधानिक किसिमले निर्वाचन गरेको एनओसीलाई तह लगाउन पहिले आफ्नै परिषद्भित्र शुद्धीकरण गर्नु जरुरी छ । न भए उनी एनओसीविरुद्धको लडाइँमा पूर्ववर्ती सदस्य-सचिवजस्तै पराजित हुने निश्चित छ । किनभने पुरानो अनुभवले नै बताइसकेको छ, परिषद्मा बहाल थुप्रै कर्मचारी र पदाधिकारीको घाँटी एनओसीका पदाधिकारीहरूसँग जोडिएको छ । यस्तो दोहोरो भूमिकाको सानो उदाहरण शाही सरकारको पालामा एनओसीसँग लडाइँ गरिरहेका सदस्य-सचिव किशोरबहादुर सिंहको अध्यक्षतामा गठित नेपाल तेक्वान्दो संघका महासचिव बनेका दीपराज गुरुङ एनओसी अध्यक्ष रुक्मशम्शेर राणाको अध्यक्षतामा बनेको नेपाल तेक्वान्दो संघको महासचिव पदमै कार्यरत रहनुले स्पष्ट पारिसकेको छ । सदस्य सचिवमा जीवनरामको नियुक्तिसँगै नेपाली खेलकुदले तत्कालै निम्न ६ विषयमा काम हुने आशा गरेका थिए ।

१. खेलकुद परिषद्को मातहतमा रहेका सम्पूर्ण संघहरूको विघटन ।
२. न्यायिक छानबिन आयोग गठन ।
३. खेलकुदको नयाँ विधान तर्जुमा ।
४. नेपाल ओलम्पिक कमिटी, अखिल नेपाल फुटबल संघ र नेपाल तेक्वान्दो संघलगायत अन्य संघमा संस्थागतरूपमा हुने आर्थिक अनियमितता र भ्रष्टाचारको छानबिन ।
५. शाही सरकारकै पालामा विधान संशोधनका नाममा आफूलाई बलियो बनाउने नियोजित काम गरेका व्यक्ति उपर कडा कारबाही र
६. खेलकुदको नाममा 'म्यानपावर' व्यापार गर्ने व्यक्ति उपर कडाभन्दा कडा कारबाही ।

तर यी सबै कुरा थाती राख्दै जीवनराम स्वेच्छाचारी ढंगले परिषद् सञ्चालन गर्न उद्यत छन् । यसको सानो उदाहरण हो- नेपाल एथ्लेटिक्स संघमा राम्रो काम गरिरहेका सुशीलनरसिंह राणालाई कारबाही गर्ने उनको अप्रिय निर्णय । यसका कारण उनी आफ्नै पार्टीले परिषद्मा सहयोग गर्न पठाएका व्यक्तिहरूबाट समेत आलोचित बन्न पुगेका छन् । यो कुरा छोटो समयमै सल्टिए पनि शाही सरकारको पालामा खेलकुदको नाममा मह चाटेका पूर्व सदस्य-सचिव सिंहलाई कारबाही गर्न नसक्ने जीवनरामले सिंहको मातहतमै कुनै पनि पार्टीको झन्डा नबोकी दत्तचित्त भएर खेलकुद विकासमा लागेका राणालाई कारबाही गर्न खोज्नु परिवर्तनको आशामा बसेका खेल पदाधिकारीहरूका लागि पनि झस्काउने निर्णय थियो ।

एक साताअघि ३६ वटा विभागका विभागीय कर्मचारीलाई सरुवा गर्ने निर्णय गर्दै आफूले खेलकुदमा आमूल परिवर्तन चाहेको आभास दिलाउन खोजेका जीवनरामले छिटै खेलकुदको पुरानो संरचना खारेज गर्ने बताएका छन् । तर, उनी शाही सरकारको पालामा विधान परिवर्तन गर्दै आफूलाई आजीवन अध्यक्ष बनाउन उद्यत व्यक्तिहरू उपर कारबाही गर्ने मामिलामा पूरै मौन देखिएका छन् । यसैगरी शाही सरकारको पालामा गैर उसु खेलाडीसँग मोटो रकम उठाउँदै जापान पठाउने व्यक्तिविरुद्ध कारबाही गर्ने सवालमा पनि उनको मौनता पूर्व सदस्य-सचिवहरूको जस्तै देखिएको छ । यसमा पनि २०४६ सालको आन्दोलन दबाउन सक्रिय भूमिका खेलेका र नागरिकतालगायत विभिन्न काण्ड र आर्थिक अनियमिततामा फसेका कर्मचारी तथा पदाधिकारीहरूलाई कारबाही गर्ने कुरामा पनि उनी निरीह देखिन्छन् ।

शरदचन्द्र शाहको पालामा बनेको पुरानै खेल नीति अनुसरण गर्दै अहिले पनि राखेपका नवनियुक्त पदाधिकारीहरू हिँडिरहेका छन् । मन्त्री मानन्धरले आफ्नो पदबहालीसँगै सबैभन्दा पहिले नयाँ खेलनीति सार्वजनिक हुने घोषणा गरेका थिए । तर, उनको पदबहालीको १०० दिन बित्न लाग्दा पनि नयाँ खेल नीति बनाउने सम्बन्धमा गृहकार्य समेत हुन सकेको छैन ।

किशोरबहादुर सिंह सदस्य-सचिव हुँदा सबैभन्दा बढी गन्हाएको संघ हो, नेपाल क्रिकेट संघ (क्यान) । आर्थिक अनियमितताका कारण टाट पल्टिन लागिसकेको यो संघ अहिले पनि दरवारियाहरूकै कब्जामा छ । राखेपको सदस्य-सचिव पदमा उनी । नियुक्त भएको एक घन्टाभित्रै विघटन गर्नुपर्ने आवश्यकता रहेको यो संघ अहिलेसम्म विघटन नभएको देखेर सबै हैरान छन् । यो संघका कोषाध्यक्ष अहिले अमेरिकामा छन् भने अरू पदाधिकारीहरू खेलकुदको तरल अवस्थाको फाइदा उठाउँदै विदेशभ्रमणमा व्यस्त देखिन्छन् ।

यो अवस्थामा नेपाली खेलकुदको पुनर्संरचना गर्ने जिम्मेवारी पाएको एमाले अझै पनि उपयुक्त समयमा कारबाही गर्ने बताउँदै आफ्नो कर्तव्यबाट पन्छिन खोजेको कारण पनि खेलकुदमा यो भनाइले जन्म लिएको हो - कम्युनिष्टहरू प्रतिबद्धता धेरै गर्छन्... । ■




# पल्लो किरातको आँखीझ्याल




**'नवीन सुब्बालाई** लिम्बू संस्कृतिबारे के थाहा ?', चिया-गफका बेला 'नुमाफुङ' निर्देशकको बारेमा यस्तो टिप्पणी गर्न अर्जुनबाबु माबुहाङ अक्सर चुक्दैनथे। तर, त्यसले 'टिप्पणी' कम, बढी 'गफ'कै दर्जा पाउँथ्यो। हुन पनि कहाँ नवीन कहाँ अर्जुनबाबु ?

तर, हालै प्रकाशित माबुहाङको 'लिम्बुवान' नामक कृतिले उनलाई साँच्चै एउटा गम्भीर 'टिप्पणीकार'को रूपमा प्रस्तुत गरेको छ। एउटा साधारण कर्मचारीको रूपमा कार्यरत माबुहाङले झन्डै १० वर्ष लगाएर गरेको खोजको प्रतिफल हो, 'लिम्बुवान'। त्यसैले 'लिम्बुवान' उनको सार्वजनिक पहिचान पनि बन्न पुगेको छ।

माबुहाङले पुस्तकमा 'लिम्बुवान'को सांगोपांगो तस्वीर उतारेका छन्, एउटा सपाट चित्रझैं। त्यसैले पुस्तक पढ्न जति रोचक छ, बुझ्न उत्तिकै सजिलो छ। पुस्तकमा लिम्बू जातिको इतिहासमा 'गौण' ठानिएका तर सन्दर्भ केलाउँदा निकै महत्त्वपूर्ण हुनजाने थुप्रै सूचना समेटिएका छन्, जसले कुनै नयाँ खोजकर्तालाई पल्लो किरातको सभ्यता, राजनीतिक दाउपेच, धोका र षड्यन्त्रका थप अनुद्घाटित तथ्य उधिन्न प्रेरित गर्छ।

विभिन्न शीर्षकमा विभाजित पुस्तकको सुरुवातमा लिम्बू सभ्यताको उत्पत्ति र विकासक्रमको चर्चा गरिएको छ। यसै क्रममा किरात कालको सुरुवात, किराती राजाहरूको उदय र त्यस बेलाको राज्य प्रणालीको चर्चा गरिएको छ। त्यसपछि 'शाह र राणाकालमा लिम्बूहरू' शीर्षकअन्तर्गत ऐतिहासिक तथ्य प्रस्ट्याउने र त्यसलाई विस्तार गर्ने प्रयत्न गरिएको छ। यसै शीर्षकअन्तर्गत सेनकालको पनि चर्चा छ। सम्भवतः पुस्तकको सबैभन्दा महत्त्वपूर्ण अंश नै यही हो।

यसै खण्डमा शाहवंशीय राजाहरूले कसरी लिम्बूहरूलाई सत्ताच्युत गराए र हिन्दुकरण अभियानलाई तीव्रता दिए भन्ने उल्लेख छ। १८४३ सालमा रणबहादुर शाहले गोवधमा प्रतिबन्ध लगाउनु, त्यसको दुई वर्षपछि किरात लिपिका रचनाकार श्रीजंगा सिं थेवेलाई देशनिकाला गर्नु हिन्दुकरणको चरमोत्कर्षको रूपमा पुस्तकमा प्रस्तुत गरिएको छ।

पुस्तकको अर्को महत्त्वपूर्ण अंश हो, 'लिम्बूहरूको किपट'। पृथ्वीनारायण शाहले लडाईंमा परास्त गर्न नसकेका लिम्बूहरूलाई 'भैयाद' बनाएर सेनकालमा झैं सत्ता-साझेदारी स्विकारेका थिए। त्यसैले लिम्बूहरूले किपटको रूपमा आफ्नो भूमि-प्रशासन एवं स्वायत्त राज्यको अधिकार पाएका थिए। २०२१ सालको भूमिसुधार ऐनले त्यो अधिकार खोस्यो र सबै किपट जग्गालाई रैकरमा परिणत गरिदियो।

किपट व्यवस्थाको समाप्तिपछि लिम्बूहरूले बेला-बेला त्यसको पुनःस्थापनाका लागि अनेक प्रकारका संघर्ष गर्दै आएका छन्, जसको चर्चा पनि पुस्तकमा छ। पुस्तकमा राणा शासन र पञ्चायतविरुद्धको संघर्षमा लिम्बूहरूको योगदान एवं सत्तामा लिम्बू सहभागिताको प्रसंग पनि राम्रैसँग कोट्याइएको छ। योगदानअनुरूप सत्तामा लिम्बू जातिको पहुँच नरहेको विश्लेषण गर्दै पुस्तकमा राज्य पुनर्संरचनाको पक्षमा बहस गर्नेहरूलाई मद्दत पुऱ्याइएको छ।

पुस्तकमा लिम्बू जातिको गौरवपूर्ण पक्षमात्र हैन, अन्तर्घात र व्यक्तिवाद जस्ता तुच्छ प्रवृत्ति पनि उदांगो पारिएका छन्। यिनै प्रवृत्तिका कारण किपट पुनःस्थापनाको संघर्ष सफल हुन नसकेको निचोड निकालिएको छ। आफ्नो समयका प्रभावशाली राजनीतिज्ञहरू देउमान कन्दङ्वा, काजीमान कन्दङ्वा र दलबहादुर खापुङको नामै किटेर तिनलाई किपट-संघर्षका ऐंजरुको रूपमा प्रस्तुत गरिएको छ।


पुस्तकमा उनीहरूले किपटको मुद्दालाई सत्तामा पुग्ने भऱ्याङको रूपमा प्रयोग गरेको आरोपमात्र लगाइएको छैन, त्यसलाई प्रमाणित गर्न तिनका समकालीन राजनीतिकर्मीको उद्धरण पनि राखिएका छन्। पुस्तकमा लिम्बूहरूको प्रगतिपथको मुख्य अवरोधक 'बाहुनवाद'लाई ठानिएको छ, जुन प्रवृत्ति लिम्बू जातिकै अगुवाहरूमा पनि रहेको निष्कर्ष माबुहाङको छ।

राम्ररी सम्पादन नगरिएको पुस्तकमा केही कमजोरी पक्कै छन्। रणबहादुर शाहले गोवधमा प्रतिबन्ध लाउँदा लिम्बूहरूको जीविका संकटमा परेको दाबी गर्ने माबुहाङ त्यसको सविस्तार व्याख्यामा चुकेका छन्। गोवध प्रतिबन्धबाट जीविका कसरी संकटमा पऱ्यो, त्यसबाट लिम्बूहरूको जीवनशैली र सामाजिक संरचनामा कस्तो असर पुग्यो, त्यो समाजशास्त्रीय अध्ययनको विषय हुनसक्छ। तर, यस्तो महत्त्वपूर्ण विषयमा माबुहाङ मौन छन्। किपट-संघर्षको पछिल्लो खण्डलाई पुस्तकमा नसमेटिनु पनि पुस्तकको एउटा खोट हो।

यति हुँदाहुँदै पनि, पुस्तक पठनीय र संग्रहणीय छ। डा. हर्क गुरुङले भनेझैं यो कृति नेपालको एउटा विशेष जातिबारे आँखीझ्याल हो। प्रस्ट छ- त्यो विशेष जाति भनेका पूर्वका किरात लिम्बूहरू हुन्, जसको इतिहास, सभ्यता र संघर्ष चियाउन 'लिम्बुवान' एउटा आँखीझ्याल बन्न सफल भएको छ।

■ **ओमआस्था राई**

# नयाँ प्रयोगमा मनीषा




**'नलेखिएको बल्लीको** डायरी खुसुक्क चोरेर उपन्यास बनाए, सायद बल्ली रिसाउली। उसका डायरीभित्रका पात्रहरू पनि रिसाउलान्। म त्यही क्षणको प्रतीक्षामा छु, उनीहरूले रिसाएर बुझ्नेछन् वा बुझेर रिसाउनेछन्।'

मनीषा गौचनले उपन्यास सुरु हुनुभन्दाको अघिल्लो पृष्ठमा राखेको आफ्नो कुरा हो, माथिको हरफ र बल्ली उपन्यासकी प्रमुख पात्र हो। ऊ महत्त्वाकांक्षा भएकी एक आइमाई हो। उपन्यासले बिट नमारुन्जेल उसको जीवनयात्राको उतारचढाव भइरहन्छ। सामान्य परिवारकी छोरीको हैसियतदेखि धनाढ्यकी बुहारीसम्म। उसको यो यात्रा अमेरिकाको पोर्टल्यान्डसम्म पुग्छ, पतिको खोजीमा।

उपन्यासको सुरुवात खासै महत्त्वपूर्ण कुराबाट नभए पनि विषवस्तुले भने नयाँपन दिएको आभास हुन्छ। पहिल्ला वर्षहरूमा विदेशिनेहरूको पारिवारिक चित्र राम्ररी उतार्ने प्रयास गरेकी छन्, उपन्यासकारले। पति नहुनुको पीडा, श्रीमान्को अनुपस्थितिमा एक्लोपनले ल्याउने मानसिक अवस्था सरल ढंगमा राख्न सफल भएकी छन्, मनीषा।

महिलाहरूप्रति स्वभावैले हुने सम्पन्नताप्रतिको आकर्षण राम्ररी प्रस्तुत गरिएको छ, उपन्यासमा। धनी र माथिल्लो वर्गका परिवारमा बिहे गरेर दुलहीको रूपमा भित्रिने मोहलाई पनि मनीषाले क्रमबद्धरूपमा मिलाएर राखेकी छन्। प्रमुख पात्र बल्लीको महत्त्वाकांक्षा र त्यो उच्च महत्त्वाकांक्षासँगै क्षतविक्षत सपनाहरूको गुढ हो 'बल्लीको डायरी' उपन्यास।

महिलाहरूको महत्त्वाकांक्षामात्र होइन, विदेश गएका पतिहरूले हाडछाला घोटेर गरेको आर्जन लाहुरेका स्वास्नीहरूले कसरी उडाउँछन् भन्ने राम्रो चित्र उतारिएको छ, यस उपन्यासमा। तर, उपन्यासको कथावस्तु भने बल्लीको जीवनमै घुमेको छ।

साथै बल्लीको डायरी उपन्यासमा लेखिका मनीषा गौचनले नयाँ प्रयोग थालनी गरेकी छन्। पुरुष वेश्यालाई आफ्नो उपन्यासको दोस्रो पात्रका रूपमा बाँधेर। बल्लीको पति विदेश धाउने क्रममा वेश्या बनिसकेको हुन्छ, जुन कुरा उसलाई नै थाहा हुँदैन। अहिलेसम्म हाम्रो समाजले नारीलाई वेश्या बनाउँदै आएको छ। पुरुषले जे गरे पनि उम्किन पाउने मान्यता तोड्दै मनीषाले पुरुषलाई वेश्याको रूपमा आफ्नो उपन्यासको पात्र बनाएर उपन्यासमा नयाँपन थपेकी छन्।

■ **ज्योति देवकोटा**



# चोट

■ रत्न प्रजापति

**ऊ क्याम्पसको** जेहन्दार विद्यार्थी हो । त्यसैले ऊसँग सबै विषयका नोट हुनु स्वभाविकै थियो अनि त्यही नोट हात पार्ने अभिप्रायले क्याम्पसका सबैजसो केटी उसको नजीक हुन खोज्थे । उसको नजीक हुने क्रममा जेनीले सबैलाई उछिनी र ऊसँग सबभन्दा नजिकको सम्बन्ध गाँस्न सफल भई ।

दिन बित्दै जाँदा उसलाई लाग्यो जेनीले उसलाई प्रेम गर्न थालेकी छे । जेनीको कथित प्रेमले उसलाई सबै विषयको नोट बनाउन झनै उत्साहित बनायो । क्याम्पसपछि पनि कोठामा रातभरि बसेर उसले नोट बनाएर जेनीलाई दिन थाल्यो ।

उसका नोट चाहिन्जेल जेनीले उससित प्रेम गरी । अझ भनौं प्रेमको नाउँमा एउटा नाटक गरिरही । तर, उसले भने साँच्चिकै जेनीलाई प्रेम गर्न थाल्यो । यसरी उनीहरूबीच प्रेम भइरह्यो । तर, प्रेममा गर्नुपर्ने अथवा हुनुपर्ने कुरा भने केही पनि भएनन् अर्थात् चलाक जेनीले ती सब हुन दिइन ।

जब पढाइ सकियो, प्रेम पनि सकियो । उसले थाहा पायो उसको नोटको लागि मात्र जेनीले उससित प्रेम गरेकी रहिछ अथवा भनौं प्रेमको नाटक गरेकी रहिछ । यो कुरा थाहा पाएपछि उसको जीवनमा पहिलोपल्ट मुटुमा चोट लाग्यो । त्यो चोटले केही दिनसम्म उसलाई रनथन्याइरह्यो । त्यसअघि उसले त्यस्तो मन दुख्ने चोट सहनु परेको थिएन । त्यसैले त्यो चोटले उसलाई निकै पीडा दियो । त्यो पीडा भुल्ने बहानामा उसले अलिअलि पिउन सिक्यो अनि पिएर जिउन सिक्यो । अभाव त छँदै थियो धेरै कुराको, आर्थिक र सामाजिक पनि । सामान्यभन्दा सामान्य उदाहरण दिँदा पनि आर्थिक अभावअन्तर्गत उसलाई सधैं पैसाको समस्या थियो भने सामाजिक अभावअन्तर्गत उसलाई अब जीवनसाथीको अभाव थियो । किनभने उसको अब बिहे गर्ने उमेर भइसकेको थियो । यी सबै अभाव पूर्ति गर्न उसले अब जागिर खानै पर्ने भएको थियो ।

त्यसैले पढाइ पूरा हुनेबित्तिकै उसले जागिरको खोजी गर्न थाल्यो । तर, उसलाई थाहा थियो जागिर खोजेर पाइने कुरो होइन । तैपनि उसले खोजी कार्य जारी नै राख्यो । यस क्रममा उसले सहरमा जागिर दिने धेरैवटा स्वदेशी तथा विदेशी संघसंस्था भएको थाहा पायो । तर, जागिर भने कहीं पनि पाउन सकेन । जागिर खोज्ने क्रममा जागिर दिने अफिस वा संघसंस्था खोज्दाखोज्दै सहरको भौगोलिक तथा सामाजिक विषयमा उसको सामान्यज्ञानको स्तर निकै बढ्यो । तर, त्यो ज्ञानले उसलाई केही लाभ भएन, अर्थात् त्यो ज्ञानले उसलाई उसको अभाव पूर्ति गर्न सहयोग गरेन । त्यसैले त्यो ज्ञानलाई उसले व्यर्थ ठान्यो ।

जागिरका लागि उसले धेरै ठाउँमा आफ्नो बायोडाटा र सर्टिफिकेट छोडेर आएको थियो । एक दिन एक ठाउँबाट उसलाई अन्तर्वार्ताका लागि बोलाइयो । ऊ एकदम खुसी भएर, मनभरि अनेकौं सपना साँचेर अन्तर्वार्ताका लागि गयो । त्यस अफिसका विज्ञहरूले धेरै बेरसम्म अन्तर्वार्ता लिइसकेपछि अन्त्यमा ओभर क्वालिफाइड भएको भनेर उसलाई जागिर दिएनन् । एकपटक फेरि उसको आशा टुट्यो र उसको सपना चकनाचुर भयो । फेरि एकपटक उसको मनमा ठूलो चोट लाग्यो । यसपटक उसको सर्टिफिकेटले नै उसलाई धोका दियो । त्यसैले कोठामा पुगेर उसले रिसले आफ्ना सबै सर्टिफिकेट हुत्याएर फालिदियो र दिक्क मानेर खाटमा डङरङ्ग पल्ट्यो ।

एउटा अर्को अफिसले फेरि उसलाई अन्तर्वार्ताका लागि बोलायो । ऊ एकपटक फेरि मनमा असंख्य खुसी सँगालेर अन्तर्वार्ताका लागि गयो । पहिलाझैं धेरैजना विज्ञहरूले अन्तर्वार्ता लिइसकेपछि अन्त्यमा योग्यताको आधारमा योग्य भए पनि उसको कामको अनुभव नभएको भनेर उसलाई जागिर दिन इन्कार गरे । फेरि एकपटक उसको आशामा तुषारापात भयो । फेरि एकपटक उसको मनमा चोट लाग्यो । बेरोजगार हुनुजस्तो चौतर्फी पीडाले एकपटक फेरि उसलाई गाँज्यो । यही पीडाले रन्थनिएर ऊ गल्लीको एउटा भट्टीमा पस्यो र होस छउन्जेल टन्न रक्सी पियो अनि बेहोस भएर लर्खराउँदै कोठामा आएर मुढोझैं ढल्यो । उसको बेकारीपन देखेर ऊसँगै कलेज पढेको एउटा साथीले जागिरका लागि सिफारिस गरिदिन आफ्नो मामा पर्ने एउटा नेताकहाँ लिएर गयो । त्यो नेताले भान्जाको साथी भएको नाताले उसलाई राम्रै व्यवहार र राम्रै सत्कार गरे । जागिर दिलाइदिने वचन पनि दिए । तर, उनले आफू नेता हुनुको हैसियतले उसको राजनीतिक विचारधारा र पार्टीगत संलग्नताबारे पनि सोधे । उसले आफू राजनीतिक विचारधारा र पार्टीगत संलग्नताका दृष्टिकोणले तटस्थ र निरपेक्ष रहेको बताएपछि ती नेताले उसलाई जागिरका लागि सिफारिस गर्न असमर्थता जनाए । उनको तर्क थियो आफ्नो पार्टीभन्दा बाहिरका मान्छेलाई कुन हैसियतले जागिरका लागि सिफारिस गर्ने ? कथंकदाचित् सिफारिस गरिहाल्यो भने पनि भोलि पार्टीले सोध्यो भने के जवाफ दिने ? त्यही भएर उनले जागिरको लागि सिफारिस गर्नुअघि एउटा सर्त राखे - उनको पार्टीको सदस्यता लिनुपर्ने र पार्टीको झन्डा बोक्नुपर्ने ।

ऊ कुनै पार्टीको झन्डा बोक्न मञ्जुर थिएन ।

त्यसैले उसले त्यो नेताको पार्टीको झन्डा बोक्ने सर्त अस्वीकार गर्‍यो । त्यो सर्त अस्वीकार गर्नुको अर्थ उसले जागिरका लागि सिफारिस पाएन अनि सिफारिस नपाउनुको अर्थ उसले फेरि पनि जागिर पाएन । यसरी जागिर नपाउनुको पीडाले ऊ फेरि एकपटक आहत भयो अनि पहिलाझैं फेरि टन्न रक्सी धोक्यो र बोल्न सकुन्जेल त्यो जाली नेतालाई तथानाम गाली गरिरह्यो ।

एक दिन ऊ हातमा प्रमाणपत्रका ठेली बोकेर जागिरको खोजीमा कतै जाँदै थियो । बाटोमा उसकी भूतपूर्व प्रेमिका जेनी भेटिई । कारमा आइरहेकी जेनीले उसलाई देखेर कार रोक्दै उसलाई बोलाएकी थिई । जेनीलाई देख्नेबित्तिकै उसको मनमा चसक्क भयो र उसले जेनीको आवाज नसुनेझैं गरेर हिँड्न खोज्यो । तर, जेनीले कारबाट बाहिर निस्केर उसको हात समातेपछि ऊ रोकिन बाध्य भयो ।

उसलाई छोडेपछि जेनीले सहरकै एउटा उद्योगपतिको छोरासित प्रेम गरेकी रहिछ । पछि उसैसित बिहे पनि गरिछ । कार हाँक्ने पुरुष उसकै लोग्ने रहेछ । जेनीले उसलाई आफ्नो लोग्नेसित परिचय गराई । तर, त्यो परिचयबाट ऊ अलिकति पनि खुसी भएन । कलेज जीवनका केही समय ऊसँगै बिताएकी जेनीले उसको हातभरिको प्रमाणपत्रको ठेली र उसको मलीन अनुहार देखेर उसको परिस्थिति बुझिसकेकी थिई । त्यसैले उसले तुरुन्तै आफ्नो उद्योगपति लोग्नेसित उसका लागि जागिरका लागि सिफारिस गरी । उसको सिफारिसबमोजिम तत्कालै उसको लोग्नेले उसलाई जागिर दिने आश्वासन दियो र आफ्नो भिजिटिङ कार्ड दिँदै भोलि अफिसमै भेट्न भन्यो ।

भोलिपल्ट ऊ जेनीको लोग्नेलाई भेट्न कार्डमा उल्लिखित ठेगानामा पुग्यो । त्यहाँ जेनीको लोग्ने काममा निकै व्यस्त थियो । ऊ आएको पनि मतलब थिएन त्यसलाई । त्यसको सेक्रेटरीले ऊ आएको खबर गरेको धेरै बेरपछि मात्र त्यसले उसलाई भित्र बोलायो ।

जेनीको लोग्ने अर्थात् त्यो उद्योगपतिले उसका प्रमाणपत्रहरू ओल्टाइपल्टाइ हेर्‍यो । सधैं पैसाको तौल जाँचिरहेको एउटा उद्योगपतिले बहुमूल्य शैक्षिक प्रमाणपत्रको वजन जाँच्ने धृष्टता गर्‍यो । त्यो देखेर उसलाई मनमनै हाँसो पनि उठ्यो । तर, ऊ हाँसेन अर्थात् हाँसेर त्यसको अल्पज्ञानको खिल्ली उडाउन चाहेन ।

उसका प्रमाणपत्र धेरै बेरसम्म हेरिसकेपछि त्यसले भन्यो, 'हेर्नुस्, मैले तपाईंलाई राख्नु खाँचो त थिएन । तर, तपाईं जेनीको साथी भएको नाताले मात्रै राख्न खोज्दै छु । तपाईंले मेरो निजी सहायक भएर काम गर्नुपर्नेछ ।'

निजी सहायक । यो शब्द उसको कानमा तीर बनेर पस्यो र त्यसको दुखाइले रन्थनियो । विश्वविद्यालयको सर्वोत्कृष्ट विद्यार्थी एउटा उद्योगपतिको निजी सहायक ? उसलाई लागेको थियो, त्यसले उसका लागि राम्रै काम दिनेछ, इज्जतदार काम दिनेछ । कमसेकम उद्योगको कुनै शाखाको म्यानेजर बनाउनेछ । तर, भयो ठिक उल्टो । त्यसको कुरा सुनेर उसलाई छातीभित्रैदेखि औडाहा भएर आयो । उसले सोच्यो, मैले मेहनत र पसिनाले दिनरात एक गरी कमाएको शिक्षाको यस्तो अपमान र अवमूल्यन ? अहँ, म यो अपमान सहेर यहाँ काम गर्न सक्दिनँ । त्यसपछि अपमानबोधले रन्थनिँदै ऊ त्यहाँबाट केही नबोली सरासर बाहिर निस्कियो ।

बिहानैदेखिको भोक, प्यास र त्यो अपमानबोधको पीडाले ऊ निकै कमजोर भएको महसुस भयो । कोठामा पुगेर उसले एक जग चिसो पानी पियो । तर, त्यो पानीले उसको पेटभित्र आगोको काम गर्‍यो । उसलाई झन् बढी औडाहा हुनथाल्यो । पेट पोल्न थाल्यो । छातीमा जलन हुन थाल्यो । शरीर लगलग काम्न थाल्यो । कान बन्द भएजस्तो र आँखा पनि धमिलो भएजस्तो लाग्न थाल्यो उसलाई । के गरौं कसो गरौं भएर ऊ बेचैन हुन थाल्यो । ऊ त्यो साँघुरो कोठाभित्रै फनफनी घुम्न थाल्यो । त्यही बेलामा ढोकामा कसैले ढकढक्यायो । ढोका बाहिर उसको गाउँको छिमेकको भाइ हातमा चिठ्ठी लिएर उभिरहेको थियो । उसले त्यो चिठ्ठी लियो र त्यसलाई भित्र पस्न भन्यो । तर, त्यो भाइ हतार छ भनेर उसको सन्चोबिसन्चो मात्र सोधेर गइहाल्यो ।

उसले खाम खोलेर हेर्‍यो । त्यो चिठ्ठी उसको घरबाटै आएको थियो । ऊ चिठ्ठी पढ्न थाल्यो । चिठ्ठी पढ्दापढ्दै उसको अनुहार बिग्रन थाल्यो । चिठ्ठीमा उसकी आमा बिरामी परेको, औषधी सकिएको, जिल्लाको डाक्टरले सहरमा लगेर राम्रो डाक्टरलाई जँचाउन भनेको, पैसाको समस्या परेको आदि लेखिएका थिए । अझ त्योभन्दा पनि महत्त्वपूर्ण कुरो त्यसमा लेखिएको थियो । लेखिएको थियो, 'तेरी बहिनी ठूली भई । उसले गाउँकै एउटा मास्टरसित प्रेम गरेकी छे र उसैको पेट बोकेकी छे । घरको इज्जत बचाउनकै लागि भए पनि उसको छिट्टै त्यो मास्टरसित बिहे गरिदिनुपर्छ । त्यसैले केही पैसा जोहो गरेर छिट्टै घर आउनू ।'

चिठ्ठी पढ्दापढ्दै उसलाई रिंगटा लागेर लडूँलाजस्तो भयो । टाउको दुखेर फुट्लाजस्तो भयो । जसोतसो आफूलाई समालेर ऊ खाटमा थचक्क बस्यो र एक छिनसम्म थाप्लोमा हात राखेर त्यसै बसिरह्यो अनि एक छिनपछि ऊ अकस्मात् कोठाबाट हुर्रिएर बाहिर निस्क्यो । नजीकैको एउटा भट्टीपसलमा गएर टन्न रक्सी पियो । रक्सी पिएपछि मात्रै उसको छातीको जलन अलिकति कम भएको महसुस भयो उसलाई । कस्तो आश्चर्य ! उसले चिसो पानी पिउँदा छातीको जलन झन् बढ्यो । तर, रक्सी पिउँदा उसको छातीमा शीतल भयो । सायद उसका लागि परिस्थिति नै उल्टो भइरहेको छ ।

ऊ भट्टीबाट रक्सीले मातेर निस्क्यो । बाटोमा लर्खराउँदै हिँड्दा कुकुरहरू भुक्दै उसको पछिपछि लागे तर ऊ रिसाएन । ढुंगा टिपेर हानेन कुकुरहरूलाई । बरु भन्दै गयो, 'तिमीहरू पनि मलाई गिज्याउँदै छौ, गिज्याओ गिज्याओ । सबैले मलाई गिज्याउँछन्, तिमीहरू पनि गिज्याओ । किनभने म गिज्याउनलायक मान्छे हुँ ।'

कोठामा पुगेर उसले आफ्ना भएभरका प्रमाणपत्र भुइँमा छरपष्ट पार्‍यो र एक्लै बर्बराउन थाल्यो, 'म बेरोजगार भएको यसले गर्दा हो । मेरो अपमान भएको यसले गर्दा हो । कुकुरले पनि मलाई गिज्याएको यसले गर्दा हो । मलाई प्रेमिकाले छोडेको यसले गर्दा हो । मसँग पैसा भएको भए मेरी प्रेमिका मेरी स्वास्नी भएर मेरो सेवा गरिरहेकी हुन्थी । साले, मूल्यहीन कागजको खोस्टा ! बालिदिन्छु म यसलाई । बालिदिन्छु म.... ।

साँच्ची नै उसले आफ्ना भएभरका सबै प्रमाणपत्र जम्मा पारेर चोकमा लगर सबैले देख्ने गरी आगो लगाइदियो । उसका सबै प्रमाणपत्र हवारहवार्ती बल्न थाले । त्यो देखेर ऊ बौलाहाजस्तै कराउन थाल्यो, 'जल्यो, मेरो जिन्दगीको कमाइ जल्यो । हाहाहाहा...जल्यो, ऊ हेर, मेरो सम्पत्ति जल्यो, हाहाहाहा.... जल्यो ... जल्यो ... खत्तम भयो !' ऊ बौलाहाजस्तै कराइरह्यो ।

देख्नेहरूले अनेक किंवदन्ती बनाए । कसैले भने ऊ जाँडले बौलायो । कसैले भने ऊ जागिर नपाएर बौलायो । कसैले भने ऊ प्रेममा धोका पाएर बौलायो । कसैले भने ऊ धेरै स्वाभिमानी भएर बौलायो । जसले जस्तो किंवदन्ती बनाए पनि यथार्थमा ऊ बौलाहाजस्तै नै भयो । उसको योग्यताले नै उसलाई बौलाहा बनायो । समाजको नातावाद, कृपावाद र फरियावादले उसलाई बौलाहा बनायो । किनभने ऊ यी कुनै पनि वादभित्र पर्दैनथ्यो ।

अब उसलाई बाँच्ने इच्छा पनि भएन, आत्महत्या गर्न मन लाग्यो । उसलाई लाग्यो - निस्सार जिन्दगी बाँच्नुको के सार ? अनि ऊ आत्महत्या गर्ने निर्णय गरेर कोठाबाट बाहिर निस्क्यो । चोकमा पुगेपछि एकजनाले उसलाई रोक्यो र भन्यो, 'यति निरास भएर कहाँ जाँदै छौ ?'

'आत्महत्या गर्न', उसले केही नसोची भन्यो ।

'अब तिमीले जागिर नपाएकै कारण आत्महत्या गर्नुपर्दैन । तिम्रो लागि जागिरको व्यवस्था भइसकेको छ', त्यो मान्छेले उसको काँधमा हात राख्दै भन्यो । ऊ एकपटक फेरि खुसी भयो जागिर पाउने कुराले अनि उसले आत्महत्या गर्ने निर्णय त्यागिदियो ।

त्यो मान्छेसँगै ऊ एउटा अफिसमा पुग्यो । त्यो मान्छेले उसलाई सीधै हाकिमको कोठामा लगेर बसाल्यो । उसले त्यो हाकिमलाई झुकेर नमस्कार गर्‍यो, सायद अबदेखि सधैं नमस्कार गर्नुपर्छ भन्ने सोचेर होला । अनि त्यो हाकिमले बडो अदबका साथ भन्यो, 'तपाईंजस्तो योग्य मान्छेको योग्यताको हामीले कदर गर्ने निर्णय गरेका छौं । तपाईं आफ्ना योग्यता र क्षमताका प्रमाण आजै पेस गर्नुस् ।'

'तर मैले त मेरा सबै प्रमाणपत्र जलाइदिइसकेँ', उसले अलिकति निरीह भएर भन्यो ।

'त्यसो भए विनाप्रमाण हामी तपाईंलाई केही सहयोग गर्न सक्दैनौं', यति भनेर त्यो हाकिम खोक्ने बहानाले शौचालयतिर गयो ।

त्यो हाकिमको बोली तीर बनेर उसको मुटुमै बिझ्यो । उसलाई यो चोट सबैभन्दा असह्य लाग्यो र ऊ पीडाले रन्थनिएर ढुनमुनाउन थाल्यो । उसलाई यो चोट न पहिलो न दोस्रो, तेस्रो हृदयघातजस्तै लाग्यो जसबाट बाँच्ने सम्भावना ज्यादै कम हुन्छ । त्यसपछि ऊ फेरि आत्महत्या गर्ने निर्णय गरेर त्यहाँबाट ढुनमुनाउँदै बाहिर निस्क्यो । जसले उसलाई जागिरका लागि त्यहाँसम्म लिएर गएको थियो ऊ किंकर्तव्यविमुढ भएर ऊ गएको हेरिमात्र रह्यो । ■



# धन्यकि भइन् धनिया

'तुलसीकी छोरी स्कुलमा नाच सिक्न थाली छ, अब बिग्रने भई' आफ्नै छिमेकमा चलेको यो हल्ला सुन्दा उनी आठ वर्षकी मात्र थिइन्। तर, त्यतिखेर उनलाई बिग्रनु र सुध्रनुको अर्थसमेत थाहा थिएन। 'त्यसपछि मेरो परिवारले मलाई नाच सिक्नबाट वञ्चित गराउन ठूलै कसरत गर्नुपऱ्यो।' २३ वर्षअघि विराटनगरमै कला क्षेत्रमा प्रवेश गर्न थाल्दा भोगेको स्कुले घटनाको मधुरो सम्झना छँदैछ उनीमा।



सबै कुरामा भारतीय प्रभाव पर्ने विराटनगरको सरस्वती टोलमा हुर्कंदै गर्दा उनलाई कहिल्यै लागेन आफूले राष्ट्रियस्तरमा आफ्नो नाम बुलन्द पारौंला भन्ने। तर, मान्छे आफ्नो लक्ष्यतर्फ बढिरह्यो समयले साथ दियो भने केही पनि असम्भव छैन। यसैकी नमुना हुन्, चर्चित अभिनेत्री दीपाश्री निरौला।

उनले त्यो बेला रङ्गमञ्चको र समेत बुझेकी थिइनन्। आफन्तको बिहेमा नाच्न हुन्छ भनेर उनले स्कुलमा नाच्ने कला सिक्न थालेकी थिइन्। तर, यो कामबाट एकाएक कलाकारितातिर मोडिएर क्यारियर बनाउनु पर्ला भन्ने उनलाई कहिल्यै लागेको थिएन। तर, भयो यस्तै।

रेडियोमा नाटक गर्न काठमाडौं झरेपछि २०५० तिर दीपकराज गिरीसँग भएको भेटले उनको जीवनलाई नयाँ मोड दियो। रेडियो नेपालबाट प्रसारित हुने कार्यक्रम 'धनिया र जिरा' नामक हास्य कार्यक्रमले उनको हास्यविधाको करियरलाई परिवर्तन गराइदियो। 'रेडियो नेपालले मेरो क्यारियर उजागर गरिदियो', निरौला भन्छिन्। त्यपछि उनी कहिल्यै पछि फर्किनु परेन।

विराटनगरबाट कला क्षेत्रमा गरेको यात्राले दुई दशक काटिसक्दा उनको उचाइ झन् झन् बढ्दो छ। उति खेर रामविलास र धनिया सबैको मुखमा झुन्डिएको हुन्थ्यो अहिले तितो सत्य। 'तितो सत्यले रामविलास र धनियालाई पनि माथ गरिदियो', आफ्नो हास्ययात्रा सम्झँदै उनी भन्छिन्। प्रत्येक पल पाइरहेको सफलतालाई उछिन्दै अहिले उनी तितो सत्य नामक टेलिसिरियलको डाइरेक्टर बनेर आफ्नो उचाइ झन् बढाउनेतिर लम्किरहेकी छन्। अबको लक्ष्य के होला त ? उनी भन्छिन्, 'यस क्षेत्रमा लागेपछिको एउटै लक्ष्य फिल्म बनाउने हुँदो रहेछ, म यसै पलको प्रतीक्षामा छु।'

उनी एकाएक नृत्यविधालाई त्यागेर हास्यक्षेत्रमा प्रवेश गरेपछि पाएको आफ्नो उचाइ निरन्तर सुरक्षित राख्न पनि सचेत छन्। 'मलाई अहिलेको ख्याति देख्दा डर लागेर आउँछ, यो बचाइराख्न मुस्किल पर्छ कि भन्ने चिन्ता हुन्छ कहिलेकाहीं।'

**■ ज्योति देवकोटा/काठमाडौं**

तस्वीर : तेजबहादुर बस्नेत

# चित्रमा जनआन्दोलन



**व्यवसायिक रूपमा** उनको पहिचान कलाकारिताभन्दा पनि कम्प्युटरको माउस खेलाउने क्रोमो ग्राफिक्स डिजाइन र स्क्रिन प्रिन्टमा बढी छ। तर, जनआन्दोलन सकिएलगत्तै एकल चित्रकला प्रदर्शनीका लागि जनआन्दोलनको सचित्र वर्णन गर्न एक्रेविक रंगमा डुबेको उनको कुचीको कमाल बालमन्दिरको नाफा हलमा देखाउन तल्लीन छन्, अहिले कलाकार देवलाल मोक्तान।

जनआन्दोलनमा उनकै आँखाले देखेको दमनको रूप, विजय प्राप्तिपछि उनले देखेको विजयको उल्लास र नारीको पीडा चित्रमा उतारेर 'क्रिएसन अफ नलेज' नामक चित्रकला प्रदर्शनी सुरु गरिएको हो, बालमन्दिरको नाफा हलमा।

आफ्नो पहिलो एकल चित्रकला प्रदर्शनीबाट, कम्प्युटर डिजाइनरका रूपबाट कुची चोप्ने कलाकारका रूपमा देखिएका मोक्तानका नारी र शान्तिका लागि कोरिएका अमूर्त कला समेत राखिएका छन्, प्रदर्शनीमा।

एक्रेलिक रंगमा कुची चोप्दै गर्दा उनलाई आन्दोलनमा भएको उग्र दमनको तस्वीर आँखामा आएको थियो। यो तस्वीर उनले सर्वाधिक मनपराइएको तस्वीरका रूपमा सबैलाई परिचित गराएका छन्।

नारी संवेदनाप्रति झुकेको उनको कुची र अधिकारका लागि सडकमा बगेको रगतलाई उनले एक्रेविक रंगमार्फत आकर्षक ढंगले प्रस्तुत गरेका छन्, आफ्ना चित्रहरूमा। 'व्यवसायिक रूपले मेरो पहिचान चित्रकारिताभन्दा पनि कम्प्युटरमा विभिन्न खाले डिजाइनरका रूपमा भए पनि चित्रकारितालाई पनि मैले मबाट टाढा राख्न सकेको छैन', मोक्तान भन्छन्।

हाम्रो समाजमा देखिएको नारीप्रतिको भेदभाव पनि उतार्न पछि परेका छैनन्, मोक्तान। नारीलाई सधैं कोटा दिएर अगाडि बढ्न सघाउनु पर्ने, आफैं संघर्ष गरेर अधिकार थुत्न कहिल्यै नजान्ने र नारीहरूबाटै बढ्ता पीडित भइरहेको नारीहरूको अवस्था र जनआन्दोलपछि उर्लिएको जनताको विजयको उल्लासलाई कलाकार मोक्तानले ४५ वटा चित्रमार्फत टाँगेका छन्, नाफा हल बालमन्दिर नक्सालमा।

■ **ज्योति देवकोटा/काठमाडौं**

# प्रतिभाको खोजी

**सांगीतिक क्षेत्रमा** आउन चाहने तर अवसरको खोजीमा रहेका नभप्रतिभाहरूको लागि सिगा प्राइभेट लिमिटेडले कान्तिपुर टेलिभिजनमार्फत नयाँ टेलिभिजन कार्यक्रम सुरुवात गर्ने भएको छ। हिन्दी प्रतिभाहरूलाई मात्र टेलिभिजनमा हेर्दाहेर्दै वाक्क भइसकेका नेपाली दर्शकका लागि सिगाले नयाँ कार्यक्रम 'दी ब्यान्ड भास्कर' नाम दिएर टेलिभिजन कार्यक्रम घोषणा गरेको हो।




कान्तिपुर टेलिभिजन मार्फत प्रस्तुत गरिने यो कार्यक्रममा गायन र संगीतका विभिन्न विधाका लागि मुलुक र मुलुकबाहिरका प्रतिभाहरूले समेत भाग लिन पाउनेछन्। नेपाली मूल र नेपाली सांगीतिक क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेको दार्जीलिङ र सिक्किममा समेत गएर प्रतिभाको खोजी गरिने कार्यक्रमका निर्देशक सुनिल थापाले बताएका छन्।

प्रतिभाको खोजी थेगो बनाएको दी ब्यान्ड भास्कर नामक कार्यक्रममा आफ्नो प्रतिभा देखाएर प्रथम हुनेलाई नगद पाँच लाख पुरस्कार दिइने सिगाले बताएको छ।

■ **ज्योति/काठमाडौं**



# नयाँ जिम्मेवारी



**नेपालमा** राम्रो उम्मेदवार नपाएर होला दुई वर्षभन्दा बढीदेखि खाली थियो विश्व संरक्षण संघ (आइयुसिएन) नेपालको राष्ट्रिय निर्देशकको पद । त्यो पद पाउन धेरै नेपालीले प्रयास गरे तर सफल भएनन् । त्यसले गर्दा नेपाल आउने कार्यक्रम पनि पाकिस्तानतिर गए । अब भने नेपालले सन्तोषको सास फेरे हुन्छ किनकि इरानमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअन्तर्गत कार्बन न्यूनीकरण आयोजनाको प्रमुख प्राविधिक सल्लाहकारका रूपमा कार्यरत प्रभु बुढाथोकीले योग्यताका आधारमा (आइयुसिएन) नेपालको राष्ट्रिय निर्देशकको पदमा नियुक्ति पाएका छन् । प्रभुले संरक्षित क्षेत्र र त्यस वरपरका जनताबीचको द्वन्द्वको समाधानका लागि लगानी गरेको धेरै वर्ष नै उनले यो पद पाउनको प्रमुख कारण हो ।

प्रभु, राष्ट्रसंघीय विकास कार्यक्रमअन्तर्गत पार्कपिपुल प्रोजेक्टको हाकिमका रूपमा काम सुरु गर्दासम्म पनि नेपालमा सैद्धान्तिक रूपमा संरक्षित क्षेत्र र त्यस वरपरका जनताबीचको द्वन्द्वलाई मान्यता दिइएको थिएन । तर, उनले यो मान्यता स्थापित मात्र गरेनन्, त्यसको समाधानका लागि उपाय समेत दिए । त्यही बेला नेपालको जैविक विविधताको विशिष्टताबारे उनले हासिल गरेको ज्ञान अब भने व्यवहारिक रूपमा काम लाग्ने भएको छ । प्रभु भन्छन्, 'शान्ति स्थापना क्रममा रहेको हाम्रो मुलुकका अगाडि राजनीतिक मात्र होइन, धेरै खाले चुनौती छन् । यिनमा आइयुसिएन नेपालको जिम्मेवारी ठूलो छ र आफ्नो देशको यो महत्त्वपूर्ण चुनौती पूरा गर्न हामी तयार छौं ।' ■



# उदयको उदय

२०४४ सालमा तानसेनमा भएको राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताका लागि वैकल्पिक खेलाडीको रूपमा छनोट भएपछि उदय अर्यालले ठूलो निर्णय गरे, खेल जीवन नै परित्याग गर्ने । त्यसपछि उनी अम्पायरिङतर्फ आकर्षित भए ।

करिब २० वर्षअघि खेल जीवन परित्याग गर्ने आफ्नो निर्णयलाई अहिले आएर उदयले सही सावित गरेका छन् । उनी जुलाई १८ देखि २३ तारिखसम्म मकाउमा हुन लागेको एसियन ब्याडमिन्टन कन्फिडरेसन (एबिसी) अम्पायरिङ कोर्समा सहभागी हुँदै छन् । यो अम्पायरतर्फ एसियाको ठूलो कोर्सको रूपमा चिनिन्छ ।

६ वर्षअघि सन् २००० मा जापानमा एसिबी एक्रिडिटेड अम्पायर कोर्स पूरा गरिसकेका उदय ११ वर्षअघि याङ्गुनमा भएको अन्तर्राष्ट्रिय ब्याडमिन्टन ट्रेनिङ कोर्समा समावेश तीन नेपाली अम्पायरमा पास हुने एकमात्र अम्पायर थिए ।

उनी आफ्नो सालीन व्यवहार र दुई दशक लामो अम्पायरिङ अनुभवका कारण नेपाली ब्याडमिन्टन खेलाडीमाझ लोकप्रिय छन् । आफ्नै खर्चमा एबिसी अम्पायर कोर्स गर्न मकाउ जानुअघि उनले *समय*सँग भने, 'मेरो अबको चाहना आइबिएफ कोर्स गर्नु हुनेछ ।' नेपाल विद्युत् प्राधिकरणको ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना, पूर्वाञ्चल डिभिजनमा कार्यरत ४२ वर्षीय उदयले मकाउ बसाइका क्रममा त्यहाँ मकाउ ओपन च्याम्पियनसिप र सोलगत्तै थाइल्यान्डमा २५ देखि ३० जुलाईसम्म हुने एसिजी विश्व ग्रान्ड प्रिक्स च्याम्पियनसिपमा अम्पायरिङ गर्ने मौका पाउनेछन् । 'यो मेरा लागि मात्र नभई सम्पूर्ण नेपाली ब्याडमिन्टन अम्पायरका लागि पनि गौरवको कुरा हुनेछ ।' ■




Teej Festival 2006

प्रदर्शन तथा बिक्री

26 र 27 श्रावण, 2063

(11th & 12th Aug. 2006)

समय : बिहान 9 बजेदेखि बेलुका 7 बजेसम्म

स्थान :
रेडिसन होटल
(नेपा ढुकु हल)
लाजिम्पाट

आयोजक :
Women's Creation
(महिला श्रृजनशील केन्द्र)
लाजिम्पाट- 4425898
email : milu@mos.com.np

ADMISSION OPEN

For XI

■ Science ■ Management ■ Education ■ Humanities

+ 2(HSEB) & B.B.S. (TU)

For details :

SHUBHASHREE COLLEGE
Gairigaun, Teenkune, Kathmandu
Ph :4460397, 016221191
e-mail : shubhashree_col@yahoo.com

We are commited for the excellent results

## शून्य समय



युवराज घिमिरे

# एसएलसीमा सर्वोत्कृष्ट पद्धति हटाउनुको औचित्य के ?

**विद्यार्थीहरूको** शैक्षिक मूल्यांकनको आधार र त्यसको घोषणाको शैलीलाई लिएर अनेक पल्ट बहस भएका छन् । खासगरी हाम्रो समाजमा जहाँ शिक्षा अधिकारको रुपमा स्थापित हुन नसकेको र स्तरीय शिक्षामा निकै हदसम्म सहरी र केही हदसम्म ग्रामीण मध्यम वर्गसम्मको पहुँच बन्न सकेको यो अवस्थामा यस्तो बहस आम चासोको विषय बन्न नसक्ला । तर, त्यो बहसलाई असान्दर्भिक भन्न मिल्दैन ।

उच्च शिक्षाका लागि अनिवार्य योग्यता मानिएको एसएलसी नतिजामा यस वर्ष सर्वोत्कृष्ट छात्रछात्राको नाम घोषणा नहुँदा फेरि एउटा अर्को बहस सुरु भएको छ । २०५१ सालमा एमाले शासनकालमा बोर्ड प्रथा बन्द गरिएको र १२ वर्षपछि एमालेकै शिक्षामन्त्री भएका बेला पुनः त्यसको अभ्यास गरिँदा के यो एमालेको 'जनवादी' सोच त हैन ? भन्ने प्रश्न उठेको छ । गुणस्तरीय शिक्षामा सर्वसामान्यको पहुँच, उच्चशिक्षामा विश्वस्तरीय प्रतिस्पर्धाको वातावरण र पूर्वाधारजस्ता विषयमा प्रारम्भिक सोच नै बनाउन नसकेको शिक्षा मन्त्रालयले हचुवा शैलीमा 'टप टेन'को परम्परा खत्तम गर्नुको कुनै अर्थ रहँदैन । किनकि यो नीतिविनाको निर्णय हो ।

उच्च शिक्षाका लागि अनिवार्य योग्यता मानिएको एसएलसी नतिजामा यस वर्ष सर्वोत्कृष्ट छात्रछात्राको नाम घोषणा नहुँदा फेरि एउटा अर्को बहस सुरु भएको छ । २०५१ सालमा एमाले शासनकालमा बोर्ड प्रथा बन्द गरिएको र १२ वर्षपछि एमालेकै शिक्षामन्त्री भएका बेला पुनः त्यसको अभ्यास गरिँदा के यो एमालेको 'जनवादी' सोच त हैन ? भन्ने प्रश्न उठेको छ ।

अवश्य पनि खासगरी केही प्राइभेट तथा बोर्डिङ स्कुलहरूको 'टप टेन'लाई आफ्नो व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्दै आएका थिए । अमर्यादित र अक्षम्य शैलीमा बोर्ड प्रथमदेखि दसौंसम्मलाई आफ्नो मुनाफा मिसनमा विज्ञापनका विषय बनाएका थिए । यो प्रतिभाको शोषण हो, जसको अन्त गरिनुपर्छ । तर, के 'बोर्ड' प्रथाको समाप्तिले कुनै रूपमा त्यसलाई बन्द गर्ला ?

नेपालमा एसएलसी परीक्षालाई सधैं नै निहित स्वार्थवश उच्चशिक्षाको फलामे ढोकाको रूपमा चित्रित गरिएको छ । एसएलसीमा नौवटा विषयसम्म पढाइएको र अन्य सबै विषयमा अति नै राम्रो नम्बर ल्याएर पनि कुनै एउटा विषयमा 'फेल' हुँदा उच्चशिक्षाबाट वञ्चित हुने व्यवस्था पनि यहाँ स्थापित भएको छ । अहिले मूल्यांकन पद्धतिमा केही सुधार आए पनि खासगरी पञ्चायत सरकारले शिक्षित बेरोजगार अन्य 'अशिक्षित बेरोजगार'भन्दा राजनीतिक रूपमा खतरनाक हुन्छन् भन्ने आधारमा कति प्रतिशतलाई उत्तीर्ण गर्ने भन्ने निर्णय लिने गरेको पनि त्यस समयका नीति निर्धारकहरू बताउँछन् । अवश्य पनि परीक्षार्थीहरूमध्येका 'राम्रा' त्यस पद्धतिमा 'सफल' हुने गर्थे । तर, बहुसंख्यक 'असफल' जमातका जीवनका विभिन्न सम्भाव्यता नष्ट भएकाले नै मुलुकको यो दुर्दशा भएको हो ।

भावी शिक्षा नीति, योजनाका साथै परीक्षा र मूल्यांकन पद्धति तर्जुमा गर्दा यी तथ्यलाई बेवास्ता गरेर हचुवा शैलीमा 'बोर्ड' हटाएर त्यसले कुनै पनि अर्थ राख्दैन । वास्तवमा ९० सालयता अथवा 'बोर्ड फस्ट' हुनेहरूमध्ये अधिकांशले आफूलाई सफल रूपमा नै स्थापित गरेका छन्, विदेशमा समेत प्रतिस्पर्धामा खरो उत्रँदै । प्रा. यदुनाथ खनालदेखि डा. बाबुराम भट्टराई र विशाल ज्ञवालीसम्म बोर्ड प्रथम भएकाहरूको मूल्यांकनमा त्रुटि भयो या उनीहरूलाई 'बोर्ड फस्ट' घोषित गर्नु गल्ती थियो भन्ने आधार देखिँदैन । समस्याको चुरो अन्तै छ । यसपल्ट एसएलसी परीक्षामा झन्डै ४७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । त्यस्तै ग्रामीण क्षेत्र र सरकार या समुदाय सञ्चालित स्कुलहरूको उत्तीर्ण प्रतिशत पनि बढेको छ । तर, सरदर ५३ प्रतिशत परीक्षार्थी असफल हुँदा सम्बन्धित स्कुल तथा अध्यापकहरूको असफलता नमानिने मूल्यांकन परम्परा एकातिर आफैंमा त्रुटिपूर्ण छ भने अर्कोतिर पुरानै ढर्रामा एक दुईवटा विषयमा अनुत्तीर्ण भएका विद्यार्थीहरूलाई आफू राम्रो भएको विषयमा उच्चशिक्षा हासिल गर्ने अवसर या प्रथा आरम्भ नगरिनु अर्को अपराध हो । भावी पिँढी र मुलुकको भविष्यसँगको खेलवाड हो । हचुवा शैलीमा 'बोर्ड' प्रथा बन्द गरेर शिक्षामा जनवाद आउँदैन । स्तरीय शिक्षालाई मौलिक अधिकार बनाएर, ग्रामीण इलाकामा समेत आवश्यक भौतिक पूर्वाधार निर्माण गरेर अनि सम्भवतः त्यसलाई स्थानीय सरकारको जिम्मा लगाएर मात्र शिक्षा र जनआवश्यकतालाई जोड्न सकिन्छ ।

माओवादीको 'जनवादी शिक्षा'को नारा र वर्तमान सरकारको खासगरी शिक्षामन्त्री डा. मंगलसिद्धि मानन्धरको अति उत्साहमा शिक्षामा सुधारको प्रक्रियामा अनावश्यक विषयहरूले प्राथमिकता पाउनुहुँदैन । मुलुकमा आउने लगानीकर्तालाई लगानीको एउटा सानो हिस्सा कर्णालीमा शिक्षामा विधिवत् र पारदर्शीरूपमा लगाउन सक्छ, सरकारले सकारात्मक सोचका साथ । तर, कर्णालीबाट उत्तीर्ण भएकाहरूलाई शुल्क माफ गर्नु त्यहाँको सम्भाव्यतालाई शिक्षा क्षेत्रले आत्मसात गर्न खोजेको सन्देश दिने प्रयास बोर्ड प्रथा समाप्त गरेर सरकारले शिक्षामा समानताको नाटक गर्न खोजेको जस्तो अर्को एउटा आडम्बर हुनेछ ।

शिक्षाको स्तरीयता सुनिश्चित गर्नु र पहुँचलाई सरलीकरण सरकारका चुनौती हुन् । तर, त्यो प्रक्रियामा सरकारले के बिर्सनु हुँदैन भने शिशा अब 'अन्तर्राष्ट्रिय' मापदण्ड पनि बनेको छ, वैज्ञानिक, आर्थिक तथा अग्रगमन विविध पक्षको । मुलुकभित्रको स्तरीयतामा एकरूपता आवश्यक भएजस्तै हाम्रो शिक्षा प्रणालीमा पद्धति र पाठ्यसामग्री खासगरी विकसित मुलुकका पाठ्यक्रमसँग पनि मिल्दोजुल्दो हुनु आवश्यक छ । खासगरी प्रजातन्त्र (२०४६) पछिका र द्वन्द्वको अवस्थामा नेपालबाट उच्चशिक्षाका लागि पश्चिमी मुलुकमा विद्यार्थीहरूको स्वीकार्यता बढेको मात्र हैन, त्यहाँको मूल्यांकन पद्धतिअनुसार उनीहरूले धेरै राम्रो गरेका छन् । प्रतिस्पर्धात्मक विश्वको शिक्षा क्षेत्रमा समेत उनीहरूले आफूलाई स्थापित गरेका छन् । त्यसैले नाटकीय शैलीमा र वैकल्पिक व्यवस्था सुनिश्चित नगरी 'बोर्ड' पद्धति हटाउनु आफैंमा क्रान्ति हैन । त्यसलाई ज्यादा स्वीकार्य र विभिन्न मुलुकमा अभ्यासमा रहेको 'ग्रेडिङ' पद्धतिबाट विस्थापित गर्ने कि ? एउटा विकल्प हुनसक्छ । त्यसैले यस्तो विकल्पको खोजी गर्नु ज्यादा आवश्यक हुनेछ शिक्षामा पहुँच र सुधारको विषयसँगै । ■